# १६औं वार्षिक प्रतिवेदन
## २०७३/०७४

सिद्धार्थ बैंक

Siddhartha Bank

Bank for Your Prosperity

# सञ्चालक समिति



मनोज कुमार केडिया
अध्यक्ष
(प्रतिनिधि, प्रुडेन्सियल इन्भेष्टमेन्ट कं. प्रा. लि.)
संस्थापक समूह



नरेन्द्र कुमार अग्रवाल
सञ्चालक
संस्थापक समूह



विरेन्द्र कुमार शाह
सञ्चालक
संस्थापक समूह



दिनेश शंकर पालिखे
सञ्चालक
(प्रतिनिधि, रिन्युवल इन्भेष्टमेण्ट प्रा.लि.)
सर्वसाधारण समूह



राजेश कुमार केडिया
सञ्चालक
(प्रतिनिधि, नेपाल मल्टी नेशनल प्रा.लि.)
सर्वसाधारण समूह

कम्पनी सचिव
भोलानाथ ढुङ्गाना

लेखापरीक्षक
सुनिर कुमार ढुङ्गेल
साझेदार
निमित्त एस.ए.आर एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

SiddharthaBank

# सिद्धार्थ बैंक लिमिटेडका शेयरधनी महानुभावहरूलाई

# सोह्रौं वार्षिक साधारणसभाको सूचना

**श्री शेयरधनी महानुभावहरू,**

यस बैंकको मिति २०७४ साल फाल्गुण ८ गते (तद्अनुसार २० फेब्रुवरी २०१८) का दिन बसेको सञ्चालक समितिको २८७औं बैठकको निर्णयानुसार बैंकको सोह्रौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

१. **सभा हुने मिति, समय र स्थान**

मिति : २०७४ साल चैत्र ४ गते आइतबार (तद्अनुसार १८ मार्च २०१८)

स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौं

सभा शुरु हुने समय : विहान ११ बजे

उपस्थिति पुस्तिका विहान ९ बजे देखि नै खुल्ला राखिने छ ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक बर्ष २०७३/७४ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात र मिति २०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाव, सोही अवधीको नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.ब. २०७३/७४ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७४/७५ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री एसएआर एसोसिएटस् चार्टड एकाउण्टेण्ट पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी ६,८२,६१,१७,१५५ को १४ प्रतिशतका दरले हुने रु. ९५,५६,५६,४०२ (अक्षरेपी पञ्चानब्बे करोड छपन्न लाख छपन्न हजार चार सय दुई रुपैंया मात्र) बराबरको बोनस शेयर वितरण गर्ने । (बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली समेतका आधारमा साविकको विजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लि. संग मर्जर गरेका कारण संयुक्त कारोबार भएको दिन मिति २०७३/०३/२१ सम्म कायम भएका शेयरधनीलाई मात्र लाग्ने लाभांश करमा छुट पाउने भएकोले त्यस्तो छुट पाउने शेयरधनी बाहेक अन्यले बोनस शेयर बुझी लिंदा लाभांश कर बुझाउनु पर्नेछ ।)

२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने ।

३. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरवदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

Siddhartha Bank

# साधारणसभासम्बन्धी संक्षिप्त जानकारी

१) साधारण सभाको प्रयोजनको लागि मिति २०७४।११।२० गते एक दिनको लागि बैंकको शेयर दाखिल खारेज दर्ता बन्द गरिनेछ । सो दिन भन्दा अघि शेयर बाँडफाँड भई वा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सो दिनभन्दा अघि कारोबार भई बैंकको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भागलिन, छलफल गर्न र मतदान गर्न सक्नु हुनेछ ।

२) शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

३) संयुक्त रुपमा एक जनाभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

४) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

५) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड नक्साल, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

६) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नक्साल, काठमाण्डौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा सुरु हुनभन्दा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नक्साल, काठमाण्डौंमा नै दिनुपर्नेछ ।

७) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधिनियुक्त गरेको अवस्थामा दफा ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।

८) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदानगर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नक्साल, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

९) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनुभन्दा ७ दिन अगावै बैंकको हात्तीसार, काठमाण्डौ स्थित प्रधानकार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषयउपर छलफल गर्न सकिने छैन ।

१०) शेयर प्रमाण-पत्र वा शेयर स्टेट्मेण्ट प्राप्त गरी नसक्नु भएका शेयरधनीले यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नक्साल, काठमाण्डौबाट शेयर प्रमाण-पत्र वा आफ्नो हितग्राही खाता रहेको संस्थामा गई स्टेट्मेण्ट लिनु पर्नेछ । सभाको दिन सभा कक्षमा शेयर प्रमाण-पत्र वितरण गरिने छैन ।

११) आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण पत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता (DMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभाकक्ष भित्र प्रवेश गर्न पाईनेछ ।

१२) सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन बिहान ९:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहनेछ ।

**नोटः**

१. साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.siddharthabank.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

२. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, हात्तीसार काठमाण्डौ स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४४४२९१९/४४४२९२०) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

Siddhartha Bank

## साधारण सभामा मतदान गर्न आफ्नो प्रतिनिधि नियुक्त गर्ने निवेदन

**श्री सञ्चालक समिति**
**सिद्धार्थ बैंक लिमिटेड**
**हात्तीसार, काठमाडौँ ।**

**विषयः प्रतिनिधि नियुक्त गरेकोबारे ।**

महाशय,

............................जिल्ला.................................................म.न.पा. / न.पा. / गा.पा. वडा नं. .................. बस्ने म / हामी ..................................................... ले त्यस बैंकको शेयरधनीको हैसियतले मिति २०७४ चैत्र ४ गते आइतबारका दिन हुने सोह्रौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ........................... जिल्ला ............................... म.न.पा. / न.पा. / गा.पा. वडा नं. ............. बस्ने त्यस कम्पनीका शेयरधनी श्री ...................................................... (शेयर प्रमाणपत्र / शेयरधनी / हितग्राही नं. ...............................................) लाई मेरो / हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु / छौं ।

**निवेदक**
दस्तखत:
नाम:
ठेगाना:
शेयर प्रमाण पत्र / शेयरधनी / हितग्राही नं.
कित्ता नं. ......... देखि ............ सम्म
जम्मा शेयर संख्या:
मिति:

**द्रष्टव्य** : यो निवेदन साधारणसभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड बबरमहल, काठमाडौंमा पेश गरी सक्नुपर्नेछ ।

---

## प्रवेश पत्र

शेयरधनीको नाम: श्री..................................................................
शेयर प्रमाणपत्र नं. / शेयरधनी / हितग्राही नं. : ............... शेयर संख्या: .............

**सिद्धार्थ बैंक लिमिटेडको सोह्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र**

........................... ..........................
शेयरधनीको हस्ताक्षर कम्पनी सचिव

(सभामा भाग लिन आउँदा यो प्रवेश-पत्रमा नाम, दस्तखत, शेयरको प्र.प.नं. / शेयरधनी नं. तथा कुल शेयर संख्या उल्लेख गरी साथै लिई आउनु अनिवार्य छ ।)

Branch Network 100

# 15 Glorious Years of Operation

Balance Sheet Size Rs. 100 Billion

## Major Growth Milestones













| Key Financial Indicators as on Magh end 2074: | |
|---|---|
| Capital Adequacy Ratio | 12.38% |
| NPA to Total Loan | 1.50% |
| CCD Ratio | 78.67% |
| Liquidity Ratio | 20.51% |
| Earnings per Share (annualized) | 24.35 |

Established with a vision to be financially sound, operationally efficient and to keep abreast with technological developments, Siddhartha Bank today has successfully positioned itself as a dependable financial partner for the prosperity of all its stakeholders.

**Today, on reaching the milestone of 100 branches, we extend our sincere gratitude to our customers, regulators, shareholders and all other stakeholders for helping us grow and we assure that we would be continuously striving to create more fulfilling experiences in the days to come.**

**Siddhartha**Bank

Bank for Your Prosperity

# वित्तीय झलकहरु

## निक्षेप मिश्रण




## कर्जा मिश्रण




## कोषका श्रोतहरु




## कोषको उपयोग




# विषय सूची


| | |
|---|---|
| सोह्रौं वार्षिक साधारणसभाको सूचना | १ |
| साधारणसभासम्बन्धी संक्षिप्त जानकारी | २ |
| बैंक सञ्चालक समितिका अध्यक्षज्यूको सन्देश | ६ |
| सञ्चालक समितिको वार्षिक प्रतिवेदन | ७ |
| एकीकृत लेखापरीक्षकको प्रतिवेदन | १६ |
| एकीकृत वासलात | १८ |
| एकीकृत नाफा नोक्सान | १९ |
| एकीकृत नाफा नोक्सान बाँडफाँड हिसाब | २० |
| एकीकृत नगद प्रवाह विवरण | २१ |
| लेखापरीक्षकको प्रतिवेदन | २२ |
| वासलात | २४ |
| नाफा नोक्सान हिसाब | २५ |
| नाफा नोक्सान बाँडफाँड हिसाब | २६ |
| इक्वीटीमा भएको परिवर्तनसम्बन्धी विवरण | २७ |
| नगद प्रवाह विवरण | २८ |
| अनुसूचीहरू | २९ |
| प्रमुख लेखा नीतिहरू | ५७ |
| लेखासम्बन्धी टिप्पणीहरू | ६१ |
| Basel III सम्बन्धी विवरण | ६९ |
| नेपाल राष्ट्र बैंकको निर्देशन | ७९ |
| टिपोट | ८४ |

**Siddhartha Bank**

## सिद्धार्थ बैंक लिमिटेडको सोह्रौं वार्षिक साधारणसभामा
## बैंक संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाको सन्देश

**आदरणीय शेयरधनीमहानुभावहरू**

यस सिद्धार्थ बैंकको सोह्रौं बार्षिक साधारण सभामा उपस्थित आदरणीय सेयरधनी महानुभावहरु, बैंकमा कार्यरत कर्मचारीहरु, यस सभामा हाम्रो निमन्त्रणा स्विकार गरी पाल्नु भएका नियमनकारी निकायका प्रतिनिधिहरु, बैंकका वाह्य लेखापरिक्षक एवं उपस्थित समस्त महानुभावहरुलाई सर्वप्रथम त सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत गर्न चाहन्छु । बैंकले गत आर्थिक वर्षमा र चालु आ.व.को हालसम्म गरेको कार्यहरु समेत विस्तृत वित्तीय विवरणहरु संचालक समितिको प्रतिवेदनमा समावेश गरिएको हुँदा संक्षेपमा आफ्नो मन्तव्य राख्न चाहन्छु ।

बैंकले आफ्नो स्थापनाकालको १६ वर्ष पार गरेको छ । तपाईं सम्पूर्ण शेयरधनी महानुभावहरुको निरन्तरको साथ, सहयोग एवं योगदानका कारण आज सिद्धार्थ बैंक बैकिङ्ग उद्योगको एउटा प्रतिष्ठित एवं भरपर्दो संस्थाको रुपमा चिनिन सफल भएको छ । यसका लागि संचालक समितिकोतर्फबाट यहाँहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । सम्पूर्ण शेयरधनी महानुभावहरुको विश्वास, ग्राहकहरुको साथ र सहयोग, बैंकको उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरुको मेहनत एवं परिश्रम तथा नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायहरुबाट प्राप्त मार्गनिर्देशन समेतले गर्दा नै आज सिद्धार्थ बैंक एउटा सबल र समृद्ध संस्थाको रुपमा स्थापित भएको छ ।

समग्रमा आ.व. २०७३/७४ पनि बैंकहरुको लागि त्यती अनुकुलको वर्षको रुपमा रहन सकेन । आर्थिक वर्षको शुरुवातमा केही सहज देखिएको तरलताको अवस्थामा आर्थिक वर्षको आधाआधी देखिनै प्रतिकुलता देखापर्‍यो । छोटो छोटो समयमा देखिने तरलताको उत्तरचढावको समस्या मुख्य चुनौतीको रुपमा रहि आएको छ ।

तथापि चालु आ.व.मा संघीय सभा, प्रदेश सभा तथा स्थानीय निकायको चुनाव सफलता साथ सम्पन्न भएसँगै मुलुक प्रादेशिक संरचनामा प्रवेश गरिसकेको अवस्थामा अब राजनीतिक स्थायित्व भई देशले आर्थिक विकासको बाटो समात्ने अपेक्षा गर्न सकिन्छ ।

विविध चुनौतिका बावजुद पनि बैंकले विभिन्न प्रकारका बचत, चल्ती खाताहरुका साथै मुद्दती खातामा सावधानी पूर्वक निक्षेप बृद्धि एवं सन्तुलन कायम राख्दै तरलता व्यवस्थापन गर्दै आएको छ भने अर्कोतर्फ बैंकले नेपाल राष्ट्र बैंकले तोकेको मार्गनिर्देशलाई समेत मध्यनजर गर्दै उत्पादनमुलक क्षेत्रहरु, जलश्रोत, उद्योग कलकारखाना, पर्यटन तथा होटल, साना तथा मझौला उद्यम व्यवसाय, व्यापार लगायत सबै क्षेत्रमा सन्तुलित रुपमा लगानी बिस्तार गर्दै सन्तुलित बैकिङ्ग व्यवसाय गर्दै आइरहेको छ ।

बैंकले नेपाल राष्ट्र बैंकले तोकेबमोजिमको पूँजी पुऱ्याउनमा कुनै असहजता नहोस भन्ने हेतुले गत २०७४ असार १८ गते सम्पन्न विशेष साधारण सभाबाट चुक्ता पूँजी रु ६.८२ अर्बको १०:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय गरेको थियो । उक्त हकप्रद शेयर सम्पूर्ण प्रक्रिया पुरा गरी शेयरधनी महानुभावहरुको लागि यही मिति २०७४ फाल्गुण २ गतेदेखि सार्वजनिक निष्काशन भईरहेको छ । त्यसैगरी सोही चुक्ता पूँजी रु ६.८२ अर्बलाई आधार मानी गत आ.व. २०७३।०७४ को मुनाफा तथा सञ्चित रकम समेतबाट १४ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव यसै साधारण सभा समक्ष स्वीकृतिको लागि पेश गरिएको छ । यसरी बैंकको कुल चुक्ता पूँजी रु ८.४६ अर्ब हुनेछ । यसबाट बैंकले नियमन निकायले तोकेको न्युनतम मापदण्ड भन्दा बढी चुक्ता पूँजी कायम गर्न सफल भएको छ । यसबाट बैंक पूँजीगत रुपमा अझ सबल र सक्षम भएको छ ।

बैंकले आ.व. २०७३/७४ मा हासिल गरेको प्रगती र चालु आ.व.को प्रक्षेपित नाफाको सम्बन्धमा छोटकरीमा जानकारी गराउन चाहन्छु । समीक्षा अवधीमा बैंकको निक्षेप रु. ६४.९३ अर्बबाट वृद्धि गरी रु. ७७.३१ अर्ब पुऱ्याउन सक्षम भएको थियो, जुन गत आर्थिक वर्षको तुलनामा १९ प्रतिशतको वृद्धि हो । त्यस्तै कर्जा रु. ५६.५० अर्बबाट रु. ६७.२६ अर्ब पुऱ्याई १९ प्रतिशतको वृद्धि हासिल गर्न सक्षम भएको थियो भने सोही अवधिमा बैंकको खुद नाफा रु. १.२५ अर्बबाट वृद्धि भई रु. १.३८ अर्ब पुगेको थियो, जुन गत आर्थिक वर्षको तुलनामा १० प्रतिशतको वृद्धि हो । तरलताको प्रतिकुल अवस्थामा पनि बैंकले गरेको यो प्रगतीलाई सन्तोषजनक मान्नु पर्दछ । माघ मसान्तमा बैंकको निक्षेप रु. ८७.०५ अर्ब र कर्जा रु. ७८.५६ अर्ब रहेको छ ।

चालु आ.व.को शुरु एक/दुई महिना केही सहज भई समस्याको पुरा समाधान हुन नपाउँदै हाल बैंकिङ्ग क्षेत्रमा तरलताको अवस्था झन गम्भीर बनेको छ र कति अवधीसम्म यस्तो रहन्छ भन्ने प्रष्ट अनुमान गर्नमा समेत अप्ठेरो अवस्था छ । यस्तो अवस्थामा व्याजदरमा देखिएको तीव्र उतार चढावले बैंकको व्यवसायलाई समेत प्रभाव पार्न थालेको छ । यसका बावजुद पनि बैंकले चालु आर्थिक वर्षको लागि रु २ अर्ब ६४ करोडको संचालन मुनाफा (नोक्सानी व्यवस्था अघि) हासिल गर्ने लक्ष लिएको छ । लक्ष अनुरुप अघि बढ्ने क्रममा चालु आ.व.को पौष मसान्तसम्ममा रु १ अर्ब ३१ करोडको संचालन मुनाफा (नोक्सानी व्यवस्था अघि) हासिल गरेको छ ।

अर्कोतर्फ बैंकले प्रविधिको बढ्दो विकास सँगै नगदमा आधारित भुक्तानी तथा कारोबारलाई क्रमशः प्रविधिका विभिन्न माध्यमबाट कारोबार गर्ने प्रणाली विकास, सुधार र परिमार्जन गर्नमा बैकिङ्ग क्षेत्रमा नै अनुकरणीय कार्य गर्दै आइरहेको जानकारी गराउँदै सोलाई भविष्यमा समेत निरन्तरता दिने व्यहोरा म आदरणीय शेयरधनी महानुभावहरु समक्ष राख्न चाहन्छु ।

त्यस्तै बैंकले सदा झै संस्थागत सुशासन तथा संस्थागत सामाजिक उत्तरदायित्वलाई उच्च प्राथमिकतामा राख्दै आएको छ र भविष्यमा समेत यसलाई अझ सुदृढ पार्दै निरन्तरता दिने व्यहोरा समेत म आदरणीय शेयरधनी महानुभावहरुलाई जानकारी गराउँछु ।

शहरदेखि गाउँसम्म, सुदुरपूर्व देखि सुदुर पश्चिमका हिमाली, पहाडी र तराई सबै क्षेत्रका जनतासमक्ष बैंकको पहुँच विस्तार गर्नका लागि बैंकले क्रमशः शाखा सञ्जालहरु बढाउँदै लगेको छ । यसो गर्दा बैंकले केवल शाखा स्थापनाको लागि शाखा खोल्ने मात्र कार्य गरेको छैन सम्बन्धित क्षेत्रको व्यवसायिक सम्भाव्यता र बैंकले गर्न सक्ने योगदानलाई समेत ध्यान दिएको छ । समीक्षा अवधिमा बैंकले ११ स्थानमा शाखा बिस्तार गरेको थियो भने चालु आ.व. को माघ मसान्तसम्ममा थप २४ वटा नयाँ शाखा विस्तार गरिसकेको छ भने सोही अवधिमा एउटा एक्टेन्सन काउन्टर समेत थप गरी चालु आ.व. को माघ मसान्तसम्ममा बैंकले तीन एक्स्टेन्सन काउण्टर सहित ९७ वटा शाखा सञ्चालनमा ल्याउन सफल भएको छ भने केही दिन भित्र थप ३ वटा शाखा खुल्ने छन्, जसबाट बैंकको शाखा सञ्जाल १०० पुग्नेछ ।

यसरी बैंकले प्राप्त गरेका विभिन्न उपलब्धीहरु बैंक संचालक समिति र व्यवस्थापनको प्रयास मात्रैले हासिल गर्न बैंक सफल भएको पक्कै पनि होइन । शेयरधनी तथा ग्राहक बर्गको पूर्ण साथ, सहयोग र विश्वास, कर्मचारीहरुको अथक मेहनत, नियामक निकायहरुको मार्गदर्शन र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहयोगले गर्दा नै बैंक यस अवस्थामा आउन सफल भएको हो । यसका लागि म यहाँहरु सबै प्रति हार्दिक कृतज्ञता जाहेर गर्दछु र भविष्यमा समेत यहाँहरु सबै बाट सदा झैं सहयोग, सद्भाव, विश्वास र मार्गदर्शन प्राप्त हुने आशा एवं विश्वास लिएको छु । बैंकको संचालक समितिको विस्तृत प्रतिवेदन यहाँहरुको हातहातमा रहेको हुँदा सो को अध्ययन गरी आवश्यक सुझाव प्रदान गरिदिनु हुन म यहाँहरु समक्ष अनुरोध गर्दछु ।

मनोज कुमार केडिया
अध्यक्ष
संचालक समिति
मितिः २०७४।११।८

# सिद्धार्थ बैंक लिमिटेड
# सञ्चालक समितिको वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु**

बैंकले आफ्नो स्थापना कालको १६ वर्ष पार गरेको पूर्व सन्ध्यामा तपाईं सम्पूर्ण शेयरधनी महानुभावहरुको निरन्तरको साथ, सहयोग एवं योगदानका कारण आज सिद्धार्थ बैंक, बैंकिङ्ग उद्योगको एउटा प्रतिष्ठित एवं भरपर्दो संस्थाको रुपमा स्थापित हुन सफल भएको छ । यसका लागि संचालक समिति यहाँहरु समक्ष हार्दिक आभार व्यक्त गर्दै सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यस १६औं वार्षिक साधारण सभामा यहाँहरुलाई हार्दिक स्वागत गर्दछ । आर्थिक बर्ष २०७३/७४ मा बैंकले गरेका प्रगतीहरु, उपलब्धिहरु, संचालनमा देखिएका चुनौतीहरु एवं भविष्यका अल्पकालीन तथा दीर्घकालीन योजनाहरु र समग्र बैंकिङ्ग कार्यको समीक्षा तथा पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को अधीनमा रही तयार गरिएको यो प्रतिवेदन संचालक समितिको तर्फबाट बैंकको १६औं वार्षिक साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. राष्ट्रिय तथा अन्तराष्ट्रिय आर्थिक परिदृश्य**

बैंकले आ.व. २०७३।०७४ मा गरेका मुख्य कार्यहरु एवं प्राप्त गरेका उपलब्धीहरु, चालु आ.व.को हालसम्म भएका मुलभूत कार्यहरु, आगामी दिनका चुनौतीहरु एवं बैंकको समग्र आर्थिक अवस्थाका बारेमा उल्लेख गर्नुभन्दा अघि प्रारम्भमा राष्ट्रिय अन्तर्राष्ट्रिय आर्थिक परिस्थितिको पछिल्लो अवस्थाका बारेमा संक्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु ।

**(क) विश्व अर्थतन्त्र**

सन् २०१६ मा विश्व अर्थतन्त्र ३.१ प्रतिशतले वृद्धि भएकोमा सन् २०१७ मा ३.५ प्रतिशत र सन् २०१८ मा ३.६ प्रतिशतले वृद्धि हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ । विकसित राष्ट्रहरुको अर्थतन्त्र सन् २०१६ मा १.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०१७ र सन् २०१८ मा २.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ । विश्व आर्थिक वृद्धिदरमा आएको सुधारबाट नेपाल लगायतका अल्पविकसित मुलुकहरुमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । तथापि, न्यून उत्पादकत्व वृद्धि एवम् विकसित मुलुकहरुको स्वदेश लक्षित विकास नीतिले उदीयमान तथा अल्पविकसित मुलुकहरुलाई असर पर्नसक्ने आकलन समेत गरिएको छ । विकसित मुलुकहरुको मुद्रास्फीति दर सन् २०१७ मा २.० प्रतिशत र सन् २०१८ मा १.९ प्रतिशत रहने मुद्राकोषको प्रक्षेपण छ । सन् २०१६ मा भने यस्तो मुद्रास्फीति दर ०.८ प्रतिशत मात्र रहेको थियो । *(नेपाल राष्ट्र बैंकको आ.व. २०७४/७५को मौद्रिक नीतिमा आधारित)*

**(ख) देशको अर्थतन्त्र**

आर्थिक वर्ष २०७४/७५ को पहिलो छ महिनासम्ममा उपलब्ध आर्थिक परिसूचकहरुले नेपाली अर्थतन्त्रको मिश्रित प्रगति देखाएका छन् । गैर कृषि क्षेत्रको आर्थिक गतिविधिहरुमा अपेक्षाकृत विस्तार भइरहेको छ भने कृषि क्षेत्रको उत्पादन अपेक्षा गरे भन्दा केही कम रहने देखिन्छ । उर्जा उत्पादनमा भइरहेको क्रमिक वृद्धि, आपूर्ति अवस्थामा सुधार र निर्माण क्षेत्रमा आएको तिब्रताले गैर कृषि क्षेत्र विस्तारको गति कायम राख्न सहयोग पुचाइरहेका छन् । बाढीले भू-क्षेत्र कटान गरेका कारण धानको उत्पादनमा केही ह्रास आएको भएतापनि पर्याप्त वर्षाका कारण मकैको उत्पादनमा भने उल्लेख्य वृद्धि भएको छ । तसर्थ, आर्थिक वर्ष २०७४/७५ मा समग्र आर्थिक वृद्धिदर सन्तोषप्रद रहने देखिन्छ । हालसम्म उपभोक्ता मुद्रास्फीति न्यून नै रहेता पनि कृषिजन्य वस्तुहरुको मूल्यमा हुने उतार चढाव र निर्माण सामाग्री तथा पेट्रोलियम पदार्थको मूल्य प्रवृत्तिले मुद्रास्फीतिको आगामी परिदृष्य निर्धारण गर्ने देखिन्छ । आपूर्ति अवस्था सुदृढ रहेको र सम्भावित मुद्रास्फीतितर्फ विश्वव्यापी रुपमै ध्यान केन्द्रित भएकोले वार्षिक औसत उपभोक्ता मुद्रास्फीति लक्षित ७ प्रतिशतको सीमा भित्रै रहने अपेक्षा छ ।

बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जाको विस्तार निक्षेप वृद्धिको तुलनामा उच्च रहदैं आएको छ । विप्रेषण आप्रवाहमा आएको कमीको कारण निक्षेप वृद्धि सामान्य रहने देखिएको छ । निक्षेप परिचालनको अवस्थालाई दृष्टिगत गरी कर्जा प्रवाह गरिएमा हाल देखिएको वित्तीय असन्तुलन आगामी दिनमा सुधार आउने छ । वाह्य क्षेत्रतर्फ, चालू आर्थिक वर्षको पहिलो छ महिनामा आयातमा उच्च वृद्धि भएको एवम् विप्रेषण आप्रवाहमा केही कमी आएकोले चालू खाता घाटामा वृद्धि भई रु. ७५ अर्ब ७१ करोड पुगेको छ । फलस्वरुप, मुलुकको समग्र शोधनान्तर रु. ६ अर्ब ६६ करोडले घाटामा गएको छ । तथापि, देशको वैदेशिक मुद्रा संचिति १०.६ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने गरी सुविधाजनक अवस्थामा रहेकाले वाह्य क्षेत्र स्थायित्व सबल अवस्थामै रहेको छ। *(नेपाल राष्ट्र बैंकबाट प्रकाशित आ.व. २०७४/७५ को छ महिनाको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति सम्बन्धी प्रतिवेदनमा आधारित)*

**(ग) वित्तीय क्षेत्रको अवस्था**

आर्थिक वर्ष २०७४/७५ को पहिलो छ महिनासम्ममा कुल आन्तरिक कर्जा ७.० प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ६.० प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७४ पुस मसान्तमा यस्तो कर्जा २१.७ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ११.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी १२.६ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी २०७४ पुस मसान्तमा १७.३ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ६.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ७.२ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७४ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १३.७ प्रतिशतले बढेको छ ।

२०७४ पुसमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ति, बचत र मुद्दतीको अंश क्रमश: ८.४ प्रतिशत, ३६.४ प्रतिशत र ४२.८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो अंश क्रमश: ८.२ प्रतिशत, ४२.१ प्रतिशत र ३२.८ प्रतिशत रहेको थियो । २०७४ पुसमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४४.३ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो निक्षेपको अंश ४७.६ प्रतिशत रहेको थियो।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ११.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १२.९ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये समीक्षा अवधिमा वाणिज्य बैंकहरुको कर्जा प्रवाह ११.५ प्रतिशत, विकास बैंकहरुको १६.६ प्रतिशत र वित्त कम्पनीहरुको ४.२ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०७४ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १७.२ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६१.३ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.५ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमश: ६०.६ प्रतिशत र १४.३ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित ट्रष्ट रिसिट (आयात) कर्जा ५०.५ प्रतिशत (रु.३२ अर्ब ६१ करोड) ले वृद्धि भई रु. ९७ अर्ब १४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ६.४ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित हायर पर्चेज कर्जा ७.० प्रतिशतले तथा ओभरड्राफ्ट कर्जा ९.६ प्रतिशतले बढेको छ। त्यसैगरी, समीक्षा अवधिमा रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ९.५ प्रतिशतले बढेको छ । *(नेपाल राष्ट्र बैंकबाट प्रकाशित आ.व. २०७४/७५ को छ महिनाको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति सम्बन्धी प्रतिवेदनमा आधारित)*

**२. बैंकको आर्थिक वर्ष २०७३/७४ को कारोवारको सिंहावलोकन**

बैंकको आर्थिक वर्ष २०७३/०७४ मा बैंकले आफ्नो पूँजी, व्यवसाय लगायत समग्र क्षेत्रमा उल्लेख्य प्रगति गरेको छ । गत दुई आर्थिक वर्षहरुको प्रमुख आर्थिक सूचकांकहरुबाट पनि बैंकको अवस्था सहजै बुझ्न सकिन्छ ।

रु. करोडमा

| क.स. | विवरण | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | चुक्ता पूँजी | ४४९.६१ | ७५८.४५* | ६९ |
| २ | कुल निक्षेप | ६,४९३.४४ | ७,७३१.७६ | १९ |
| ३ | कुल कर्जा | ५,६५०.७७ | ६,७२६.३३ | १९ |
| ४ | कुल लगानी | १,०७७.४२ | १,१८१.७१ | १० |
| ५ | खुद नाफा | १२५.४९ | १३८.६२ | १० |

*प्रस्तावित बोनस शेयर समावेश गरिएको । हाल जारी भईरहेको १० प्रतिशत पश्चात कुल चुक्ता पूँजी रु ८.४६ अर्ब पुग्ने ।

बैंकले गत वर्ष गरेका मुलभुत कारोबार एवं अन्य क्रियाकलापहरुको विवरण देहाय अनुसार विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**(क) पूँजी**

समीक्षा अवधिमा बैंकको चुक्ता पूँजी रु.४.४९ अर्बबाट वृद्धि भई रु. ६ अर्ब ८२ करोड ६१ लाख १७ हजार १ सय ५५ पुगेको छ । नेपाल राष्ट्र बैंकले तोकेको न्युनतम चुक्ता पूँजी रु ८ अर्ब पुऱ्याउनमा अलिकति पनि असहजता नहोस भनी बैंकले आफैं सचेत (Proactive) भई गत २०७४ असार १८ गते सम्पन्न विशेष साधारण सभाबाट उपरोक्त चुक्ता पूँजीको आधारमा १०:१ को अनुपातमा रु १०० दरको रु ६८,२६,११७११९ कित्ता हकप्रद शेयर जारी गर्ने निर्णय गरेको थियो । उक्त हकप्रद शेयर निष्काशनको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृतिसमेत प्राप्त भई उक्त शेयरहरु शेयरधनी महानुभावहरुको लागि यही मिति २०७४ फाल्गुण २ गतेदेखि सार्वजनिक निष्काशन शुरु भै सकेको छ ।

त्यसैगरी सोही चुक्ता पूँजी रु ६.८२ अर्बलाई आधार मानी गत आ.व. २०७३।०७४ को मुनाफा तथा संचित रकम समेतबाट बैंकले रु ९५ करोड ५६ लाख ५६ हजार ४ सय २ बराबरको अर्थात १४ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव यसै साधारण सभा समक्ष स्वीकृतिको लागि पेश गरेको छ । यसरी हाल जारी हुनेक्रममा रहेको हकप्रद एवं प्रस्तावित बोनस समेत गरी बैंकको कुल चुक्ता पूँजी रु ८.४६ अर्ब हुनेछ । यसबाट बैंकले नियमन निकायले तोकेको न्युनतम मापदण्ड भन्दा बढी चुक्ता पूँजी कायम गर्न सफल भएको छ । यसबाट बैंक पूँजीगत रुपमा अझ सबल र सक्षम भएको छ ।

**(ख) निक्षेप**

समीक्षा अवधीमा बैंकको निक्षेप रु. ६४.९३ अर्बबाट वृद्धि भई रु. ७७.३१ अर्ब पुगेको छ, जुन गत आर्थिक वर्षको तुलनामा १९ प्रतिशतको वृद्धि हो । बैंकले समीक्षा अवधिमा संचालनमा ल्याएका विभिन्न आकर्षक निक्षेप योजनाहरु एवं ग्राहकहरुले बैंकप्रति देखाउनु भएको दह्रो विश्वासको प्रतिफल स्वरुप बैंकले निक्षेपमा १९ प्रतिशतको वृद्धि गर्न सफल भएको हो । गत आ.व. मा बैंकले सिद्धार्थ स्वर्णिम बचत, सिद्धार्थ मेरो शेयर खाता नामक नयाँ निक्षेप योजनाहरु संचालनमा ल्याएको थियो । त्यस्तै निक्षेप केन्द्रीत भई हाल बैंकले सिद्धार्थ प्लाटिनम बचत खाता समेत संचालनमा ल्याएको छ । ग्राहक मैत्री यस प्रकारका बचत खाताहरु मार्फत बैंकको निक्षेपमा उल्लेख्य वृद्धि हुनेछ भन्ने बैंकले विश्वास लिएको छ । यस बाहेक साविक देखि संचालनमा रहेका बिभिन्न योजनाहरु प्रभावकारी रुपमा अघि बढि रहेका छन् ।




**(ग) कर्जा**

समीक्षा अवधिमा बैंकको कर्जा रु. ५६.५० अर्बबाट वृद्धि भई रु. ६७.२६ अर्ब पुगेको छ, जुन गत आर्थिक वर्षको तुलनामा १९ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा बैंकले भईरहेका कर्जा सेवाका अतिरिक्त लघु तथा विपन्न वर्ग कर्जालाई यथेष्ट स्थान दिने रणनीति अनुरुप छुट्टै लघु बैंकिङ्ग विभाग (Micro Banking Department) नै स्थापना गरेको छ । जस अन्तगर्त सिद्धार्थ सरल लघु कर्जा, सिद्धार्थ सरल कृषि कर्जा, सिद्धार्थ रिक्सा कर्जा जस्ता नयाँ प्रोडक्टहरु संचालनमा ल्याएको छ । त्यस्तै साना एवं मझौला उद्यमी व्यवसायीलाई लक्षित गरी बैंकले सिद्धार्थ सजिलो व्यवसाय कर्जा समेत संचालनमा ल्याएको छ ।

सो बाहेक ठुला परियोजना, कर्पोरेट कर्जा, अन्य साना तथा मझौला व्यवसाय कर्जा, घर कर्जा, सवारी साधन कर्जा, क्रेडिट कार्डलगायतका विभिन्न प्रकारका उपभोक्ता कर्जाका योजनाहरु समेत यथावतरुपमा प्रभावकारी ढङ्गले निरन्तर संचालनमा रहेका छन् । यसरी बैंकले लघु उद्यम तथा व्यवसाय देखि ठुला ठुला परियोजनाका लागि आवश्यक पर्ने कर्जासम्म सबै वर्ग, समुदाय एवं परियोजना लक्षित कर्जा सेवा प्रदान गरिरहेको छ । यसका अलावा प्रतीत पत्र, ग्यारेन्टि, बिल्स पर्चेज लगायतका गैर कोषमा आधारित विभिन्न सुविधा समेत प्रदान गर्दै आएको छ ।

यसरी सिद्धार्थ बैंक विपन्न वर्गको लागि लघु उद्यम व्यवसायदेखि ठुला उद्यम व्यवसायीसम्म सबैको कर्जा आवश्यकता परिपुर्ति गर्ने तथा “एकै छातामुनि सम्पूर्ण बैंकिङ सेवा” प्रदान गर्ने एउटा भरपर्दो बैंकको रुपमा उभिएको छ ।

**(घ) लगानी**

बैंकको व्यवसायलाई विविधिकरण गर्ने क्रममा बैंकले शुरुदेखि नै विभिन्न लगानीका अवसरहरुलाई समेत सदुपयोग गर्दै आय आर्जन गर्दै आईरहेको छ । समीक्षा अवधिमा बैंकको लगानी रु. १०.७७ अर्बबाट वृद्धि भई रु. ११.८१ अर्ब पुगेको छ, जुन गत आर्थिक वर्षको तुलनामा करिब १० प्रतिशतको वृद्धि हो । यस वर्ष बैंकले आफ्नो निक्षेप तथा लगानीको उचित व्यवस्थापनका लागि विगतमा लगानी गरेका क्षेत्र बाहेक थप नाफामूलक क्षेत्रको पहिचान गरी आफ्नो लगानी बढाउने रणनीति अवलम्बन गरेको छ । उक्त रणनीति अनुसार बैंकको लगानीको दायरा फराकिलो भई जोखिम कम हुने तथा मुनाफामा समेत अपेक्षित वृद्धि हुने बिश्वास बैंकले लिएको छ ।

रणनीतिक रुपमा दिर्घकालीलन फाईदाका दृष्टिले लगानी विविधीकरण अन्तर्गत बैंकले विभिन्न क्षेत्रमा संस्थापक शेयरहरुमा समेत लगानी गर्दै आएको छ । बैंकले केही लगानीको रुपमा सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेडमा रु.३,२८,२०,०००/- तथा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा रु.२६,४०,००,०००/- को लगानी गरेको छ । सो लगानी उक्त संस्थाहरुको चुक्ता पूँजीको क्रमश: १५ प्रतिशत एवं १३ प्रतिशत हो । त्यस्तै सहायक कम्पनीमा रहेको सिद्धार्थ क्यापिटल लिमिटेडमा बैंकको ५१ प्रतिशत लगानी रहेको छ, उक्त कम्पनीको हाल चुक्ता पूँजी रु २० करोड रहेको छ ।






**(ङ) कुल सम्पत्ति**

समीक्षा अवधिमा बैंकको कुल सम्पत्ति रु. ७४.४० अर्ब बाट वृद्धि भई रु. ८९.९० अर्ब पुगेको छ, जुन गत आर्थिक वर्षको तुलनामा करिब २१ प्रतिशतको वृद्धि हो।

**(च) ब्याज आम्दानी**

समीक्षा अवधिमा बैंकको कुल व्याज आम्दानी रु. ४.११ अर्ब बाट वृद्धि भई रु. ६.६५ अर्ब पुगेको छ, जुन गत आर्थिक वर्षको तूलनामा करिब ६२ प्रतिशतको वृद्धि हो । त्यस्तै समीक्षा अवधिमा व्याज खर्च रु. २ अर्बबाट वृद्धि भई करिब रु. ४ अर्ब पुगेको छ । यसरी समीक्षा अवधिमा व्याज आम्दानी ६२ प्रतिशतले बढ्दा व्याज खर्च भने झण्डै दोब्बरले बढ्न गएको हुँदा खुद व्याज आम्दानी २५ प्रतिशतले बढेको छ । यद्यपी बैंकको मुल आम्दानीको रुपमा रहेको व्याज आम्दानीलाई भविष्यमा वृद्धि गर्दै लैजाने रणनीति तर्जुमा गरेको छ ।



**(छ) कमिशन तथा अन्य आम्दानी**

समीक्षा अवधिमा बैंकको कमिशन तथा अन्य आम्दानी रु. ४९ करोडबाट वृद्धि भई रु. ५५ करोड पुगेको छ, जुन गत आर्थिक वर्षको तुलनामा १२ प्रतिशतको वृद्धि हो ।

**(ज) खुद नाफा**

समीक्षा अवधिमा बैंकको खुद नाफा रु. १.२५ अर्बबाट वृद्धि भई रु. १.३८ अर्ब पुगेको छ, जुन गत आर्थिक वर्षको तुलनामा १० प्रतिशतको वृद्धि हो । गत वर्षको मध्यावधी देखि बैंकिङ्ग क्षेत्रमा देखा परेको अनपेक्षित एवं लामो समयको तरलता संकटका कारण निक्षेपको व्याजदरमा अस्वाभिक उतार चढाव देखिएकोले बैंकको ब्याज खर्च बढ्न गई नाफाको वृद्धिदर केही कमी देखिन गएको हो । भविष्यमा खर्चहरुमा अधिकतम मितव्ययिता कायम गरी खुद नाफा अझ वृद्धि गर्दै लैजाने र बैंकको समग्र सम्वृद्धिको साथै आफ्ना आदरणीय शेयरहोल्डरहरु, कर्मचारीहरु तथा सम्बन्धित सबै पक्षको हित वृद्धि गर्नेतर्फ बैंक कटिबद्ध रहेको व्यहोरा शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्दछौं ।



**(झ) नेट वर्थ प्रति शेयर**

समीक्षा अवधिमा नेट वर्थ प्रति शेयर रु १३०.२८ रहेको छ, जुन गत आर्थिक वर्षमा रु.२०६.५४ थियो । नियमनकारी निकायको व्यवस्था अनुरुपको पूँजी वृद्धिका लागि हकप्रद शेयर जारी गर्नु परेको र सोही हकप्रद शेयरका कारण शेयरसंख्यामा बृद्धि हुँदा बैंकको नेटवर्थ प्रति शेयरमा कमि देखिन गएको हो ।

**(ञ) प्रति शेयर आम्दानी**

समीक्षा अवधिमा प्रति शेयर आम्दानी रु १८.८२ रहेको छ, जुन गत आर्थिक वर्षमा रु.४१.५३ थियो । नियमनकारी निकायको नीतिगत व्यवस्था अनुसार छोटो समयमा बैंकको चुक्ता पूँजीमा जुन अनुपातमा वृद्धि भएको छ सो अनुपातमा बैंकको मुनाफामा स्वाभाविक रुपमा बृद्धि हुन सकेको छैन । जसका कारण बैंकको प्रति शेयर आम्दानीमा कमी देखिन गएको छ ।




**(ट) सम्पत्तिको गुणस्तर**

समीक्षा अवधिमा बैंकको निष्कृय कर्जा/कुल कर्जा अनुपातमा १.३०% रहेको छ, जुन गत आर्थिक वर्षमा १.४७% थियो । बैंकले निष्कृय कर्जा वापत पर्याप्त मात्रामा जोखिम व्यवस्था गर्नुका साथै निष्कृय कर्जाको असुलीको लागि बैंकले सक्रियरुपमा कार्य गरिरहेको छ । तसर्थ यसबाट बैंक पूर्णरुपमा जोखिम मुक्त रहेको छ । आगामी दिनमा निष्कृय कर्जालाई अझै कमी ल्याउने गरी बैंकले कार्य गरिरहेको छ ।




**(ठ) कर्जा अपलेखन**

समीक्षा अवधिमा बैंकले रु. ७,३४,६८,७१५/- साँवा, रु. ६,३७,५७,२९०/- व्याज समेत गरी जम्मा रु. १३,७२,२६,००५/- बराबरको कर्जा अपलेखन गरेको छ । बैंकले गत २०७३ असारमा साविक बिजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लि. संग मर्जर गरेको र सो संस्थामा साविकको युनिभर्सल फाईनान्स कम्पनी लि. देखिको केही कर्जाहरु लामो समयदेखि खराब कर्जाकोरुपमा रहेको थियो। त्यस्ता कर्जाहरुको असुलीको लागि बैंकले प्रयास गर्दा गर्दै पनि केही कानुनी झमेलाका कारण समय लाग्ने देखिएको परिप्रेक्षमा कर्जा असुलीको प्रयास यथावत राख्दै बैंकको कर्जा अपलेखन नियमावली अनुसार अपलेखन गर्नु पर्ने देखिएकाले अपलेखनको अंकमा केही बढी देखिएको हो । अपलेखन गरिएका कर्जाहरु सबैको बैंकले नियमअनुसार निष्कृय कर्जा वापतको व्यवस्था गरेको हुँदा यसबाट बैंक पूर्णरुपमा जोखिममुक्त रहेको छ । अपलेखन गरिएका कर्जाहरुको असुलीको लागि समेत बैंक निरन्तर लागि परिरहेको छ ।

**(ड) शेयर संरचना**

यस बैंकको कुल चुक्ता पूँजीमा ५१ प्रतिशत संस्थापक शेयरधनीहरुको हिस्सा रहेको छ भने ४९ प्रतिशत सर्वसाधारण सेयरधनीहरुको हिस्सा रहेको छ । यस आ.व.को पौष मसान्त सम्ममा बैंकका संस्थापकहरुको संख्या २५४ जना रहेको छ भने सर्वसाधारण शेयरधनीहरुको संख्या ५७,०८१ रहेको छ ।

**३. चालु वर्षको हालसम्मको उपलब्धि र भविष्यमा गर्नु पर्ने कार्यहरुको सम्बन्धमा सञ्चालक समितिको धारणा ।**

**(क) शाखा सञ्जालमा बृद्धि**

देशका सबै भेगका सबै तह र तप्काका जनताको लागि अत्याधुनिक बैंकिङ्ग सेवाको पहुँच विस्तार गर्ने बैंकको मुख्य ध्येय रहेको छ । सो अनुरुप सुगम क्षेत्रमा मात्र नभई दुर्गम क्षेत्रमा समेत बैंकले शाखा विस्तार गर्दै लगेको छ । समीक्षा अवधीमा बैंकले इलामको इलाम बजार र फिक्कल, सर्लाहीको मिर्चैया, म्याग्दीको बेनी, सुर्खेतको बिरेन्द्रनगर, मोरङ्गको विराटचोक, नवलपरासीको कावासोती, पाल्पाको तानसेन, भक्तपुरको कमलविनायक, काठमाडौंको कुलेश्वर र कास्किको लेकसाईडमा गरी जम्मा ११ स्थानमा शाखा

बिस्तार गरेको थियो। नेपाल सरकारको सडक विस्तार नीति, परिवर्तित सन्दर्भमा व्यवसायलाई अझ विस्तार एवं प्रभावकारी बनाउन सकिने अवस्था समेतलाई मध्यनजर गरी बैंकले हेटौडामा रहेको शाखा कार्यालयलाई साविक स्थानबाट अझै उपयुक्त स्थान छनौट गरी शाखा स्थानान्तरण गरेको छ।

त्यसैगरी बैंकले चालु आ.व. मा रौतहटको चन्द्रपुर, धनकुटाको धनकुटा, ताप्लेजुङको ताप्लेजुङ, लमजुङको बेंशीशहर, रौतहटको गरुडा, प्युठानको जुम्री, काठमाडौंको जोरपाटी, नुवाकोटको बट्टार, दोलखाको चरीकोट, बाग्लुङको बाग्लुङ बजार र काभ्रेपलाञ्चोकको बनेपा, महोत्तरीको गौशाला र सर्लाहीको लालबन्दीमा गरी थप १३ वटा नयाँ शाखा एवं काठमाडौंको पुतली सडकमा एउटा एक्टेन्सन काउन्टर स्थापना गरेको छ।

बाणिज्य बैंकहरुको पहुँच नपुगेका नगरपालिका एवं गाउँपालिकाहरुमा बैंक शाखा पुऱ्याउने नेपाल सरकारको लक्ष एवं नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले विभिन्न १५ स्थानहरुमा शाखा स्थापना गर्ने तयारी गरेकोमा हालसम्म भोजपुरको आमचोक, सुनसरीको गढी, काभ्रेको रोशी, रुपन्देहीको मर्चवारी, तनहाुको देवघाट, संखुवासभाको मकालु, रामेछापको गोकुलगंगा, सिन्धुलीको गोलञ्जर, पर्साको बहुदरमाई, बाराको आर्दश कटवाल, बाजुराको बुढीगंगा र एक्सटेन्सन काउन्टर समेत गरी बैंकका हाल ९७ शाखाहरु संचालनमा आईसकेका छन् भने बैंकिङ्ग पहुँच नपुगेका गाउँपालिका एवं नगरपालिकाहरु मध्ये बैंकले अन्य स्थानहरु कपिलवस्तुको यशोधरा, नवलपुरको विनयी त्रिवेणी (दुम्कीवास), रौतहटको माधवनारायण, महोत्तरीको रामगोलपुरमा पनि शाखा स्थापनाको लागि आवश्यक सबै तयारी कार्य पुरा भई शाखा खुल्ने क्रममा रहेको छ। सोका अलावा थप १८ स्थानमा शाखा स्थापना गर्नको लागि तयारी पुरा गरी आवश्यक स्वीकृतिको प्रक्रिया शुरु भइसकेको छ। केही दिन भित्रै थप ३ शाखा खोली शाखा सञ्जाल १०० पुग्नेछ।

शाखा विस्तारको सन्दर्भमा समय, परिस्थीति एवं सम्भाव्य क्षेत्रको उचित विश्लेषण गरी चालु आ.व.को अन्त्यसम्ममा बैंकले आफ्नो कुल शाखा सञ्जाल १२५ पुऱ्याउने लक्ष्य राखेको छ। जसबाट देशको सुगम क्षेत्रमा मात्र नभई दुर्गम क्षेत्रमा समेत बैंकिङ्ग पहुँच पुऱ्याउने नेपाल सरकार एवं नेपाल राष्ट्र बैंकको नीतिमा समेत विशेष योगदान पुग्ने बिश्वास बैंकले लिएको छ।

**(ख) भवन निर्माण कार्य**

सबल, स्थीर र निरन्तर बैंकिङ्ग सेवाका लागि बैंकले क्रमश: आफ्नै भवनहरुबाट कारोवार संचालन गर्नुपर्छ भन्ने धारणा सहित काठमाडौंमा प्रधान कार्यालय र अन्य विभिन्न स्थानहरुमा शाखा कार्यालयहरुको भवन निर्माण कार्यलाई प्राथमिकताका साथ क्रमिकरुपमा कार्य गर्दै आईरहेको छ। बैंकले बीरगंजमा पहिले नै आफ्नै भवनबाट कारोबार संचालन गरिरहेको छ भने हाल काठमाडौंको नक्शालमा प्रधान कार्यालय भवन एवं मोरङ्गको विराटनगरमा आफ्नै शाखा कार्यालय भवन निर्माण कार्य सुरु गरिसकेको छ। त्यस्तै निकट भविष्यमा पोखरामा समेत आफ्नै भवन निर्माण गर्ने योजना रहेको छ।

**(ग) कार्ड तथा प्रविधिमा आधारित सेवाहरू**

नगदमा आधारित भुक्तानी तथा कारोबारलाई क्रमश: प्रविधिका विभिन्न माध्यमबाट कारोबार गर्ने प्रणाली विकास गर्नमा बैंकले निरन्तर कार्य गरिरहेको छ। नेपालको बैंकिङ्ग क्षेत्रमा सबैभन्दा पहिले एटीएम, POS र म्याग्नेटिक कार्डहरुलाई इ.एम.भी. चीपमा आधारित प्रविधि (EMV Chip Based Technology) स्तरोन्नती गरी कार्ड तथा प्रविधिको क्षेत्रमा आफ्नो छुट्टै स्थान कायम गर्न बैंक सक्षम भएको छ।

कार्ड तथा प्रविधिको क्षेत्रमा समीक्षा अवधि तथा चालु आ.व.को पुस मसान्तसम्ममा थुप्रै उपलब्धीहरु हासिल भएका छन्। त्यस्ता मुख्य उपलब्धीहरुमा समीक्षा अवधीमा एउटै कार्डबाट धेरै फाइदा लिन सकिने गरी बैंकले SBL Uno co-branded Credit Card प्रयोगमा ल्याएको छ। यो कार्ड बैंकले Uno Ventures संगको सहकार्यमा संचालनमा ल्याएको हो। यस कार्डको प्रयोगबाट ग्राहकहरुले रेष्टुरेन्ट तथा अन्य व्यापारिक केन्द्र (Shopping Center) बाट सेवा तथा वस्तुको खरीद गर्दा अधिकतम ४० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नु हुनेछ। त्यस्तै बैंकले चालु आ.व.मा नेपाल मेडिकल एशोसिएसनसंगको सहकार्यमा NMA-Uno co-branded credit card समेत प्रयोगमा ल्याएको छ।

Uno Ventures संगको सहकार्यमा संचालनमा ल्याएको कार्ड सेवा र बैंकले प्रदान गरिरहेको कार्ड तथा प्रविधिमा आधारित सेवाहरु प्रदान गर्ने क्रममा गरेका कामहरुको उच्च मुल्याकंन गरी अन्तर्राष्ट्रिय कार्ड सेवा प्रदायक संस्था भिसा इन्टरनेशल (Visa International) ले बैंकलाई गत श्रावण महिनामा Excellence in Innovation Award बाट सम्मानित गरेको छ। यस प्रकारको सम्मानले हामीलाई आफ्नो सेवाको गुणस्तरलाई अझै वृद्धि गर्नमा थप उत्प्रेरणा मिलेको छ।

त्यस्तै चालु आ.व. मा थप १२ स्थानमा ATM जडान गरी कुल ATM को संख्या १०७ पुऱ्याउन सक्षम भएको छ। समीक्षा अवधीमा बैंकले विभिन्न व्यापारिक केन्द्रहरुमा ४१५ वटा Point of Sale (POS) मेशीन राख्न सकेकोमा चालु आ.व.को हालसम्म २७२ थप गरी कुल POS मेशिन ६८७ पुऱ्याउन सफल भएको छ। यस सँगै ग्राहकहरुले जुनसुकै बैंक वित्तीय संस्थाले जारी गरेका क्रेडिट तथा डेबिट कार्ड बैंकको आफ्नै POS मेशीनमा प्रयोग गरी भुक्तानी गर्न सक्नु हुनेछ।

समीक्षा अवधिमा बैंकले थप २९,६९६ डेबिट कार्ड र १,३१७ क्रेडिट कार्ड जारी गर्न सफल भएको थियो भने चालु आ.व. को माघ मसान्तसम्ममा थप २२,५६४ डेबिट कार्ड र १,३८४ क्रेडिट कार्ड जारी गरिसकेको छ। यसरी समीक्षा अवधिमा डेबिट कार्ड र क्रेडिट कार्डको संख्या क्रमश : १,५३,२८७ र ७,१२३ रहेकोमा चालु आ.व. को माघ मसान्तसम्म डेबिट कार्ड र क्रेडिट कार्डको संख्या क्रमश : १,७५,८५१ र ८,५१० पुगेको छ।

त्यस्तै बैंकका चालु आ.व. को माघ मसान्तसम्म ३२,११६ जना i-Connect प्रयोगकर्ता, १,१४,६९५ Siddhartha Bank Smart and Alert प्रयोगकर्ता रहेका छन्। हालै बैंकले MasterCard Network संगको समेत आवद्धता लिइसकेको हुँदा यस आ.व.मा बैंकको समग्र कार्ड प्रणालीलाई उक्त Network सँग आवद्ध गर्ने तयारीमा समेत बैंक रहेको छ। हाल बैंकका एटीएमहरुमा अन्तराष्ट्रियरुपमा ख्यातीप्राप्त कार्ड सेवा प्रदायक Visa, UnionPay आदि ब्राण्ड अन्तर्गतका कार्ड प्रयोग गरी रकम भुक्तानी लिन सकिनेमा अब देखि Master Card को समेत कार्डहरु प्रयोग गर्न सकिने व्यवस्था मिलाइएबाट राष्ट्रीय तथा अन्तराष्ट्रिय सबै ग्राहक महानुभावहरुले उल्लेखित सबै नेटवर्क अन्तर्गतका कार्डहरु प्रयोग गरी रकम झिक्न तथा भुक्तानी गर्न सक्नुहुनेछ। यसरी बैंकले मोबाइल, इन्टरनेट, कार्ड जस्ता विभिन्न वैकल्पिक भुक्तानी उपकरणहरु विकास गर्दै लागु गरिरहेको छ र भविष्यमा समेत उच्च प्राथमिकताका साथ कार्ड तथा प्रविधिमा आधारित सेवाहरूको विस्तार गर्दै जाने राणनीति लिएको छ।

**(घ) सूचना प्रविधिका क्षेत्रमा गरिएका कार्यहरू**

अध्यावधिक एवं सुरक्षित सूचना प्रविधि बिना आधुनिक तथा भरपर्दो बैंकिङ्ग सेवाको कल्पना गर्न सकिदैन। अहिलेको अवस्थामा सूचना प्रविधि सुरक्षाको विषय अत्यन्तै चुनौतिपूर्ण बन्दै गईरहेको र बैंक सो तथ्य प्रति चनाखो भई कार्य गर्दै आईरहेको छ। बैंकले समीक्षा अवधीमा कम्प्युटर सफ्टवेयर, हार्डवेयर र अन्य सम्पूर्ण विद्युतीय माध्यमहरुलाई सुरक्षित पार्ने कार्यलाई पहिलो प्राथमिकता दिएको छ। यसै सिलसिलामा समिक्षा अवधीमा बैंकले SWIFT System का साथै Core Banking System र सो सँग सम्बन्धित Data Base लाई थप सुरक्षित पार्ने कार्य गरेको छ। भविष्यमा समेत SWIFT System र Core Banking System लाई थप सुरक्षित र सवल बनाउँदै लैजाने रणनीति बैकले लिएको छ।

समिक्षा अवधीमा बैंकले नयाँ सफ्टवेयर KYC-AML System संचालनमा ल्याएको छ। यसबाट सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी ऐन कानुन एवं निर्देशिकाका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नमा थप सहयोग पुग्नेछ। त्यस्तै हाल सिडिएससी एण्ड क्लियरिङ्ग लि.ले C-ASBA प्रणाली शुरु गरेपश्चात बाणिज्य बैंकहरु मध्ये सबैभन्दा पहिले यस बैंकले C-ASBA तथा Mero Shae जस्ता एप्लीकेशन संचालनमा ल्याई आफ्ना ग्राहकहरुलाई विभिन्न कम्पनीका शेयरमा अनलाईनबाटै सहज तरीकाले आवेदन गर्न सकिने अवसर प्रदान गरेको छ। यसले गर्दा शेयर आवेदन गर्न चाहने महानुभावहरुले घरमै बसी बसी C-ASBA का माध्यमबाट शेयरमा आवेदन गर्न सक्नु हुनेछ।

नेपाल क्लियरिङ्ग हाउस लि. मार्फत बैंकिङ्ग क्षेत्रमा शुरु भएको अन्तर बैंक भुक्तानी प्रणाली (Interbank Payment System-IPS) लाई प्रभावकारीरुपमा लागु गर्ने क्रममा यस बैंकले NCHL- Clearing संगको समन्वयमा अन्तर बैंक भुक्तानी प्रणालीलाई अझ विश्वासिलो र छिटो बनाउनका लागि IPS System लाई पूर्णरुमा Automation गरिएको छ।

त्यस्तै बैंकले चालु आ. व.को सुरुवात सँगै प्रविधि मैत्री Viber Banking Service पनि संचालनमा ल्याएको छ। यसबाट देश भित्र वा बाहिर

जुनसुकै स्थानबाट पनि भाईवर मार्फत आफ्नो खाताको बारेमा जानकारी, मौज्दात विवरण, मिनि स्टेटमेण्ट प्राप्त गर्न सकिनेछ ।

सेवा विस्तार साथै यसको गुणस्तरलाई अझ सवल बनाउने क्रममा बैंकका उपत्यका भित्रका शाखाहरुको साथै उपत्यका बाहिरका शाखाहरुमा समेत Hybrid Solar System प्रयोग गरी उर्जा क्षेत्रमा समेत आत्मनिर्भर बन्दै गएको छ ।

**(ङ) निक्षेप परिचालन सम्बन्धी सेवाहरू**

समय सापेक्ष आफ्ना सेवाग्राहीको माग बमोजिम नयाँ तथा परिमार्जित सेवाहरु सञ्चालनमा ल्याई सरल एवं सहज ढङ्गबाट आफ्ना ग्राहकको आवश्यकता परिपूर्ति गर्नु बैंकको मुख्य ध्येय रहेको छ । यसको निमित्त प्रविधिमा भइरहेको विकास, ग्राहकवर्गको आवश्यकता, व्यापार व्यवसायमा भएका परिवर्तन आदि पक्षहरुको मूल्याङ्कन गरी आफ्नो जनशक्तिलाई सक्षम बनाउँदै आफ्ना ग्राहक वर्गलाई समय सापेक्ष सेवा प्रदान गर्नको निमित्त बैंकले अनुसन्धान तथा विकासको निरन्तरतालाई संस्थाको एक विशिष्ट पक्षको रुपमा ग्रहण गरेको छ । ग्राहक सेवामा सुधार ल्याउनको निमित्त जनशक्ति तथा प्रविधिमा बैंकले अधिकतम लगानी गर्दै आएको छ । बैंकले ग्राहकको चाहना अनुरुप ग्राहकवर्ग समक्ष नवीनतम, भरपर्दो तथा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

समीक्षा अवधिमा पनि बैंकको निक्षेप तर्फको सेवा विस्तार गर्ने क्रममा कतिपय अल्पकालीन र दीर्घकालीन बचत तथा मुद्दती योजनाहरु निरन्तर संचालनमा रहेका छन् । त्यस्तै सो अवधिमा थप सिद्धार्थ प्रिमियम मुद्दती खाता, सिद्धार्थ अवकाश मुद्दती खाता, सिद्धार्थ इ-सेवा बचत खाता र सिद्धार्थ स्वर्णीम बचत खाता सञ्चालनमा समेत ल्याएको छ । त्यस्तै चालु आ.व. मा बैंकले सिद्धार्थ मेरो शेयर खाता र सिद्धार्थ प्लाटिनम बचत खाता संचालनमा ल्याएको छ । सिद्धार्थ मेरो शेयर खाता मार्फत आफ्ना ग्राहकहरुलाई बचत सँगै शेयरसँग सम्बन्धित काम जस्तै आश्वाको माध्यमबाट शेयर लगानी गर्नमा सहजता पुग्ने बैंकले विश्वास लिएको छ । साथै बैंकले भविष्यमा समेत ग्राहक मैत्री निक्षेप सेवाहरूको विस्तार गर्दै जाने राणनीति लिएको छ ।

**(च) नेप्सेको राफसाफ बैंक सदस्य**

नेपाल स्टक एक्स्चेन्ज लि.बाट हुने दोश्रो बजार शेयर कारोवारको लागि राफसाफ बैंकको रुपमा सिद्धार्थ बैंक पनि छनोट भएको छ । समीक्षा वर्षमा नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से), सिडिएस एन्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) र यस बैंक बीच सम्झौता सम्पन्न भएबाट बैंकले अब राफसाफ बैंककोरुपमा धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट सेवा (Clearing and Settlement Service) प्रदान गरिरहेको छ ।

**(छ) कर्जा सेवा विस्तार**

समीक्षा अवधिमा बैंकको कर्जा तर्फको सेवा विस्तार गर्ने क्रममा सिद्धार्थ सजिलो व्यवसाय कर्जा र शैक्षिक कर्जा गरी दुई भिन्न कर्जा प्रोडक्टहरु संचालनमा ल्याएको छ। बैंकले साना तथा लघु कर्जाका क्षेत्रमा लगानी विस्तार गर्ने रणनीति अनुरुप समीक्षा अवधिमा बैंकले छुट्टै लघु बैंकिङ्ग विभाग नै गठन गरेको छ। लघु बैंकिङ्ग सेवा अन्तर्गत बैंकले सिद्धार्थ सरल लघु कर्जा, सिद्धार्थ सरल कृषि कर्जा, सिद्धार्थ रिक्सा कर्जा जस्ता सरल एवं प्रभावकारी प्रोडक्टहरु कार्यान्वयनमा ल्याएको छ। लघु कर्जाको माध्यमबाट बैंकिङ्ग पहुँचबाट टाढा रहेका समुदायलाई बैंकिङ्ग च्यानलमा समावेश गरी आर्थिक उन्नती तर्फ डोऱ्याउन सहयोग पुग्ने विश्वास बैंकले लिइएको छ। चालु आ.व.को मंसिर मसान्त सम्ममा साविक कर्जा शिर्षक अन्तर्गतका कर्जालाई थप मजवुत बनाउँदै जाने र थप सम्भावना पनि खोजि गर्ने क्रममा सिद्धार्थ रिक्सा कर्जा नामक नयाँ कर्जा प्रोडक्ट समेत कार्यान्वयनमा ल्याएको छ। रिक्सा चलाई आफ्नो गुजारा गर्ने मजदुरहरुको दैनिकिमा सुधार ल्याउन यो नयाँ कर्जा योजनाले अवश्य मद्दत गर्नेछ भन्ने विश्वास बैंकले लिएको छ । साथै बैंकले भविष्यमा समेत लघु तथा विपन्न क्षेत्रका कर्जाहरुलाई थप विस्तार गर्दै जाने रणनीति लिएको छ ।

यसका अतिरिक्त समीक्षा अवधीमा नै बैंकले साना तथा मझौला प्रकारका घरेलु तथा अन्य प्रकारका उद्यम व्यवसाय गर्न चाहने उद्यमी व्यवसायीहरुलाई लक्षित गरी सिद्धार्थ सजिलो कर्जा नामक छुट्टै कर्जा प्रोडक्ट बजारमा ल्याएको छ । यस अन्तर्गत ग्राहकहरुले छिटो एवं छरितो तरिकाले सहजै कर्जा लिई आफ्नो व्यवसाय संचालन गर्न सक्नु हुनेछ । त्यस्तै बैंकले सिद्धार्थ शैक्षिक कर्जा नामक नयाँ प्रोडक्ट पनि गत आ.व.बाट शुरु गरेको छ ।

यसरी बैंकले पहिले देखि नै संचालनमा रहेका कर्पोरेट, परियोजना, उपभोग्य कर्जा लगायत विभिन्न कर्जा सेवाहरु यथावत संचालन गर्दै माथी उल्लेखित थप सेवाहरु संचालनमा ल्याएको छ । यसरी बैंकले साना ठुला सबै किसिमका संस्थागत एवं व्यक्तिगत ग्राहकहरुको कर्जा आवश्यकता परिपूर्ति गर्ने गरी कर्जा सेवा प्रदान गरिरहेको छ  यसलाई यो वर्ष अझै बढाउँदै लैजाने छ । सो क्रममा साना तथा मझौला उद्यम व्यवसायलाई प्रवर्द्धन गर्ने बैंकको मुख्य ध्येय रहेको छ।

**(ज) शाखारहित बैंकिङ्ग सेवा**

शाखारहित बैंकिङ्ग सेवाको स्थापना र विस्तारमा सिद्धार्थ बैंक अग्रणी मानिन्छ। २०६७ सालमा दैलेखबाट शुरु गरिएको यो सेवा समीक्षा अवधि सम्ममा ७० स्थानमा विस्तार भएको थियो । हाल चालु आ.व.को मंसिर मसान्तसम्ममा इलाम, धनकुटा, ताप्लेजुङ्ग, भोजपुर जिल्लाका विभिन्न स्थान सहित थप २९ स्थानमा विस्तार भएको छ । यसरी हालसम्म बैंकको कुल शाखा रहित बैंकिङ्ग सञ्जाल ९९ पुगेको छ । शाखारहित बैंकिङ्ग सेवा मार्फत ग्राहक महानुभावहरुले रकम जम्मा गर्ने, भुक्तानी, विदेशबाट पठाईएको रेमिटान्स प्राप्त गर्ने आदि सेवा आफ्नै गाउँठाउँमा प्राप्त गर्न सक्नुहुनेछ। बायोमेट्रिक प्रविधिबाट संचालन हुने यो सेवा सुरक्षित र भरपर्दो रहेको छ । शाखारहित बैंकिङ्ग सेवा विस्तार कार्यमा बैंकले UNCDF Funded Unnati- A2F जस्ता कार्यक्रमहरुसंग सहकार्य समेत गर्दै आएको छ । भविष्यमा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संगठन तथा तिनका स्थानिय कार्यक्रमहरुसँगको सहकार्यमा लघु कर्जा विस्तारमा अघि बढ्ने समेत बैंकले सोच लिएको छ ।

**(झ) विप्रेषण सेवा (एसबीएल रेमिट सेवा)**

बैंकले आफ्नो सेवा विस्तार एवं विविधीकरण गर्दै जाने रणनीति अनुरुप आन्तरिक एवं वाह्य रुपमा रकम प्राप्त गर्न वा पठाउनका लागि बैंकले आफ्नै एस बि एल रेमिट मार्फत आफ्ना ग्राहकहरुलाई सेवा दिईराखेको छ। साथै, विप्रषणलाई थप प्रभावकारी बनाउनको लागि विदेशी मुलुकमा आफ्नो रेमिटको उपस्थिती बढाउँदै लगि स्थानीय तवरमा पेइङ्ग एजेन्टको समेत संख्यामा व्यापक वृद्धि गर्दै जाने रणनीति बैंकले लिएको छ । यसै लक्ष्य अनुसार समीक्षा अवधिमा ५००० भन्दा बढी प्रतिनिधि तथा उपप्रतिनिधि (Agent and Sub-Agent) मार्फत विप्रेषण सम्बन्धी सेवा प्रदान गर्दै आएको छ ।

**४. चालु आर्थिक वर्षको वित्तीय स्थिति तथा लक्ष्य**

गत आर्थिक वर्षको मध्यदेखि बैंकिङ्ग क्षेत्रमा तरलताको चरम समस्या देखा पऱ्यो । गएको वर्ष र चालु आवमा गरी एकवर्षको अन्तरालमा देशमा स्थानीय, प्रदेश एवं संघीय तह गरी तिनै तहको निर्वाचन सम्पन्न भयो । निर्वाचनमा हुने खर्च एवं सरकारको पूँजीगत खर्चका कारण यस वर्ष तरलताको अवस्थामा सहजता आउने अनुमान गरिएको थियो । तर चालु आ.व.को शुरु एक/दुई महिना केही सहजभई समस्याको पुरा समाधान हुन नपाउदै हाल बैंकिङ्ग क्षेत्रमा तरलताको अवस्था झन गम्भीर बनेको छ र कति अवधीसम्म यस्तो रहन्छ भन्ने प्रष्ट अनुमान गर्नमा समेत अप्ठेरो अवस्था छ । यस्तो अवस्थामा व्याजदरमा देखिएको तीव्र उतार चढावले बैंकको समग्र व्यवसायलाई प्रभावित पारिरहेको छ । तरलताका कारण लगानीयोग्य रकमको अभाव हुन थालेको छ ।

यसका वावजुद पनि बैंकले यस आर्थिक वर्षको लागि रु २ अर्ब ६४ करोडको संचालन मुनाफा (नोक्सानी व्यवस्था अघि) गर्ने लक्ष लिएको छ भने चालु आ.व.को पुस मसान्तसम्ममा रु १ अर्ब ३१ करोडको संचालन मुनाफा (नोक्सानी व्यवस्था अघि) हासिल गरेको छ। प्रतिकुल परिस्थितिमा पनि सम्पत्तिको गुणस्तर कायम राख्दै लक्षित मुनाफ हासिल गर्ने गरी बैंकले कार्य गरिरहेको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउँदछौं ।

**५. संस्थागत सुशासन**

संस्थागत सुशासनलाई बैंकले सदैव उच्च महत्वका साथ पालना गर्दै आएको छ। प्रचलित ऐन नियम, नेपाल राष्ट्र बैंक एवं अन्य नियमनकारी निकायहरूद्वारा जारी निर्देशन तथा बैंककै आन्तरिक नीति नियम बमोजिम नै बैंकले आफ्ना कार्य सञ्चालन गर्दै आएको छ। बैंकका आन्तरिक नीति नियममा समयानुकुल सुधार एवं संशोधन गर्दै अध्यावधिक गर्ने कार्य नियमितरुपमा भईरहेका छन् ।

त्यस्तै बैंकको संचालक समितिमा रहनुभएका महानुभावहरु, बैंकका कार्यकारी तहमा रहनु भएका उच्च अधिकृतहरु, बैंकका अधिकृतहरु तथा अन्य सम्पुर्ण कर्मचारीहरु समेतलाई संस्थागत सुशासन सम्बन्धमा विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय निकायहरुले आयोजना गरेका विभिन्न सेमिनार, गोष्ठि तथा तालिमहरुमा सहभागी गराउँदै आइरहेको छ र भविष्यमा समेत यस्ता गतिविधिहरुलाई निरन्तरता दिइनेछ ।

त्यसैगरी बैंकका हरेक कर्मचारीहरूको व्यक्तिगत जिम्मेवारी र दायित्व स्पष्ट हुने

गरी कार्य विभाजन गरिएको छ र यसका आधारमा कार्य सम्पादनमा आपसी नियन्त्रण र सन्तुलन कायम भई संस्थागत सुशासनमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ ।

**६. संस्थागत सामाजिक उत्तरदायित्व**

सिद्धार्थ बैंकले आफ्नो स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहलाई उच्च प्राथमिकता दिंदै आएको छ । अघिल्ला वर्षहरुमा बैंकले विभिन्न सामाजिक कार्यहरुमा सहयोग प्रदान गर्ने तथा सहभागिता जनाउँदै आएको थियो भने अघिल्लो वर्षहरुमा जस्तै आ.व. २०७३/७४ मा पनि बैंकको सामाजिक उत्तरदायित्व निर्वाह सम्बन्धी विविध कार्यक्रमहरुमा सहभागिता रह्यो ।

सामाजिक उत्तरदायित्व अन्नतर्गत नै महिलाहरुप्रति गरिने सामाजिक शोषण र दुर्व्यवहारलाई रोक्न तथा उनीहरुको स्वास्थमा सुधार ल्याउने उद्देश्यका साथ अघि बढेको गैर नाफा मुलक संस्था Rural Health and Education Service Trust (RHEST) सँगको सहकार्यमा बैंकले विभिन्न जिल्लामा रहेको सिमान्तकृत वगर्का ९ जना छात्राहरुलाई निजहरुको १ वर्ष सम्मको अध्ययनको लागि बैंकले आवश्यक पर्ने सम्पूर्ण सहयोग प्रदान गरेको थियो । त्यसैगरी बैंकले पाल्पा जिल्ला स्थित सरकारी विद्यालय, श्री प्रभात माध्यमिक विद्यालयलाई विद्यार्थीको पठन पाठनको लागि चाहिने सामाग्रीहरुको खरिदको लागि आवश्यक सहयोग गरेको थियो ।

समीक्षा अवधिमा बैंकले नेपाल आँखा अस्पताल, त्रिपुरेश्वर सँगको सहकार्यमा ५८ जना मोतिया बिन्दु भएको बिरामीको नि:शुल्क मोतिया बिन्दुको शल्यक्रिया गराउन सहयोग गरेको थियो ।

त्यस्तै बैंकले बागमती सरसफाइ अभियान अन्तर्गत बागमती नदीको सरसफाई कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाएको थियो । यसका साथै नदी तथा समग्र वातावरण संरक्षण गर्ने उद्देश्यले सक्रिय उक्त कार्यक्रमका आयोजक समितिलाई बैंकले सरसफाइका सामाग्रीहरु समेत हस्तान्तरण गरेको थियो । त्यसैगरी बैंकले विभिन्न सांस्कृतिक तथा धार्मिक महत्वका क्षेत्रहरु जस्तै मन्दिर, पाठशाला, गढी आदि सम्पदाको संरक्षण, प्रवर्धन तथा सरसफाइ सम्बन्धी विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाएको थियो ।

समीक्षा अवधिमा बैंकले खेलकुदको प्रवर्धन र युवाहरुलाई प्रोत्साहन गर्न "माइ भ्याली गोल्ड कप" मा उदीयमान खेलाडी "बुढासुब्बा गोल्ड कप" मा सर्वाधिक गोलकर्ता खेलाडीलाई सम्मान तथा प्रोत्साहन गरेको थियो ।

बैंकले गर्ने विभिन्न सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यहरुमा बैंकको केन्द्र मात्र नभई शाखा कार्यालयहरु समेत सहभागी होउन भन्ने उद्देश्यले स्थानिय रुपमा हुने विभिन्न सामाजिक कार्यहरुमा बैंकका शाखा कार्यलयहरुले समेत सहभागिता जनाउँदै आएका छन् । त्यसैगरी वित्तीय साक्षरतालाई अभिवृद्धि गर्ने उद्देश्यले बैंकले विभिन्न विद्यालय, कलेजहरुमा वित्तीय साक्षरताका कार्यक्रमहरुको आयोजना गर्ने तथा सहभागिता जनाउने कार्य गरिरहेको छ ।

आगामी दिनहरुमा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित क्रियाकलापहरुलाई थप विस्तार गरी अझै प्रभावकारी रुपमा अघि बढाउँदै लैजान बैंकले सिद्धार्थ फाउन्डेशनको स्थापना गरेको छ । आउने दिनहरुमा बैंकले फाउण्डेसन मार्फत विभिन्न सामाजिक गतिविधिहरुमा सहभागिता जनाउने एवं सामाजिक कार्यहरुलाई बढावा दिने योजना बनाएको छ ।

**७. जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली**

बैंकले व्यवसायको क्रममा आईपर्न सक्ने कर्जा जोखिम, संचालन जोखिम, तरलता जोखिम, बजार जोखिम, व्याजदर जोखिम, विदेशी विनीयम जोखिम तथा अन्य जोखिमलाई न्यूनिकरण एवं नियन्त्रण गर्न आन्तरिक रुपमा विभिन्न संरचनागत इकाइहरुको स्थापना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित एवं प्रभावकारी बनाउँदै लगिरहेको र भविष्यमा समेत थप सवल बनाउँदै लैजाने राणनीति बैंकले लिएको छ । बैंकिङ्ग क्षेत्रमा देखापरेका विभिन्न जोखिम न्यूनिकरण गर्न आन्तरिक नियन्त्रणको माध्यमबाट कार्य गर्न एकीकृत जोखिम व्यवस्थापन विभागको संरचनागत व्यवस्था गरी सो मातहत छुट्टा-छुट्टै जोखिम इकाइहरुको व्यवस्था गरी आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन तर्फ विभिन्न कार्यहरु भए गरेका छन् ।

अर्कोतर्फ आन्तरिक लेखा परीक्षण विभागलाई सिधै संचालक समिति अन्तर्गतको लेखा परीक्षण समिति मातहत रहने गरी छुट्टै स्वतन्त्र विभागको रुपमा राखिएको छ । बैंकको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, लेखापरीक्षण प्रकृयाको मूल्याङ्कन, आर्थिक प्रतिवेदन र आर्थिक विवरण सम्प्रेषणको सुपरिवेक्षण गरी बैंकको आर्थिक विवरणहरु सही र पर्याप्त रहेको, बैंकका सम्पूर्ण विभागहरुले आन्तरिक प्रकृया, नीति नियमहरुको परिपालना गरे/नगरेको बारे सुनिश्चित गर्ने रहेको छ । त्यसैगरी कर्मचारी संग सम्बन्धित विषयमा नीतिगत निर्णय लिन संचालक समितिलाई आवश्यक सहयोग पुऱ्याउन छुट्टै कर्मचारी सेवा सुविधा तथा व्यवस्थापन समिति रहेको छ । यसैगरी विदेशी विनीमय, तरलता तथा व्याज निर्धारण जस्ता बजार जोखिमका विषयहरुका बारेमा नियमित छलफल गरी सो सम्बन्धमा आवश्यक सावधानी अपनाउने व्यवस्था मिलाईएको छ । यसको लागि बैंकमा छुट्टै सम्पत्ति तथा दायित्व समिति बनाईएको छ । जसले नियमितरुपमा यस सम्बन्धमा छलफल गरी आवश्यक आन्तरिक नियन्त्रण सम्बन्धी निर्णय गर्ने गरेको छ ।

समीक्षा अवधिमा जोखिम व्यवस्थापन समितिको ४ वटा बैठक सम्पन्न भएका थिए । त्यसैगरी लेखापरीक्षण समितिका ११ वटा बैठक सम्पन्न भएकोमा कर्मचारी सेवा सुविधा समितिका २ वटा बैठक सम्पन्न भएका थिए ।

**८. ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण नियन्त्रण सम्बन्धी कानुनको परिपालना**

ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धमा प्रचलित नेपाल कानुन एवं नेपाल राष्ट्र बैंकले जारी गरेका अध्यावधिक निर्देशनहरुलाई बैंकले सदैव प्राथमिकताका साथ पालना गर्दै आएको छ ।

सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनको परिपालना भए नभएको सन्दर्भमा कार्य गर्न तथा अन्य अनुपालनाका विषयहरु हेर्न स्थापित अनुपालना विभागले नियमित रुपमा आफ्ना कार्यहरु गरि रहेको छ । उक्त विभागले सो सम्बन्धी व्यवस्थाहरुको अनुगमन गरी सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि ऐन एवं सो अन्तर्गतका नियम, निर्देशिका बमोजिम नियमित रूपमा जोखिम व्यवस्थापन विभागमा प्रतिवेदन पेश गरी छलफल गर्ने व्यवस्था गरिएको छ ।

प्रचलित ऐन नियम तथा निर्देशनको अधिनमा रही बैंकले ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण निवारण सँग सम्बन्धित आफ्ना विद्यमान विनियमावली, मार्गनिर्देशिका तथा विभिन्न लिखतहरु तयार गरी लागु गर्ने तथा भएकाहरुलाई अद्यावधिक गर्ने गरेको छ । समीक्षा अवधिमा बैंकले KYC and AML/CFT Policy 2017 लागु गरेको छ । त्यस्तै SOP for KYC and AML 2014 परिमार्जन गरी अद्यावधिक गरिएको छ ।

बैकमा आउने नयाँ कर्मचारीहरु समेत ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण जस्तो संवेदनशील विषयमा जानकार होउन भन्ने उद्देश्यले समीक्षा अवधिमा बैंकमा नया भर्ना हुने सम्पूर्ण कर्मचारीहरुलाई ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण विषयमा तालिम प्रदान गरिएको थियो । यसले संस्थागत सुशासनमा समेत प्रभाव पार्ने हुँदा चालु आ.व. तथा भविष्यमा समेत यसलाई निरन्तरता दिइने छ ।

**९. कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध**

बैंकले आफ्नो औद्योगित एवं व्यवसायिक दायरालाई विस्तारित पार्दै जानको लागि राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्था तथा औद्योगिक व्यावसायिक प्रतिष्ठानहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी सो सम्बन्धलाई अभिवृद्धि गर्दै लैजाने योजना राखेको छ ।

साथै बैंकको व्यवस्थापन तथा कर्मचारी बीच सुमधुर एवं समन्वयकारी सम्बन्ध निर्माण गरी कार्य सम्पादन हुँदै आएको छ । कर्मचारीको वृत्ति विकास एवं क्षमता अभिवृद्धिका विषयहरुमा व्यवस्थापन र कर्मचारी प्रतिनिधि बीच आपसी छलफलका आधारमा आवश्यक निर्णय गर्ने गरिएको छ । कर्मचारीहरूको वृत्ति विकास एवं क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यहरू गर्ने गरिएको छ ।

**१०. मानव संशाधन विकासका कार्यहरु**

बैंकलाई आजको गौरवपूर्ण स्थानसम्म ल्याईपुऱ्याउनमा बैंकमा कार्यरत जनशक्तिको महत्वपूर्ण भूमिका रहेको छ । शाखा संख्यामा बृद्धि, व्यवसाय विस्तार एवं परिवर्तित सन्दर्भमा बैंकिङ्ग क्षेत्रमा देखापरिरहेका विभिन्न जोखिमहरुलाई समेत दृष्टिगत गरी बैंकले बैंकका उचित स्थानमा उचित योग्यता र क्षमता भएको कर्मचारीहरु परिचालन गरेको छ । गत आ.व. असार मसान्तमा बैंकमा कुल कर्मचारीहरुको संख्या ८०३ रहेकोमा यस आ.व.को मंसिर मसान्तसम्म कुल कर्मचारी संख्या ९५८ पुगेको छ । जसमध्ये ३१८ जना महिला र ६४० जना पुरुष कर्मचारीहरु रहेका छन् ।

बैंकले कर्मचारीहरुको क्षमता एवं सीप अभिवृद्धिका लागि बैंक भित्रै तथा बैंक

बाहिर राष्ट्रिय अन्तर्राष्ट्रिय तहमा विभिन्न तालीमहरुमा कर्मचारीहरुलाई सहभागी गराउँदै आएको छ । बैंकमा कार्यरत सबैजसो कर्मचारीहरुलाई कुनै न कुनै तालीममा सहभागी गराईएको छ ।

त्यस्तै बैंकले कर्मचारीहरुको क्षमता अभिवृद्धि कै लागि नेशनल बैंकिङ्ग इन्स्टिच्युटले संचालन गरिरहेको janbi कोर्समा सहभागी हुन आफ्नो कर्मचारीहरुलाई निरन्तर प्रोत्साहन गर्दै उक्त कोर्स गर्न चाहनेलाई बैंकले सहयोग समेत गर्दै आएको छ । हालसम्म बैंकका १०१ जना कर्मचारीहरुले janbi कोर्समा सहभागिता जनाएका छन् भने ७८ जनाले कोर्स उत्तीर्ण समेत गरिसकेका छन् । यसले कर्मचारीको ज्ञान तथा क्षमता वृद्धि भई बैंकको काममा अझै प्रभावकारिता आउने विश्वास गरिएको छ ।

बैंकका कर्मचारीहरुलाई फरक फरक विषयमा तालीमहरु उपलब्ध गराउनका लागि बैंकले नेशनल बैंकिङ्ग इन्स्टिच्युटसंग छुट्टै समझदारी पत्र समेत गरेको छ, जस अनुसार उक्त संस्थाले बैंकका कर्मचारीहरुलाई उपयुक्त हुने विभिन्न तालिम तथा पुनर्ताजगीकरण (Refreshment) कोर्सहरु उपलब्ध गराउनेछ ।

बैंकका कर्मचारीलाई सूचना प्रविधिका क्षेत्रमा देखा परेको विभिन्न जोखिम, मुद्रा निर्मलीकरण एवं आतङ्ककारी कृयाकलापहरुमा हुने वित्तीय लगानी जस्ता जोखिमबाट बैंकलाई जोगाउनका लागि पनि सम्बन्धित कर्मचारीहरुलाई निरन्तरण अभिमुखिकरण एवं तालिम प्रदान गरिर्दै आएको छ । त्यसैगरी कार्य प्रणालीका माध्यमबाट पनि नियन्त्रण र सन्तुलन कायम गर्ने गरी कार्य प्रकृया निर्धारण गरिएको छ । त्यस्तै निरन्तर सुपरीवेक्षण तथा अनुगमन र कार्य सम्पादनमा आधारित मुल्याकंन गर्ने व्यवस्था गरी आवश्यकता अनुसार दण्ड र पुरस्कारको व्यवस्था मिलाईएको छ ।

**११. सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण**

यसै वर्ष जारी भएको नयाँ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लागु भईसकेको यहाँहरु सबैलाई विदितै छ । उक्त ऐन अनुसार संचालक समितिको कुल संख्या घटीमा पाँच र बढीमा सात जनाको हुन सक्नेछ । सोही बमोजिम गत २०७४ साल असार १८ गते सम्पन्न विशेष साधारण सभाले बैंकको संचालक समितिमा संस्थापक शेयरधनीकातर्फबाट तीन जना, सर्वसाधारण शेयरधनीका तर्फबाट दुईजना र स्वतन्त्र संचालक एकजना हुनेगरी कुल छ सदस्यीय संचालक समिति रहने गरी बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गरेको थियो ।

हाल संचालक समितिमा संस्थापकतर्फबाट अध्यक्ष श्री मनोज कुमार केडिया, श्री नरेन्द्र कुमार अग्रवाल, श्री बिरेन्द्र कुमार शाह, सर्वसाधारण तर्फबाट श्री दिनेश शंकर पालिखे (प्रतिनिधि, रिन्युवल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.) र श्री राजेश कुमार केडिया (प्रतिनिधि, नेपाल मल्टिनेशनल प्रा.लि.) रहनु भएको छ । यसै वर्ष आफ्नो व्यक्तिगत कारणले संचालक श्री महेश प्रसाद पोखरेल र श्री हेमन्त ज्ञवाली (रिन्युवल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.बाट प्रतिनिधित्व गर्नुभएको) ले संचालक समितिबाट विदा लिनु भएको छ । श्री हेमन्त ज्ञवालीले रिन्युवल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएकोमा उहाँको व्यक्तिगत कारणले संचालक समितिमा निरन्तरता दिन नसक्नु भएकोले कम्पनीले उहाँको स्थानमा श्री दिनेश शंकर पालिखेलाई प्रतिनिधिको रुपमा बैंक संचालक समितिमा पठाएको हो । श्री महेश प्रसाद पोखरेल र श्री हेमन्त ज्ञवाली दुवैजनाले संचालक समितिमा रही बैंकलाई पुऱ्याउनु भएको योगदान प्रति सञ्चालक समिति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछ । संचालक समितिमा भएका यी हेरफेरलाई जानकारी एवं अनुमोदनका लागि यहाँहरु समक्ष अनुरोध गर्दछौं ।

बैंकको स्वतन्त्र संचालकको रुपमा रहनु भएका श्री भगत बिष्टको यही मिति २०७४ फाल्गुण ५ गते शनिबार दुखद निधन भयो । एक अनुभवी संचालकको रुपमा रहनुभएका श्री बिष्टको असामयिक निधनबाट बैंकले एक कुशल संचालक गुमाएको छ । यस दुखद घडिमा संचालक समिति उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**१२. सञ्चालक समिति एवं सञ्चालक सम्मिलित समितिहरु**

बैंकको समग्र संचालन एवं व्यवस्थापनका लागि नीतिगत निर्णय गर्ने, प्रचलित कानुन एवं बैंकको आन्तरिक नीति नियम बमोजिम विभिन्न प्रस्तावहरु स्वीकृत गर्ने, बैंकको अल्पकालीन एवं दीर्घकालीन योजना एवं रणनीति तर्जुमा गर्ने, व्यवसायसंग सम्बन्धित विभिन्न प्रकारका जोखिमहरु जस्तै कर्जा जोखिम, बजार जोखिम, संचालन जोखिम, तरलता जोखिम लगायतका विषयहरुमा निरन्तर छलफल गरी विभिन्न निर्णय गर्ने र सो को अनुगमन गर्नेमा संचालक समिति निरन्तर सक्रिय रहेको छ । यसका लागि संचालक समितिले प्रचलित कानुन एवं नियमनकारी निकायहरुले तोकेको मापदण्डहरुलाई समेत ख्याल गर्दै नियमित तवरले बैठकहरु बसी उपयुक्त निर्णय लिदै आएको छ । सोही क्रममा गत आर्थिक वर्षमा संचालक समितिका कुल २६ वटा बैठकहरु सम्पन्न भएका थिए ।

त्यसैगरी बैंकमा संचालक सयोंजक हुनेगरी लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा सम्बन्धी समिति आदि नियमित समितिहरु रहेका छन् । हालै जारी नेपाल राष्ट्र बैंकको निर्देशिका अनुरुपम सम्पत्ति शुद्धिकरण निवारण समितिको पनि गठन भईसकेको छ । यसका अतिरिक्त बैंकले विशेष कार्यका लागि निश्चित अवधी तोकि विभिन्न समिति जस्तै भवन निर्माण समिति, नयाँ शाखा स्थापना गर्नको लागि आवश्यक सामान खरीद समिति आदि बनाई सो मार्फत आवश्यक निर्णयहरु लिदै आएको छ ।

**१३. प्रमुख कार्यकारी अधिकृतको नियुक्ति**

सन् २००८ देखि बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा बैंकको व्यवस्थापकीय नेतृत्व गर्दै आउनु भएका श्री सुरेन्द्र भण्डारीले बैंकबाट बिदा लिनु भएको छ । नयाँ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार एकै व्यक्ति लगातार दुई कार्यकालभन्दा बढी कार्यकारी प्रमुखको रुपमा रहन नमिल्ने भएका कारण उहाँले बैंकको प्रमुख कार्यकारी अधिकृतबाट विदा लिनु भएको हो । यस अवधीमा उहाँको नेतृत्वमा बैंकले गरेको प्रगतिको उच्च मुल्याकंन गर्दै संचालक समिति उहाँ प्रति हार्दिक आभार व्यक्त गर्दछ ।

श्री सुरेन्द्र भण्डारीले कार्यकारी प्रमुखबाट राजीनामा दिएपश्चात संचालक समितिले यही २०७४ श्रावण २६ गतेदेखि लागु हुने गरी श्री शम्भुनाथ गौतमलाई बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको छ । बैंकको स्थापना कालदेखि नै उच्च व्यवस्थापनमा रही काम गर्दै आउनु भएका श्री शम्भुनाथ गौतमसंग ३० वर्षभन्दा लामो अवधीको बैंकिङ्ग अनुभव रहेको छ । उहाँको कुशल नेतृत्वमा आगामी दिनमा बैंकले अझै प्रगती गर्दै जाने बिश्वास लिदै हामी उहाँको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

**१४. सहायक कम्पनी सिद्धार्थ क्यापिटल लि. ले गरेका मुलभूत कायहरु**

बैंकको सहायक कम्पनीको रुपमा सिद्धार्थ क्यापिटल लिमिटेड रहेको छ । जसको जारी तथा चुक्ता पूँजी रु २० करोड रहेकोमा उक्त पूँजीको ५१ प्रतिशत स्वामित्व यस बैंकको रहेको छ भने बाँकी ४९ प्रतिशत स्वामित्व अन्य संस्थापकहरुको रहेको छ ।

सिद्धार्थ क्यापिटलले म्युचुअल फण्डको व्यवस्थापनका अतिरिक्त सम्पूर्ण मर्चेन्ट बैंकिङ्ग व्यवसाय जस्तै शेयर रजिष्ट्रार, पोर्टफोलियो व्यवस्थापन, अण्डरराइट, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्य गर्दै आईरहेको छ । कम्पनीले गएको आर्थिक वर्षमा गरेका कार्यहरु अत्यन्त सन्तोषजनक देखिएका छन् ।

गत आर्थिक वर्ष २०७२/७३ मा सिद्धार्थ क्यापिटल लिमिटेडको खुद नाफा रु.३ करोड ४ लाख ९९ हजार ५ सय ११ रहेकोमा आर्थिक वर्ष २०७३/७४ मा कम्पनीको नाफामा उल्लेखनीय बृद्धि भई रु.१९ करोड ९७ लाख ३९ हजार ३ सय ७२ पुऱ्याउन सफल भएको छ । कम्पनीको आर्थिक वर्ष २०७३/७४ मा कम्पनीले शत प्रतिशत वोनस शेयर तथा २५ प्रतिशत नगद लाभांश वितरण गरेको छ । यस पश्चात् कम्पनीको चुक्ता पूँजी रु. २० करोड पुगेको व्यहोरा यहाँहरु समक्ष सहर्ष जानकारी गराउदछु ।

सिद्धार्थ क्यापिटलले नेपाल धितोपत्र बोर्ड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निक्षेप सदस्यको रुपमा कार्य गर्नका लागि इजाजत प्राप्त गरेकोमा सिद्धार्थ बैंक लि.का सम्पूर्ण शाखा कार्यालयहरु तथा आफ्नै कार्यालयहरुबाट निक्षेप सदस्य सम्बन्धी सेवा प्रदान गर्दै आईरहेको छ । सिद्धार्थ म्युचुअल फण्ड अन्तर्गतको सिद्धार्थ लगानी बृद्धि योजना–१ तथा सिद्धार्थ इक्वीटी ओरियन्टेड स्किमको योजना व्यवस्थापक रही कार्य गरेकोमा हाल रु ५० करोड मुल्यको सिद्धार्थ लगानी बृद्धि योजना–१ यही २०७४ साल पुष ९ गते परिपक्व भई खारेजीको प्रक्रियामा रहेको छ ।

त्यस्तै रु १ अर्बको सिद्धार्थ इक्वीटी ओरियन्टेड स्किम विगत तीन वर्षदेखि संचालनमा रहेको छ भने हालै रु १ अर्ब ५० करोड आधार आकारको सिद्धार्थ इक्विटी फण्ड संचालनमा ल्याएको छ । हाल बजारमा जारी भएका म्युचुअल फण्डहरु मध्ये सिद्धार्थ म्युचुअल फण्डका सबै योजनाहरुले लगानीकर्ताहरुलाई उचित प्रतिफल दिँदै सबैको विश्वास जित्न सफल भईरहेको हाम्रो बिश्वास रहेको छ ।

### १५. शेयरधनीहरुले दिएका सुझावहरुको कार्यान्वयन

गत वार्षिक साधारण सभामा शेयरधनीहरु महानुभावहरुले बैंकको व्यवस्थापकीय, व्यवसायिक लगायतका विभिन्न क्षेत्रमा बैंकले अझै राम्रो गर्न सकोस भन्ने हेतुले विभिन्न लिखित एवं मौखिक सुझावहरु दिनु भएको थियो । यस्ता सुझावहरुलाई बैंकले सदैव अत्यन्त सकारात्मकरुपमा लिदै आएको छ । शेयर धनी महानुभावहरुले दिनु भएका विभिन्न सुझावमध्ये मुलत: बैंकको मुनाफालाई निरन्तर बढाउनु पर्ने, बैंकको लगानी उत्पादनमुलक क्षेत्रमा बढी हुनुपर्ने, बैंकको लगानी विविधिकरण गर्नुपर्ने, जोखिम न्युनिकरणका लागि कार्य गर्नुपर्ने, कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने, बैंकको पहुँच विस्तार गर्नुपर्ने, प्रतिवेदनमा देखिएका शुद्धाशुद्धी जस्ता सामान्य त्रुटीहरु सच्याउनु पर्ने जस्ता सुझावहरु प्राप्त भएका थिए । शेयरधनीहरुबाट प्राप्त सुझावलाई बैंकले सदैव गम्भीरताका साथ मनन गर्दै कार्यान्वयन गर्दै आएको छ ।

बैंकको मुनाफा तर्फ हेर्ने हो भने बैंकले आक्रामक नभई निरन्तर (Consistently) मुनाफा बढाउँदै लगेको, बैंक भनेको आम जनसाधारणको विश्वासमा चल्ने संस्था भएकोले सो तर्फ ध्यान दिनुपर्ने भन्ने शेयरधनीहरुको सुझाव अनुरुप नै संस्थागत सुशासन तर्फ बैंक अत्यन्त सचेत रहेको, लगानी विविधिकरणको लागि कर्जाका विभिन्न सेवाहरु खासगरी साना तथा मझौला उद्यमी व्यवसायी लक्षित सेवाहरु जस्ता सिद्धार्थ सजिलो व्यवसाय कर्जा, सिद्धार्थ सरल कृषि कर्जा आदि प्रोडक्टहरु संचालनमा ल्याएको छ । त्यसैगरी सूचना प्रविधिको क्षेत्रमा देखिएका नयाँ नयाँ जोखिम प्रति बैंक सचेत रहेको सोही क्रममा बैंकले पुरानो म्याग्नेटिक स्ट्राइपमा आधारित कार्डको सट्टामा सुरक्षित इएमभी चिपमा आधारित कार्ड प्रणाली लागु गरेको छ ।

सुगम क्षेत्रमा मात्र होइन दुर्गम क्षेत्रमा समेत बैंकको पहुँच विस्तार गर्नुपर्छ भन्ने मान्यता अनुरुप दुर्गम गाउँपालिकाका साथै सदरमुकामभन्दा बाहिरका स्थानहरुमा पनि बैंकले शाखा विस्तार गरिरहेको छ भने शाखारहित बैंकिङ्ग सेवालाई समेत थप विस्तार गर्दै लगेको छ ।

शेयरधनी महानुभावहरुले प्रतिवेदनमा देखिएको प्राविधिक त्रुटी सच्याउन दिनु भएको सुझावलाई पनि हामीले यथसम्भव यथास्थानमा सच्याउने प्रयास गरेका छौं । आगामी दिनमा पनि शेयरधनी महानुभावहरुबाट निरन्तर सुझाव एवं सहयोगको अपेक्षा गर्दै प्राप्त सुझावलाई कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछौं ।

### १६. कारोबारलाई असर पार्ने मुख्य कुराहरु

गत आर्थिक वर्षको आधाआधी देखि नै देखा परेको बैंकिङ्ग क्षेत्रको तरलताको समस्या चालु आ.व.को शुरुका केही महिना अलि सहज महशुस भएपनि त्यो लामो समय टिक्न सकेन । पूर्ण सहजता देखिन नपाउँदै तरलतामा पुन: समस्या देखिएको छ । रेमिटान्स आप्रवाहमा आएको कमी, उच्च आयात, व्यापार घाटामा देखिएको उच्च बृद्धि, सरकारी पूँजीगत खर्चमा कमी आदि कारणले देखिएको तरलताको अभाव तत्काल समाधान हुने सम्भावना कम रहेको छ । यसरी छोटो समयका बीचमा नै व्याजदरमा भएको उतारचढाव एवं निक्षेप तथा कर्जा वृद्धिदरमा देखिएको फरक लगायत तरलताको समस्याले बैंकको व्यवसायमा प्रभाव पार्ने देखिन्छ ।

यो एक वर्षको अवधीमा मुलुकमा ऐतिहासिक स्थानीय, प्रदेश तथा संघीय प्रतिनिधि सभाको सफलतापूर्वक निर्वाचन सम्पन्न भईसकेको छ । यसले गर्दा आगामी दिनमा स्थीर सरकार बन्ने र देशले आर्थिक समृद्धिको बाटो समात्ने आशा गर्न त सकिन्छ । तर मुलुक पहिलो पटक संघीय संरचनाको अभ्यासमा जान लागेको अवस्थामा यसको स्वरुप कार्यान्वयनका क्रममा आईपर्न सक्ने समस्याहरुले तत्काल आर्थिक क्षेत्रतर्फ राजनीतिक क्षेत्रको ध्यान कम पुग्ने हो कि भन्ने आशंका रहेको छ । तथापि राजनीतिक आन्दोलनका विषयहरु सकिँदै गएकाले अब सबैको ध्यान आर्थिक विकास तथा समृद्धितर्फ जाने अपेक्षा भने गर्न सकिन्छ ।

यसरी समग्र मुलुकको राजनीतिक अवस्था आदि विभिन्न कारणले बैंकको कार्यलाई नियमित प्रभावित तुल्याईरहेको हुन्छ । मुलभुतरुपमा बैंकको कार्यलाई असर पार्ने तत्वहरुको बारेमा देहाय अनुसार बुँदागतरुपमा उल्लेख गरिएको छ ।

१. छोटो छोटो समयमा देखिने तरलताको समस्या नै बैंकको कार्यमा मुख्यरुपमा असर पार्ने तत्वको रुपमा रहेको छ ।

२. त्यसैगरी सदा झै देखिने राजनीतिक अन्योलताले आर्थिक क्षेत्रलाई पार्ने असरको प्रभाव बैंकिङ्ग क्षेत्रमा पनि पर्ने देखिन्छ ।

३. त्यस्तै सूचना प्रविधको विकास संगसंगै यससंग जोडिएका संचालन जोखिम बैंकहरुको लागि अर्को चूनौतिको विषय हो ।

४. देशको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित परिस्थितिले पनि बैंकको व्यवसायलाई असर पुऱ्याउन सक्ने देखिन्छ ।

५. यसका अतिरिक्त विदेशी विनिमय कारोबारका क्रममा विनिमयदरमा हुने परिवर्तनबाट हुनसक्ने जोखिम, कर्जा तथा लगानीको दायरा नबढ्दा बजारमा अस्वस्थ प्रतिस्पर्धा उत्पन्न भई आइपर्न सक्ने जोखिमहरु, छिमेकी मुलुक लगायत अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय जगतमा देखा पर्नसक्ने उतारचढावबाट नेपाली बजारमा पर्नसक्ने प्रभावले पनि बैंकको व्यवसायमा असर पुग्न सक्ने देखिन्छ । शेयरबजारमा देखिएको गिरावटले पनि बैंकको व्यवसायमा असर पुग्न सक्ने आंकलन गरिएको छ ।

६. देश संघीयतामा प्रवेश गरिसकेको अवस्थामा संघिय संरचना बमोजिम देशको आर्थिक, मौद्रिक तथा वित्तीय नीतिमा हुनसक्ने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित परिस्थितिले पनि बैंकको व्यवसायलाई असर पुऱ्याउन सक्ने देखिन्छ ।

यस्ता थुप्रै आर्थिक तथा गैर आर्थिक चुनौतीका वावजुद पनि बैंकले सोही अनुरुप योजना तथा रणनीतिहरुको अवलम्बन गरी आफ्नो लक्ष हासिल गर्ने प्रयास कायमै राख्नेछ ।

### १७. नाफा नोक्सान बाँडफाँड

आर्थिक वर्ष २०७३/०७४ मा रू १,३८,६१,७५,५०२ खुद नाफा भएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम खुद मुनाफाको २० प्रतिशत अर्थात रू २७,७२,३५,१०० साधारण जगेडा कोषमा रकम छुट्टाईएको छ । यसै गरी सोही ऐन बमोजिम रू १७,१९,३१,४२९ ऋणपत्र भुक्तानी कोषमा, रू.५,४३,८१,५९० लगानी समायोजन कोषमा, रू. ६३,०६,४६३ सटही घटबढ कोषमा, रू. ९५,७९,३४१ पूँजी समायोजन कोषमा, रू. २४,३३,३८३ कर्मचारी क्षमता अभिवृद्धि कोषमा, रू.१,३८,६१,७५५ संस्थागत सामाजिक उत्तरदायित्व कोषमा र रू. १,३२,५७,२१४ स्थगन कर कोषमा बाँडफाँड गरी गत वर्षको समायोजित संचित नाफा रू ७,२६,७७,६८९ र शेयर प्रिमियम रु १२,०२,३०,१६७ सहित समायोजन गरी आ.व. को अन्त्यमा भएको कुल रू १,०३,००,९७,०८३ वितरणयोग्य मुनाफामध्ये रू ९५,५६,५६,४०२ अर्थात् १४ प्रतिशत बोनस शेयर शेयरधनी महानुभावहरूलाई वितरण गर्ने र बाँकी संचित मुनाफामा सार्ने प्रस्ताव गरिएको छ । बोनसमा लाग्ने करको हकमा यस बैंक र साविक बिजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लि. बीच मर्जर भई मिति २०७३।३।२१ देखि संयुक्त कारोबार भएको हुँदा उक्त दिनसम्म कायम शेयरधनीहरुलाई सो मितिबाट दुई वर्षसम्म लाभांश कर नलाग्ने हुँदा सोभन्दा पछि शेयर खरीद गर्नुभएका शेयरधनी महानुभावहरुसंग बोनस वापत लाग्ने कर रकम लिई बोनस वितरण गर्ने प्रस्ताव समेत गरिएको छ ।

### १८. धन्यवाद ज्ञापन

अन्त्यमा, बैंकको उन्नती र प्रगतीको सहयात्रामा साथ दिनुहुने सम्पूर्ण ग्राहक महानुभावहरू, शेयरधनी महानुभावहरू तथा नियमनकारी निकायहरू नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालयका साथै नेपाल स्टक एक्स्चेन्ज लि.बाट प्राप्त सहयोग तथा मार्गदर्शनको लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दै भविष्यमा पनि यसै गरी यहाँहरूको साथ पाईरहने विश्वास लिएका छौं । बैंकको हितको लागि निरन्तर क्रियाशील भई ग्राहकवर्गको सेवामा संलग्न बैंक व्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरू, आन्तरिक तथा बाह्य लेखापरीक्षक एवं सम्पूर्ण शुभेच्छुकहरूलाई यस अवसरमा हार्दिक धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ।

संचालक समितिको तर्फबाट
मनोज कुमार केडिया
अध्यक्ष
मिति: २०७४/११/८

# अनुसुची (क)

**१. लेखापरीक्षकको प्रतिवेदन सम्बन्धमा संचालक समितिको टिप्पणी**

लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएका विवरण तथा सुझावहरुमाथि सञ्चालक समितिमा छलफल भई लेखापरीक्षकले राख्नुभएका सुझावहरुलाई कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिने गरिएको छ । साथै लेखापरीक्षण समितिले तयार गरेको प्रतिवेदनहरु नियमित रुपमा सञ्चालक समितिमा पेश गरी सो उपर नियमित छलफल एवं आवश्यक निर्णयहरु गर्ने गरिएको छ ।

**२. लेखापरीक्षण समिति**

क) बैंकको लेखापरीक्षण समितिमा निम्न लिखित सदस्यहरु रहनु भएको छ ।

| | |
|---|---|
| १. श्री नरेन्द्र कुमार अग्रवाल | संयोजक |
| २. श्री दिनेश शंकर पालिखे | सदस्य |
| ३. श्री सुजित पोखरेल | सदस्य सचिव |

*लेखापरीक्षण समितिको सदस्यको रुपमा रहनुभएका स्वतन्त्र संचालक श्री भगत बिष्टको २०७४ फाल्गुण ५ गते असामयिक दुख:द निधन भएको र सो स्थानमा थप नियुक्ति हुन बाँकी ।*

(ख) समीक्षा अवधिमा लेखापरीक्षण समितिका ११ वटा बैठक सम्पन्न भएका थिए जसमा मुलत: निम्न विषयहरु उपर छलफल गरी विभिन्न निर्णयहरु गरिएको थियो :

- आ.व. २०७३/७४ को लागि लेखापरीक्षण योजना र कार्यक्रमहरु ।
- प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन, त्यस उपर व्यवस्थापनको जवाफ तथा आ.व. २०७३/७४ को वित्तीय विवरणहरु उपर छलफल ।
- नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागबाट भएको स्थलगत निरिक्षण प्रतिवेदन, २०७३ उपर छलफल तथा बैंक व्यवस्थापनलाई निर्देशन ।
- केन्द्रीय तथा शाखा कार्यालयहरुका कर्जा तथा सञ्चालन सम्बन्धी लेखापरीक्षण प्रतिवेदनहरु ।
- शाखा कार्यालयहरुका प्रतीतपत्र कारोबार सम्बन्धी लेखापरीक्षण प्रतिवेदनहरु ।
- लगानी तथा जोखिम व्यवस्थापन सम्बन्धी लेखापरीक्षण प्रतिवेदन ।

(ग) समीक्षा अवधिमा लेखापरिक्षण समितिमा रहनुभएका संयोजक तथा सदस्यहरुलाई प्रति बैठक रु. १०,००० का दरले बैठक भत्ता प्रदान गरिएको छ ।

(घ) समीक्षा अवधिमा सञ्चालकहरु र प्रमुख कार्यकारी अधिकृतलाई भुक्तान गरिएको रकमको विवरण

- सञ्चालकहरुलाई बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्य भत्ता तथा खर्च वापत भुक्तानी भएको रु.५८,००,४६३/-
- प्रमुख कार्यकारी अधिकृतलाई पारिश्रमिक, भत्ता तथा अन्य सुविधा वापत भुक्तानी गरिएको रु. १,१२,६८,९५१/-

**३. लाभांशको विवरण**

बैंकले गत आ.व. २०७२/७३ मा ३९ प्रतिशतको दरले बोनस शेयर वितरण गरेकोमा यस आ.व.मा १४ प्रतिशतको दरले बोनस शेयर वितरण गर्ने प्रस्ताव बैंकको सञ्चालक समितिले गरेको छ ।

**४. आर्थिक वर्ष २०७३/०७४ मा बैंकले कुनै शेयर जफत गरेको छैन ।**

**५. कुनै पनि सञ्चालक, कार्यकारी प्रमुख, बैंकका संस्थापक शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले बैंकलाई कुनै पनि रकम बुझाउन बाँकी छैन ।**

SAR ASSOCIATES
CHARTERED ACCOUNTANTS

**Auditors' Report**

**To the Shareholders of Siddhartha Bank Limited**

**Report on the Consolidated Financial Statements**

We have audited the accompanying consolidated financial statements of Siddhartha Bank Limited and its subsidiaries, which comprise the consolidated balance sheet as of July 15, 2017 (Ashadh 31, 2074) and the consolidated profit and loss account, statement of changes in equity and cash flow statement for the year then ended and a significant accounting policies and other explanatory notes.

***Management's responsibility for the Financial Statements***

Management is responsible for the preparation and fair presentation of the consolidated financial statements in accordance with the Nepal Financial Reporting Standard and for such internal control as management determines is necessary to enable the preparation of consolidated financial statements that are free from material misstatement, whether due to fraud or error.

***Auditor's responsibility***

Our responsibility is to express an opinion on these consolidated financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the consolidated financial statements are free of material misstatement.

An audit involves performing procedure to obtain evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's professional judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers the internal control relevant to the entity's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of entity's internal control.

An audit also includes evaluating the appropriateness of the accounting policies used and the reasonableness of accounting estimates made by the management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

***Basis for Disclaimer of Opinion***

The applicable financial reporting framework for the Bank was changed to Nepal Financial Reporting Standards (NFRS) from Nepal Accounting Standards effective from fiscal year starting 17 July 2015. Para 21 of Nepal Financial Reporting Standards 1 required that an entity's first NFRS compliant financial statements shall include at least three statements of financial position, two statements of comprehensive income, two separate income statements (if presented), two statements of cash flows and two statements of changes in equity and related notes, including comparative information.

However, consolidated financial statements have not been prepared applying Nepal Financial Reporting Standard and financial information of previous years have not been restated and disclosed based on transitional provision of NFRS 1.

The cumulative effect of not restating, presenting and disclosing consolidated financial information based on transitional provision of Nepal Financial Reporting Standards is uncertain and could be material and pervasive.

64 Bishal Basti "Ka", Bishal Nagar, Kathmandu, Nepal. Tel: +977 1 4420807 / 08 / 10 Fax: +977 1 4440528 Email: info@sar.com.np Web: www.sar.com.np

***Disclaimer of Opinion***

Because of the matters described in the Basis for Disclaimer of Opinion paragraph, we have not been able to obtain sufficient appropriate audit evidence regarding cumulative effect of not restating financial items and making additional disclosure as required by transitional provision for first time adoption of Nepal Financial Reporting Standards to provide a basis for an audit opinion. Accordingly, we do not express an opinion on the consolidated financial statements which have not been prepared in accordance with Nepal Financial Reporting Standards.

**Report on the requirements of Banks and Financial Institutions Act 2063 and Company Act 2063**

We have obtained satisfactory information and explanations asked for, which to the best of our knowledge and belief were necessary for the purpose of our audit and the returns received from the branch offices of the bank, though the statements are independently not audited were adequate for the purpose of the audit.

The Bank has not measured the investment made in shares of a listed company categorized as 'Held for Trading' and 'Available for Sale' on 'Marked to Market' Basis resulting in understatement of investment and correspondingly, the reserve, by NPR 1,404,284,988 which in our opinion, is not in accordance with Nepal Rastra Bank Unified Directives.

Except as noted in the preceding paragraph and our opinion regarding consolidated financial statements not having been prepared in accordance with the applicable financial reporting framework required for the fiscal year, the consolidated financial statements including the consolidated Balance Sheet, the consolidated Profit and Loss Account and the Cash flow Statement have been prepared in all material respect in accordance with financial reporting framework as specified by Nepal Rastra Bank, and they are in agreement with the books of accounts of the Bank; and the accounts and records of the Bank are properly maintained in accordance with the prevailing laws.

To the best of our information and according to the explanations given to us, in the course of our audit, we observed that the loans have been provisioned and written off as specified; the business of the Bank was conducted satisfactorily, and the Bank's transactions were found to be within the scope of its authority. We did not come across cases of accounting related fraud and the cases where the board of directors or any director or any office bearer of the Bank has acted contrary to the provisions of law or caused loss or damage to the Bank or committed any misappropriation of the funds of bank.

Sunir Kumar Dhungel
Managing Partner

Date: January 04, 2018
Place: Kathmandu

Siddhartha Bank

# एकीकृत वासलात

(२०७४ साल आषाढ मसान्त)

| | पुँजी तथा दायित्व | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. | शेयर पुँजी | ७,५८,४५,३५,३४४ | ४,४९,६१,४३,२६६ |
| २. | जगेडा तथा कोषहरू | २,४१,८८,३२,४५० | १,७६,६२,५१,२७२ |
| ३. | नन कन्ट्रोलिङ इन्ट्रेस्ट | १४,६८,७२,२९२ | ६,८७,९२,४०७ |
| ४. | ऋणपत्र तथा बण्ड | १,२०,३५,२०,००० | १,२०,३५,२०,००० |
| ५. | तिर्न बाँकी कर्जा तथा सापटी | ५०,५७,१४,०३९ | ९१,००,००,००० |
| ६. | निक्षेप दायित्व | ७६,३३,९४,८५,०९० | ६४,९०,२०,०५,१०१ |
| ७. | भुक्तानी दिनुपर्ने बिलहरू | २,६२,५८,१६८ | ४,००,१९,६०३ |
| ८. | प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – | – |
| ९. | आयकर दायित्व | – | – |
| १०. | अन्य दायित्व | १,६५,४१,८२,१७४ | १,४३,९५,९८,०५५ |
| | **कुल पुँजी तथा दायित्व** | **८९,८७,९३,९९,५५७** | **७४,८२,६३,२९,७०४** |

| | सम्पत्ति | चालु आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|
| १. | नगद मौज्दात | २,५७,३७,०३,२३५ | १,९४,०५,८४,३७६ |
| २. | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ६,६७,२३,३०,९०६ | ३,८४,७२,६८,०३९ |
| ३. | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४९,७९,३७,९२४ | ८४,९५,४६,०९३ |
| ४. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ५२,१३,००,००० | ९५,०७,००,००० |
| ५. | लगानी | ११,४३,५२,१८,७१४ | ९,८२,३५,२२,२९५ |
| ६. | कर्जा, सापट तथा बिल खरिद | ६५,९८,६३,६६,६२० | ५५,३५,०८,९१,२२९ |
| ७. | स्थिर सम्पत्ति | ७६,२३,४७,३६५ | ६३,५०,१९,८५२ |
| ८. | गैर बैकिङ्ग सम्पत्ति | – | – |
| ९. | अन्य सम्पत्ति | १,४३,०१,९४,७९३ | १,४२,८७,९७,८१८ |
| | **कुल सम्पत्ति** | **८९,८७,९३,९९,५५७** | **७४,८२,६३,२९,७०४** |

**द. प्रमेश श्रेष्ठ**
प्रबन्धक - वित्त तथा लेखा

**द. सुन्दर प्र. कडेल**
सहायक प्रमुख कार्यकारी अधिकृत

**द. शम्भुनाथ गौतम**
प्रमुख कार्यकारी अधिकृत

**द. नरेन्द्र कुमार अग्रवाल**
**द. विरेन्द्र कुमार शाह**
**द. दिनेश शंकर पालिखे**
**द. राजेश कुमार केडिया**
**द. भगत विष्ट**
(संचालकहरू)

**द. मनोज कुमार केडिया**
अध्यक्ष

आजको मितिको संलग्न प्रतिवेदन अनुसार
**सुनिर कुमार ढुङ्गेल**
**साझेदार**
निमित्त एस.ए.आर. एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्टस्

मितिः पौष २०, २०७४ (4 January 2018)
काठमाडौं

Siddhartha Bank

# एकीकृत नाफा-नोक्सान हिसाब

(१ श्रावण २०७३ देखि ३१ आषाढ २०७४ सम्म)

| | विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. | ब्याज आम्दानी | ६,६४,१४,७०,७११ | ४,११,९४,७८,९३८ |
| २. | ब्याज खर्च | ३,९७,३९,५८,६०२ | १,९८,९४,१८,०३२ |
| | **खुद ब्याज आम्दानी** | **२,६६,७५,१२,१०९** | **२,१३,००,६०,९०६** |
| ३. | कमिशन तथा डिस्काउण्ट | १६,८९,२४,४७६ | १७,३९,१७,४७६ |
| ४. | अन्य सञ्चालन आम्दानी | ७०,२६,७५,०३७ | ३७,१५,०८,२२८ |
| ५. | सटही घटबढ आम्दानी | १६,४७,५५,८७६ | १६,७०,८५,०९७ |
| | **कुल सञ्चालन आम्दानी** | **३,७०,३८,६७,४९७** | **२,८४,२५,७१,७०७** |
| ६. | कर्मचारी खर्च | ६१,५६,८४,८८१ | ३८,७६,१७,७९१ |
| ७. | अन्य सञ्चालन खर्च | ६३,७०,१७,९९३ | ५०,९२,५४,९५० |
| ८. | सटही घटबढ नोक्सान | – | – |
| | **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **२,४५,११,६४,६२३** | **१,९४,५६,९८,९६६** |
| ९. | सम्भावित नोक्सानी व्यवस्थाहरू | ४२,९०,७०,४९० | २५,९३,४०,३८४ |
| | **सञ्चालन मुनाफा** | **२,०२,२०,९४,१३३** | **१,६८,६३,५८,५८२** |
| १०. | गैर सञ्चालन आम्दानी/(नोक्सान) | २२,०२,०५,३३४ | १७,२०,२२,०४० |
| ११. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २८,६२,२८,२८६ | १५,७३,६३,८३६ |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | **२,५२,८५,२७,७५४** | **२,०१,५७,४४,४५९** |
| १२. | असामान्य कारोबारहरूबाट भएको मुनाफा/(खर्च) | (७,३४,६८,७१५) | ५,७२,०८४ |
| | **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **२,४५,५०,५९,०३९** | **२,०१,६३,१६,५४३** |
| १३. | कर्मचारी बोनस व्यवस्था | २२,३१,८७,१८६ | १८,३३,०१,५०४ |
| १४. | आयकर व्यवस्था (क+ख-ग) | ६४,५९,५६,९७९ | ५४,७५,९७,५२४ |
| | **क.** यस वर्षको | ६५,२३,६२,२०२ | ५४,५३,७२,८९४ |
| | **ख.** गत वर्षसम्मको | ७१,५६,२२८ | ३२,५४,४१५ |
| | **ग.** स्थगन आम्दानी/(खर्च) | १,३५,६१,४५१ | १०,२९,७८५ |
| १५. | शेयर अफ नन–कन्ट्रोलिङ इन्ट्रेस्ट | ९,७८,७२,२९२ | १,४९,४४,७६० |
| **खुद नाफा/(नोक्सान)** | | **१,४८,८०,४२,५८२** | **१,२७,०४,७२,७५५** |

**द. प्रमेश श्रेष्ठ**
प्रबन्धक - वित्त तथा लेखा

**द. सुन्दर प्र. कडेल**
सहायक प्रमुख कार्यकारी अधिकृत

**द. शम्भुनाथ गौतम**
प्रमुख कार्यकारी अधिकृत

**द. नरेन्द्र कुमार अग्रवाल**

**द. विरेन्द्र कुमार शाह**

**द. दिनेश शंकर पालिखे**

**द. राजेश कुमार केडिया**

**द. भगत विष्ट**

(संचालकहरू)

**द. मनोज कुमार केडिया**
अध्यक्ष

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**सुनिर कुमार ढुङ्गेल**
**साझेदार**
निमित्त एस.ए.आर. एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

मिति: पौष २०, २०७४ (4 January 2018)
काठमाडौं

SiddharthaBank

# एकीकृत नाफा-नोक्सान बाँडफाँड हिसाब

(१ श्रावण २०७३ देखि ३१ आषाढ २०७४ सम्म)

| विवरण | चालु आ.व. रु. | गत आ.व. वर्ष रु. |
|---|---|---|
| **आम्दानी** | | |
| १. गत वर्षसम्मको सञ्चित मुनाफा | ९,९५,२१,१२९ | १,३६,८५,३४९ |
| २. यस वर्षको मुनाफा | १,४८,८०,४२,५८२ | १,२७,०४,७२,७५५ |
| ३. सटही घटबढ कोष | – | – |
| ४. पुँजी समायोजन कोषबाट रकमान्तर | – | ३,३७,६१,५६० |
| ५. मर्जर रिजर्भ | – | ४७,१५,३८,३२१ |
| ६. शेयर प्रिमियम | १२,०२,३०,१६७ | ३,७९,९७९ |
| ७. ऋणपत्र भुक्तानी कोषबाट सारिएको | – | २२,७७,७०,००० |
| **जम्मा** | **१७,०,७७,९३,८७७** | **२,०१,७६,०७,९६४** |
| **खर्च** | | |
| १. गत वर्षसम्मको सञ्चित नोक्सान | – | – |
| २. यस वर्षको नोक्सान | – | – |
| ३. साधारण जगेडा कोष | २७,७२,३५,१०० | २५,०९,८३,६०१ |
| ४. भैपरी आउने जगेडा | – | – |
| ५. संस्था विकास कोष | – | – |
| ६. लाभांश समीकरण कोष | – | – |
| ७. कर्मचारी दक्षता अभिबृद्धि कोष | २४,३३,३८३ | – |
| ८. प्रस्तावित लाभांश | – | – |
| ९. प्रस्तावित बोनस शेयर जारी | ९५,५६,५६,४०२ | १,४७,३२,६२,७०२ |
| १०. विशेष जगेडा कोष | – | – |
| ११. सटही घटबढ कोष | ६३,०६,४६३ | ३३,९७,४१७ |
| १२. पुँजी फिर्ता जगेडा कोष | – | – |
| १३. पुँजी समायोजन कोष | ९५,७९,३४१ | ९८,४८,४९१ |
| १४. लगानी समायोजन कोष | ५,४३,८१,५९० | ७४,२७,८३० |
| १५. स्थगन कर कोष | १,३२,५७,२१४ | १२,३५,३६५ |
| १६. अन्य | – | – |
| ऋणपत्र भुक्तानी कोष | १७,१९,३१,४२९ | १७,१९,३१,४२९ |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | १,३८,६१,७५५ | – |
| शेयर प्रिमियम | – | – |
| **जम्मा** | **१,५०,४६,४२,६७७** | **१,९१,८०,८६,८३५** |
| **१७. सञ्चित मुनाफा/(नोक्सान)** | **२०,३१,५१,२००** | **९,९५,२१,१२९** |

**द. प्रमेश श्रेष्ठ**
प्रबन्धक - वित्त तथा लेखा

**द. सुन्दर प्र. कडेल**
सहायक प्रमुख कार्यकारी अधिकृत

**द. शम्भुनाथ गौतम**
प्रमुख कार्यकारी अधिकृत

**द. नरेन्द्र कुमार अग्रवाल**
**द. विरेन्द्र कुमार शाह**
**द. दिनेश शंकर पालिखे**
**द. राजेश कुमार केडिया**
**द. भगत विष्ट**
(संचालकहरू)

**द. मनोज कुमार केडिया**
अध्यक्ष

आजको मितिको संलग्न प्रतिवेदन अनुसार
**सुनिर कुमार ढुङ्गेल**
**साझेदार**
निमित्त एस.ए.आर. एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्टस्

मितिः पौष २०, २०७४ (4 January 2018)
काठमाडौं

Siddhartha Bank

# एकीकृत नगद प्रवाह विवरण

(१ श्रावण २०७३ देखि ३१ आषाढ २०७४ सम्म)

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **(क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | **२,०३,७६,६८,४११** | **४,६४,६०,४८,६५९** |
| १. **नगद प्राप्ति** | **७,४०,७५,८५,५४६** | **४,९१,१४,९८,३३५** |
| १.१ ब्याज आम्दानी | ६,६५,१९,५१,३७२ | ४,११,८४,९३,९८५ |
| १.२ कमिशन तथा डिस्काउण्ट आम्दानी | ५४,९६,१०,५५० | ४९,०५,०७,०१६ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | १६,४७,५५,८७६ | १६,७०,८५,०९७ |
| १.४ अपलेखित कर्जाको असूली | (७,३४,६८,७१५) | ५,७२,०८४ |
| १.५ अन्य आम्दानी | ११,४७,३६,४६३ | १३,४८,४०,१५२ |
| २. **नगद भुक्तानी** | **५,८७,९४,२७,०२०** | **३,४७,७१,०१,५२९** |
| २.१ ब्याज खर्च | ४,००,७९,१७,३३९ | १,९६,३८,२०,०३९ |
| २.२ कर्मचारी खर्च | ७८,६८,९३,४५० | ५५,२०,७२,३९२ |
| २.३ कार्यालय सञ्चालन खर्च | ५०,५१,०३,७३५ | ४२,३९,०२,०१८ |
| २.४ आयकर भुक्तानी | ५७,९५,१२,४९६ | ५३,७३,०७,०८१ |
| २.५ अन्य खर्च | - | - |
| **कार्यगत पुँजी गतिविधि अघिको नगद प्रवाह** | **१,५२,८१,५८,५२५** | **१,४३,४३,९६,८०५** |
| **संचालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | **(१०,३८,१४,५०,६४५)** | **(१८,२६,०३,२२,८४६)** |
| १. माग तथा अल्पसूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | ४२,९४,००,००० | १७,९३,००,००० |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | (७,७९,९९,८०७) | १,०४,७६,७६,०५१ |
| ३. कर्जा तथा बिल खरीदमा कमी/(वृद्धि) | (१०,७५,५५,६८,१७९) | (१९,१२,०३,९०,०७०) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | २,२७,१७,३४१ | (३६,६९,०८,८२७) |
| **संचालन सम्बन्धी चालू दायित्वमा कमी/(वृद्धि)** | **१०,८९,०९,६०,५३०** | **२१,४७,१९,७४,७००** |
| १. निक्षेप दायित्वमा (कमी)/वृद्धि | ११,४०,५१,२६,५३९ | २०,१९,३६,२६,७६७ |
| २. सर्टिफिकेट अफ डिपोजिटमा (कमी)/वृद्धि | - | - |
| ३. अल्पकालीन सापटीमा (कमी)/वृद्धि | (४०,४२,८५,९६१) | ८४,५०,००,००० |
| ४. अन्य दायित्वमा (कमी)/वृद्धि | (१०,९८,८०,०४८) | ४३,३३,४७,९३३ |
| **(ख) लगानी कारोबारमा नगद प्रवाह** | **(१,५१,२६,०४,४७७)** | **(४,४७,०६,७५,६८१)** |
| १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | (१,३९,४२,३९,५९२) | (४,२२,१२,८२,६०१) |
| २. स्थीर सम्पत्तिमा कमी/(वृद्धि) | (२०,२४,२८,०७६) | (२७,४९,३३,४३४) |
| ३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | - | - |
| ४. लाभांश आम्दानी | ८,४०,६३,१९१ | २,५५,४०,३५४ |
| ५. अन्य आम्दानी | - | - |
| **(ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | **२,२५,२९,६५,८४३** | (२४,८३,४७,६१७) |
| १. दीर्घकालीन ऋण (बण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | - | (२२,७७,७०,०००) |
| २. शेयर पुँजीमा वृद्धि/(कमी) | ७५,४७,१६,०७६ | - |
| ३. शेयर पुँजी (कल्स इन एडभान्स) मा बृद्धि/(कमी) | १,३७,८०,१९,६०० | ८,०३,२२५ |
| ४. अन्य दायित्वमा वृद्धि/(कमी) | - | - |
| ५. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पूनरकर्जामा वृद्धि/(कमी) | - | - |
| ६. हकप्रद शेयरको लिलामी मार्फत शेयर प्रिमियममा बृद्धि/(कमी) | १२,०२,३०,१६७ | - |
| ७. प्रस्तावित लाभांश र तिर्नुपर्ने लाभांश वृद्धि/(कमी) | - | (२,१३,८०,८४२) |
| **(घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/(खर्च)** | **-** | |
| **(ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग+घ)** | **३,०७,४२,२०,१०७** | **२९,८५,१६,६५०** |
| **(च) मर्जर पछिको रिजर्भ** | **-** | **१,२३,९९,९२,७४८** |
| **(छ) नगद तथा बैंकमा रहेको सुरु मौज्दात** | **६,६६,९७,५१,९५८** | **५,१३,१२,४२,५६०** |
| **(ज) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **९,७४,३९,७२,०६६** | **६,६६,९७,५१,९५८** |

SAR
ASSOCIATES
CHARTERED ACCOUNTANTS

**Auditors' Report**

**To the Shareholders of Siddhartha Bank Limited**

**Report on the Financial Statements**

We have audited the accompanying financial statements of Siddhartha Bank Limited which comprise the balance sheet as of July 15, 2017 (Ashadh 31, 2074) and the profit and loss account, statement of changes in equity and cash flow statement for the year then ended and a significant accounting policies and other explanatory notes.

***Management's responsibility for the Financial Statements***

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with the Nepal Financial Reporting Standard and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

***Auditor's responsibility***

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement.

An audit involves performing procedure to obtain evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's professional judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers the internal control relevant to the entity's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of entity's internal control.

An audit also includes evaluating the appropriateness of the accounting policies used and the reasonableness of accounting estimates made by the management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

***Basis for Disclaimer of Opinion***

The applicable financial reporting framework for the Bank was changed to Nepal Financial Reporting Standards (NFRS) from Nepal Accounting Standards effective from fiscal year starting 17 July 2015. Para 21 of Nepal Financial Reporting Standards 1 required that an entity's first NFRS compliant financial statements shall include at least three statements of financial position, two statements of comprehensive income, two separate income statements (if presented), two statements of cash flows and two statements of changes in equity and related notes, including comparative information.

However, financial statements have not been prepared applying Nepal Financial Reporting Standard and financial information of previous years have not been restated and disclosed based on transitional provision of NFRS 1.

The cumulative effect of not restating, presenting and disclosing consolidated financial information based on transitional provision of Nepal Financial Reporting Standards is uncertain and could be material and pervasive.

64 Bishal Basti "Ka", Bishal Nagar, Kathmandu, Nepal. Tel: +977 1 4420807 / 08 / 10 Fax: +977 1 4440528 Email: info@sar.com.np Web: www.sar.com.np

***Disclaimer of Opinion***

Because of the matters described in the Basis for Disclaimer of Opinion paragraph, we have not been able to obtain sufficient appropriate audit evidence regarding cumulative effect of not restating financial items and making additional disclosure as required by transitional provision for first time adoption of Nepal Financial Reporting Standards to provide a basis for an audit opinion. Accordingly, we do not express an opinion on the financial statements which have not been prepared in accordance with Nepal Financial Reporting Standards.

**Report on the requirements of Banks and Financial Institutions Act 2063 and Company Act 2063**

We have obtained satisfactory information and explanations asked for, which to the best of our knowledge and belief were necessary for the purpose of our audit and the returns received from the branch offices of the bank, though the statements are independently not audited were adequate for the purpose of the audit.

The Bank has not measured the investment made in shares of a listed company categorized as 'Held for Trading' and 'Available for Sale' on 'Marked to Market' Basis resulting in understatement of investment and correspondingly, the reserve, by NPR 1,404,284,988 which in our opinion, is not in accordance with Nepal Rastra Bank Unified Directives.

Except as noted in the preceding paragraph and our opinion regarding financial statements not having been prepared in accordance with the applicable financial reporting framework required for the fiscal year, the financial statements including the Balance Sheet, the Profit and Loss Account and the Cash flow Statement have been prepared in all material respect in accordance with financial reporting framework as specified by Nepal Rastra Bank, and they are in agreement with the books of accounts of the Bank; and the accounts and records of the Bank are properly maintained in accordance with the prevailing laws.

To the best of our information and according to the explanations given to us, in the course of our audit, we observed that the loans have been provisioned and written off as specified; the business of the Bank was conducted satisfactorily, and the Bank's transactions were found to be within the scope of its authority. We did not come across cases of accounting related fraud and the cases where the board of directors or any director or any office bearer of the Bank has acted contrary to the provisions of law or caused loss or damage to the Bank or committed any misappropriation of the funds of bank.

Sunir Kumar Dhungel
Managing Partner

Date: January 04, 2018
Place: Kathmandu

SiddharthaBank

# वासलात

(२०७४ साल आषाढ मसान्त)

| | पुँजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| १. | शेयर पुंजी | ४.१ | ७,५८,४५,३५,३४४ | ४,४९,६१,४३,२६६ |
| २. | जगेडा तथा कोषहरू | ४.२ | २,२९,६५,७२,७०५ | १,७४,५८,२३,४३७ |
| ३. | ऋणपत्र तथा बण्ड | ४.३ | १,२०,३५,२०,००० | १,२०,३५,२०,००० |
| ४. | तिर्न बाँकी कर्जा तथा सापटी | ४.४ | ५०,५७,१४,०३९ | ९१,००,००,००० |
| ५. | निक्षेप दायित्व | ४.५ | ७७,३१,७५,५९,२९९ | ६४,९३,४३,५८,५५१ |
| ६. | भुक्तानी दिनुपर्ने बिलहरू | ४.६ | २,६२,५८,१६८ | ४,००,१९,६०३ |
| ७. | प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - | - |
| ८. | आयकर दायित्व | - | - | - |
| ९. | अन्य दायित्व | ४.७ | ९६,७३,५२,४५६ | १,०७,३२,२२,९७० |
| | **कुल पुँजी तथा दायित्व** | | **८९,९०१,५,१२,०१०** | **७४,४०,३०,८७,८२७** |

| | सम्पत्ति | अनुसूची | चालु आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|---|
| १. | नगद मौज्दात | ४.८ | २,५७,३६,७८,१८५ | १,९४,०५,८४,२९२ |
| २. | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.९ | ६,६७,२३,३०,९०६ | ३,८४,७२,६८,०३९ |
| ३. | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.१० | ७८,४९,०२,२५८ | ४८,६९,५५,०३३ |
| ४. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४.११ | ५२,१३,००,००० | ९५,०७,००,००० |
| ५. | लगानी | ४.१२ | ११,२७,२०,९६,९२१ | ९,८२,२६,०६,९३७ |
| ६. | कर्जा, सापट तथा बिल खरिद | ४.१३ | ६५,९८,६३,६६,६२० | ५५,३५,०८,९१,२२९ |
| ७. | स्थिर सम्पत्ति | ४.१४ | ७३,१३,८७,७६५ | ६२,१९,१५,६०१ |
| ८. | गैर बैंकिङ्ग सम्पत्ति | ४.१५ | – | – |
| ९. | अन्य सम्पत्ति | ४.१६ | १,३५,९४,४९,३५५ | १,३८,२१,६६,६९५ |
| | **कुल सम्पत्ति** | | **८९,९०,१५,१२,०१०** | **७४,४०,३०,८७,८२७** |

सम्भावित दायित्व अनुसूची ४.१७
सञ्चालकहरूको घोषणा अनुसूची ४.२९
पुँजीकोष तालिका अनुसूची ४.३०
जोखिम भारित सम्पत्ति विवरण तालिका अनुसूची ४.३०(क)

प्रमुख सूचकाङ्कहरू अनुसूची ४.३१
प्रमुख लेखा नीतिहरू अनुसूची ४.३२
लेखा सम्बन्धी टिप्पणीहरू अनुसूची ४.३३

**४.१ देखि ४.१७ सम्मका अनुसूचीहरू वासलातका अभिन्न अङ्ग हुन् ।**

**द. प्रमेश श्रेष्ठ**
प्रबन्धक - वित्त तथा लेखा

**द. सुन्दर प्र. कडेल**
सहायक प्रमुख कार्यकारी अधिकृत

**द. शम्भुनाथ गौतम**
प्रमुख कार्यकारी अधिकृत

**द. नरेन्द्र कुमार अग्रवाल**
**द. विरेन्द्र कुमार शाह**
**द. दिनेश शंकर पालिखे**
**द. राजेश कुमार केडिया**
**द. भगत विष्ट**
(संचालकहरू)

**द. मनोज कुमार केडिया**
अध्यक्ष

आजको मितिको संलग्न प्रतिवेदन अनुसार
**सुनिर कुमार ढुङ्गेल**
**साझेदार**
निमित्त एस.ए.आर. एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्टस्

मिति: पौष २०, २०७४ (4 January 2018)
काठमाडौं

# नाफा-नोक्सान हिसाब

(१ श्रावण २०७३ देखि ३१ आषाढ २०७४ सम्म)

| | विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| १. | ब्याज आम्दानी | ४.१८ | ६,६५,१९,५१,३७२ | ४,११,८४,९३,९८५ |
| २. | ब्याज खर्च | ४.१९ | ३,९९,८१,६५,४३८ | २,००,०९,०१,९९१ |
| | **खुद ब्याज आम्दानी** | | **२,६५,३७,८५,९३४** | **२,११,७५,९१,९९४** |
| ३. | कमिशन तथा डिस्काउण्ट | ४.२० | १६,८९,२४,४७६ | १७,३९,१७,४७६ |
| ४. | अन्य सञ्चालन आम्दानी | ४.२१ | ३८,०६,८६,०७४ | ३१,६५,८९,५४० |
| ५. | सटही घटबढ आम्दानी | ४.२२ | १६,४७,५५,८७६ | १६,७०,८५,०९७ |
| | **कुल सञ्चालन आम्दानी** | | **३,३६,८१,५२,३५९** | **२,७७,५१,८४,१०७** |
| ६. | कर्मचारी खर्च | ४.२३ | ५९,०३,२४,६५० | ३७,२८,४९,८८३ |
सफ्टवेयरतर्फ गरिएको खर्चलाई परलमोलमा लेखाङ्कन गरी खरिद गरिएको र कार्यान्वयन गरिएको मितिवाट ५ वर्षभित्र त्यसको प्रयोगयोग्य आयुको निर्धारण गरी परिशोधन गर्ने गरिएको छ ।

पट्टा बिकासलाई स्थायी किस्ताबन्दी प्रणाली बमोजिम ५ बर्ष वा पट्टा अवधीमा जुन अघि हुन्छ सोही आधारमा अपलेखन गरिएको छ ।

**५.१६) गैर बैकिङ्ग सम्पति**

गैर बैंकिङ्ग सम्पत्तिलाई प्रचलित बजार मूल्य वा ऋणीबाट उठाउन बााकी कर्जाको साावा रकममध्ये जुन कम हुन्छ सोही अनुसार लेखाङ्कन गरिएको छ । गैर बैंकिङ्ग सम्पत्तिहरुमा सम्भावित नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम गरिएको छ ।

**५.१७) कर्मचारी सुबिधा**

तलब, औषधोपचार खर्च, कर्मचारी बोनस जस्ता अल्पकालिन कर्मचारी सुबिधाको रकम कर्मचारीले बैंकमा सेवा गरेको समयमा सेवा वापतको रुपमा भुक्तानी दिने व्यवस्था छ ।

बैंकले बैंकमा कार्यरत कर्मचारीहरुले बैंकको सेवाबाट अवकास लिदा अवकास सुविधा अन्तर्गत प्रमूख रुपमा संचयकोष, उपदान र आर्जित बिदा वापतको भुक्तानी दिने गरेको छ । कर्मचारी संचय कोष र उपदानको रकम सिद्धार्थ अवकास कोषमा कर्मचारीको नाममा खोलिएको खातामा जम्मा गरिन्छ र कर्मचारीले जागिर छोडेपछि उक्त खाताबाट रकम भुक्तान गरिनेछ ।

**क) भुक्तानी योजना**

बैंकले बैंकमा कार्यरत स्थायी कर्मचारीहरुको आधार तलबको १०% र सोही बमोजिमको रकम कर्मचारीबाट कट्टा गरी संचय कोषको रकम खडा गर्ने गरेको छ । कर्मचारीले बैंक छोडेको अवस्थामा बैंकले गरेको भुक्तानीलाई खर्चको रुपमा मानिएको छ ।

बैंकले बैंकको कर्मचारी विनियमावली बमोजिम बैंकमा कार्यरत स्थायी कर्मचारीहरुको बिमा प्रिमियम भुक्तानी गर्दछ । बिमा नीति सहभागीको नामको बिशेष योजना हुनेछ र बिमा नीतिमा हुने कुनै पनि क्षति कभर गर्न बैंकको कुनै कानुनी दायित्व रहने छैन, साथै सुबिधाको भुक्तानीमा बिमकको एकल दायित्व रहने छ । भुक्तानी गरिएको बिमा प्रिमियमको रकम उक्त समयको खर्चको रुपमा मानिएको छ ।

**ख) उपदान**

बैंकका स्थायी कर्मचारीहरु बैंकको सेवाबाट अलग हुने बेलामा बैंकको कर्मचारी विनियमावली बमोजिम उपदान प्राप्त गर्नको लागि योग्य हुनेछन् । उपदानको व्यवस्था स्थायी कर्मचारीले बैंकमा सेवा गरेको अवधीलाई समानुपातिक रुपमा लिई कर्मचारी विनियमावली बमोजिम व्यवस्थापनले निर्धारण गरे बमोजिम एक्रुअल आधारमा हुनेछ । एकमुष्ठ उपदान व्यवस्था स्वीकृत अवकास कोषमा हस्तान्तरण गरिएको छ । बैंकले उपदान वापतको दायित्व भुक्तानी एक्टुरीयल (Actuarial) आधारमा मुल्याङ्कन गरेको छैन ।

**ग) आर्जित बिदा**

बैंकले बैंकमा कार्यरत स्थायी कर्मचारीहरुलाई आर्जित बिदाको भुक्तानी सेवा अवधीमा कर्मचारी विनियमावली बमोजिम नगदमा गर्ने सुबिधा दिएको छ भने प्रयोग नभएको बिदाको एकमुष्ठ रुपमा सेवाबाट अलग हुने बेलामा भुक्तानी गर्ने गरेको छ । बैंकको कर्मचारी विनियमावली बमोजिम व्यवस्थापनले निर्धारण गरे बमोजिम आर्जित बिदाको भुक्तानी एक्रुअल आधारमा गर्ने बैंकको नीति रहेको छ । बैंकले बिदा वापतको दायित्व भुक्तानी एक्टुरीयल (Actuarial) आधारमा मुल्याङ्कन गरेको छैन ।

**५.१८) स्टेशनरी मौज्दात**

उपभोगको लागि खरिद गरिएको स्टेशनरी लागत मूल्यमा मूल्याङ्कन गरिएको छ र सोहीको आधारमा खरिद गरिएकै बर्षमा खर्च लेख्ने गरिएको छ ।

**५.१९) आयकर**

आयकर खर्चले हाल तिर्नुपर्ने कर र स्थगन करको जोडलाई देखाउँदछ ।

आयकर व्यवस्था आयकर ऐन, २०५८ (संशोधन सहित) बमोजिम गरिएको छ ।

वित्तीय विवरण अनुसारको सम्पत्ति तथा दायित्वको रकम तथा करका आधार बीच फरक भई श्रृजना हुने अस्थायी अन्तरको कारणले भविष्यमा श्रृजना हुने कर दायित्व तथा सम्पत्तिको लगत राख्ने उद्देश्यले सम्पत्ति तथा दायित्वको आधारमा स्थगन करको लेखांकन गरिएको छ । स्थगन कर सम्पत्ति तथा दायित्व मापन गर्नका लागि जुन वर्षमा अस्थायी अन्तर समायोजन हुन सक्छ सोही वर्षका लागि ऐनद्धारा लागु भईसकेको करको दर वा हालको करको दर लागु हुने अनुमान गरिएको छ । साथै स्थगन कर सम्पत्तिलाई भविष्यमा पर्याप्त कर योग्य आय सिर्जित भई उक्त कर योग्य आयमा समायोजन गर्न सक्ने अनुमान गरी गरी लेखांकन गरिएको छ ।

**५.२०) पट्टा**

वित्तीय पट्टा अन्तर्गत रहेको सम्पत्तिलाई प्रारम्भिक रुपमा पट्टा शुरु भएको मूल्यमा वा मुल्य कम भएमा न्युनतम पट्टा भुक्तानीको वर्तमान मूल्य बमोजिम कम्पनीको सम्पत्ति मानिनेछ । वित्तीय पट्टा उत्तरदायित्वको रुपमा लेसरको सम्बन्धित दायित्व वित्तीय विवरणमा संलग्न गरिएको छ । तर बैंकसंग बासलातको मितिमा त्यस्ता कुनै सम्पति रहेको छैन् ।

पट्टा सम्पतिको उपभोगबाट पट्टा अवधिमा कुनै आर्थिक फाइदा हुने कुनै प्रतिनिधिमुलक प्रकृयागत आधार भएकोमा बाहेक सञ्चालन वित्तीय भुक्तानीहरु स्थायी किस्ताबन्दी प्रणाली बमोजिम पट्टा अवधिमा खर्च लेखिनेछ ।

**५.२१) व्यवस्था, सम्भावित दायित्व र सम्भावित सम्पत्ति**

बैंकले आफ्नो विगतको घटनाक्रमको फलस्वरुप वर्तमानमा कुनै दायित्व सृजना हुने भएमा, आर्थिक लाभ हुने श्रोत बाहिररिने संभावना रहेको तथा दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार भएको अवस्थामा बैंकले व्यवस्था सृजना गर्ने गरेको छ । कुनै पनि संभावित दायित्व जसले भविष्यमा साधनको बहिर्गमन सृजना गर्न सक्दछ, त्यसका लागि संभावित दायित्वको लेखाङ्कन गरिन्छ । तर संभावित वा वर्तमान दायित्व जसले भविष्यमा साधनको बहिर्गमन सृजना गर्न सक्ने अवस्था न्युन वा छ सो को लागि कुनै व्यवस्था गरिएको छैन ।

संभावित सम्पतिको वित्तीय विवरणहरुमा लेखाङ्कन गरिदैन तर यसको नियमित रुपमा मूल्याङ्कन गरिन्छ र यदि कुनै आर्थिक साधनको प्राप्ति हुने सुनिश्चित भएमा सम्पति तथा सम्बन्धित आयको लेखाङ्कन सोही परिवर्तन भएकै मितिमा गरिन्छ ।

बैंकको सम्भावित दायित्वहरुलाई वासलातको अभिन्न अंगको रुपमा देखाईएको छ ।

**६) विगत वर्षको अङ्कहरु, निकटतम तथा तुलनात्मक अङ्कहरु**

वित्तीय विवरणहरु नेपाली रुपैंयामा निकटतम पूर्ण अङ्कमा देखाइएका छन् । तुलनात्मक सुविधाको लागि गत वर्षको अङ्कहरु आवश्यकता अनुसार वर्गीकरण वा पुनवर्गीकरण गरिएको छ ।

अनुसूची ४.३३

# लेखा सम्बन्धी टिप्पणीहरू

## १. शेयर चुक्ता पूंजी

नेपाल राष्ट्र बैंकले “क” बर्गको ईजाजतप्राप्त वाणिज्य बैंकहरुका लागि आर्थिक बर्ष २०७३/०७४ को अन्त्यसम्ममा चुक्ता पुँजी कम्तीमा रु ८ अर्ब पुऱ्याउनुपर्ने व्यवस्था गरेको छ। आर्थिक बर्ष २०७३/०७४ को बोनश शेयर प्रस्ताव गर्नु पूर्व बैंकको चुक्ता पुँजी रु.६,६२,८८,७८,९४२ रहेको छ। जसमा ३० प्रतिशत हकप्रदले हुने रकम रु.१,५७,५२,५७,८०३ मध्ये Calls in Advance बराबरको रु. १,३७,८०,१९,६०० समावेश छ।

बैंक सञ्चालनमा आएदेखि हालसम्मको बैंकको चुक्ता पुंजी देहाय बमोजिम रहेको छ।

| आ.व | चुक्ता पुंजी | कैफियत |
|---|---|---|
| २०५९/०६० (२००२/०३) | ३५,००,००,००० | |
| २०६०/०६१ (२००३/०४) | ३५,००,००,००० | |
| २०६१/०६२ (२००४/०५) | ३५,००,००,००० | |
| २०६२/०६३ (२००५/०६) | ५०,००,००,००० | सर्वसाधारणको लागि निष्कासन १५ करोड |
| २०६३/०६४ (२००६/०७) | ६०,००,००,००० | २०% हकप्रद शेयर |
| २०६४/०६५(२००७/०८) | ८२,८०,००,००० | १५% वोनस शेयर र २०% हकप्रद शेयर |
| २०६५/०६६ (२००८/०९) | ९५,२२,००,००० | १५% वोनस शेयर |
| २०६६/०६७ (२००९/१०) | १,०९,५०,३०,००० | १५% वोनस शेयर |
| २०६७/०६८ (२०१०/११) | १,५७,११,३०,००० | आ.व. २०६५/०६६ को चुक्ता पुँजीमा ५०% हकप्रद शेयर |
| २०६८/०६९ (२०११/१२) | १,६१,९२,४४,३०० | ३% वोनस शेयर |
| २०६९/०७०(२०१२/१३) | १,८१,३५,५३,६०० | १२% वोनस शेयर |
| २०७०/०७१ (२०१३/१४) | २,०३,११,८०,०३२ | १२% वोनस शेयर |
| २०७१/०७२ (२०१४/१५) | २,४३,७४,१६,०३८ | २०% वोनस शेयर |
| २०७२/०७३ (२०१५/१६) | ४,४९,५३,४०,०४१ | बिजनेश युनिर्भसल डेभलपमेन्टसंग मर्जर पश्चात स्वाप अनुपात (Ratio) ५५.३६% तथा ४८.७५% बोनश शेयर ०७३ आषाढ मसान्तसम्म |
| २०७३/०७४ (२०१६/१७) | ६,६२,८८,७८,९४२ | २५% हकप्रद शेयर पश्चात ३०% हकप्रद शेयर (रु. १,३७,८०,१९,६०० बरबरको Calls in Advance प्राप्त भएको। बोनश शेयरको प्रस्ताव नभईसकेको। |
| २०७३/०७४ (२०१६/१७) | ७,५८,४५,३५,३४४ | १४ प्रतिशत बोनश शेयर |

बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमको रु. ८ अर्ब पूँजी देहाय बमोजिम कायम गर्नेछ।

| **विबरण** | **रकम** |
|---|---|
| चुक्ता पूँजी | ५,२५,०८,५९,३४२ |
| कल इन एडभान्स (३०% हकप्रद शेयर) | १,३७,८०,१९,६०० |
| प्रस्तावित बोनस शेयर (१४%) | ९५,५६,५६,४०२ |
| **वित्तीय विरणमा उल्लेख भए अनुसारको चुक्ता पूँजी** | **७,५८,४५,३५,३४४** |
| ३०% हकप्रद शेयर बराबरको बाँकी रकम प्राप्त (१३ अगस्त २०१७) | १७,१८,४६,००० |
| लिलाम विक्री पश्चात प्राप्त ३०% हकप्रद शेयर बराबरको रकम (३१ अगस्त २०१७) | २,५३,९२,२०३ |
| ३१ डिसेम्बर २०१७ सम्ममा कल इन एडभान्स (१०% हकप्रद शेयर) | २३,०३,९७,९०० |
| **जम्मा चुक्ता पूँजी** | **८,०१,२१,७१,४४७** |

आ.व. २०७३/७४ को प्रस्तावित १४ प्रतिशत बोनश शेयर पश्चात नेपाल राष्ट्र बैंकले तोके बमोजिमको ८ अर्व चुक्ता पूँजी पुग्नेछ।

**२. साधारण जगेडा कोष**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४४ को व्यवस्था बमोजिम खुद मुनाफाको २०% रकम साधारण जगेडा कोषमा स्थानान्तरण गरिएको छ। बैंकले यस आर्थिक बर्ष २०७३/७४ को मुनाफाबाट साधारण जगेडा कोषमा रु. २७,७२,३५,१००।- स्थानान्तरण गरेको छ।

**३. सटही घटबढ कोष**

बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ४५ को व्यवस्था बमोजिम खुद मुनाफाको २५% रकम सटही घटबढ कोषमा स्थानान्तरण गरिएको छ। बैंकले यस आर्थिक बर्ष २०७३/७४ को नाफाबाट सटही घटबढ कोषमा रु. ६३,०६,४६३।- स्थानान्तरण गरेको छ।

**४. लगानी समायोजन कोष**

यस आर्थिक बर्षमा नाफा नोक्सान खाताबाट कर्जा सूचना केन्द्र लिमिटेड, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड र नेशनल बैकिङ्ग ट्रेनिङ्ग इन्स्टिच्युटमा भएको लगानी बाहेक बिक्रिको लागि उपलब्ध शेयर लगानीको नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रु. ५,४३,८१,५९०/- स्थानान्तरण गरी लगानी समायोजन कोष सृजना गरिएको छ। यस आर्थिक बर्ष सम्म लगानी समायोजन कोषमा रु. ७,९४,४३,४५४/- रहेको छ।

प्रभु इन्स्योरेन्स कम्पनी लिमिटेड र साना किसान बैंक लिमिटेडको शेयर विक्रीको लागि उपलब्ध लगानीबाट ब्यापारिक लगानीमा परिवर्तन गरिएको छ। जसको कारण रु.१,८७,६५७.१४ लगानी समायोजन कोषमा अघिल्लो वर्ष क्रेडिट भएको रकम संचित नाफा नोक्सान खातामा स्थानान्तरण भएको छ।

लगानी समायोजन कोषको विस्तृत विवरण तल उल्लेख गरिएको छ।

| सि.नं. | विवरण | रकम (रु.) मा | कोष % | लगानी समायोजन कोष |
|---|---|---|---|---|
| १. | कर्जा सूचना केन्द्र लिमिटेड | १९,०७,६०० | ने.रा.बैंकबाट छुट | - |
| २. | सिद्धार्थ इन्स्योरेन्स कम्पनी लि. | ३,२८,२०,००० | २% | ६,५६,४०० |
| ३. | नेपाल क्लियरिङ्ग हाउस लिमिटेड | ३४,२५,२०० | ने.रा.बैंकबाट छुट | - |
| ४. | नेशनल बैकिङ्ग ट्रेनिङ्ग इन्स्टिच्युट | १२,००,००० | ने.रा.बैंकबाट छुट | - |
| ५. | सिद्धार्थ क्यापिटल लिमिटेड | ५,१०,००,००० | १००% | ५,१०,००,००० |
| ६. | इक्रा नेपाल लिमिटेड | ७,६०,००० | १००% | ७,६०,००० |
| ७. | मेरो माइक्रो फाइनान्स वित्तीय संस्था लिमिटेड | १,३०,००,००० | २% | २,६०,००० |
| ८. | नेपाल ग्रामिण बिकास बैंक लि. | ३९,४८,००० | २% | ७,८९,६०० |
| ९. | नेपाल इलेक्ट्रोनिक पेमेण्ट सिस्टम लि. | १,५०,००,००० | १००% | १,५०,००,००० |
| १०. | प्रभु क्यापीटल लिमिटेड | १५,००,००० | १००% | १५,००,००० |
| ११. | जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड | ५,००,००० | १००% | ५,००,००० |
| १२. | नेशनल माइक्रो फाईनेन्स लिमिटेड | १०,००,००० | २% | २०,००० |
| १३. | रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेड | २६,४०,००,००० | २% | ५२,८०,००० |
| १४. | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ३६,१४,७०४ | २% | ७२,२९४ |
| १५. | आरएमडिसी डेभलपमेण्ट सेन्टर | १,९४,७७३ | २% | ३,८९५ |
| १६. | लाईफ इन्स्योरेन्स क. नेपाल | ६८,९१,०१९ | २% | १,३७,८२० |
| १७. | बुटवल पावर कम्पनी लिमिटेड | २,९०,०६,७३२ | २% | ५,८०,१३५ |
| १८. | बोटलर्स नेपाल लि. (तराई) | २७,८९,१०८ | २% | ५५,७८२ |
| १९. | नेपाल ल्युब आइल लिमिटेड | १,०८० | २% | २२ |
| २०. | नेपाल फिल्म डेभलपमेण्ट कम्पनी लिमिटेड | ५६९ | २% | ११ |
| २१. | नेपाल दुरसंचार कम्पनी लिमिटेड | ४,२५,७२,२५० | २% | ८,५१,४४५ |
| २२. | रिडी हाइड्रो पावर | ५६,७८,१६० | २% | १,१३,५६३ |
| २३. | चिलिमे हाइड्रोपावर लिमिटेड | ६,३८,२०,६४४ | २% | १२,७६,४१३ |
| २४. | एचआईडीसीएल (HIDCL) | १२,९१,०५० | २% | २५,८२१ |
| २५. | प्रुडेन्सीयल इन्स्योरेन्स क. लिमिटेड | ४१,३३,३५१ | २% | ८२,६६७ |
| २६. | तरागाँउ रेजेन्सी होटल | ३९,२७,४१८ | २% | ७८,५४८ |
| २७. | सोल्टी होटल लि. | ६३,५२,३८७ | २% | १२७,०४८ |
| २८. | नेपाल लाइफ इन्स्योरेन्स क. लिमिटेड | ७७,५४,४६६ | २% | १,५५,०८९ |
| २९. | एशियन इन्स्योरेन्स क. लिमिटेड | ५८,४४,९६९ | २% | १,१६,८९९ |
| | **जम्मा** | **६०,९४,६५,४८१** | | **७,९४,४३,४५४** |

### ५. ऋणपत्र भुक्तानी जगेडा कोष

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ऋणपत्र भुक्तानी जगेडा कोषको स्थापना गरिएको छ। बैंकले गत आर्थिक वर्षको नाफाबाट रु. १७,१९,३१,४२९/- बराबरको रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा जम्मा गरेको छ । ऋणपत्र भुक्तानी जगेडा कोषमा वासलात तयार गरेको दिनसम्म रु. ६५,६०,२३,४२०/- छ ।

यस बैंकले जारी गरेको ऋणपत्रहरुको भुक्तानी जगेडा कोषको विस्तृत विवरण देहाय अनुसार उल्लेख गरिएको छ ।

| ऋणपत्र | ऋणपत्र २०७५ | ऋणपत्र २०७६ | ऋणपत्र २०७८ | जम्मा |
|---|---|---|---|---|
| आ.ब.२०७२।७३ सम्म | २४,१५,६५,५५८ | १३,६८,५१,२८८ | १०,५६,७५,१४७ | ४८,४०,९१,९९२ |
| आ.ब.२०७३।७४ | ५,७१,४२,८५७ | ४,३३,६०,००० | ७,१४,२८,५७१ | १७,१९,३१,४२९ |
| आ.ब.२०७४।७५ | ५,७१,४२,८५७ | ४,३३,६०,००० | ७,१४,२८,५७१ | १७,१९,३१,४२९ |
| आ.ब.२०७५।७६ | ४,४१,४८,७२८ | ४,३३,६०,००० | ७,१४,२८,५७१ | १५,८९,३७,२९९ |
| आ.ब.२०७६।७७ | | ३,६५,८८,७१२ | ७,१४,२८,५७१ | १०,८०,१७,२८४ |
| आ.ब.२०७७।७८ | | | ७,१४,२८,५७१ | ७,१४,२८,५७१ |
| आ.ब.२०७८।७९ | | | ३,७१,८१,९९६ | ३,७१,८१,९९६ |
| **जम्मा** | **४०,००,००,०००** | **३०,३५,२०,०००** | **५०,००,००,०००** | **१,२०,३५,२०,०००** |

### ६. शेयर प्रिमियम

२५ प्रतिशत हकप्रद शेयर अन्तर्गतको अवितरीत १,५८,५१८ कित्ता हकप्रद शेयर लिलाम विक्री गर्दा बैंकलाई रु. १२,०२,३०,१६७ शेयर प्रिमियम प्राप्त भएको थियो ।

### ७. अन्य कोष

#### स्थगन कर कोष

२०७३/०७४ मा बैंकको स्थगन कर कोष रु. १,३२,५७,२१४/- ले बृद्धि भएको छ र अघिल्लो वर्षमा देखिएको साविक विजनेश युनिभर्सल डेभलपमेण्ट बैंकको रकम समायोजन गर्दा रु. १,७२,४२५ ले बढेको हो र बर्षान्तमा बैंकको स्थगन कर कोष रु. ६,०२,०५,९२९/- कायम रहेको छ ।

#### कर्मचारी दक्षता अभिबृद्धि कोष

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले आफ्नो अघिल्लो वर्ष ०७२/७३ को नाफाको कम्तीमा ३ प्रतिशत रकम कर्मचारीको तालीम र विकासमा खर्च गर्नु पर्ने छ। यदी सबै रकम खर्च हुन नसकेमा बाँकी रकम कर्मचारी सम्बन्धित कोष खडा गरी जम्मा गर्नुपर्दछ भन्ने व्यवस्था बमोजिम त्यस्तो कोषमा रु. २४,३३,३८३/- जम्मा रहेको छ । बर्षान्तमा बैंकको कर्मचारी सम्बन्धित कोष रु. २४,३३,३८३/- कायम रहेको छ ।

#### संस्थागत सामाजिक उत्तरदायित्व कोष

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले आफ्नो समिक्षा वर्षको नाफाबाट १ प्रतिशतले हुने रकम संस्थागत सामाजिक उत्तरदायित्व कोषमा राख्नु पर्नेछ। बैंकले आ.व. ०७३/७४ को खुद नाफाबाट रु. १,३८,६१,७५५/- जम्मा गरेको छ। बर्षान्तमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व कोष रु. १,३८,६१,७५५/- कायम रहेको छ ।

### ८. प्रस्तावित बोनस शेयर तथा नगद लाभांश

आ.व २०७३/७४ को बैंकको मुनाफा तथा संचित रकम समेतबाट बैंकका शेयरधनीहरुलाई बैंकको हालको चुक्ता पूँजी रु. ६,८२,६१,१७,१५५/- को १४ प्रतिशत अर्थात रु. ९५,५६,५६,४०२/- बोनस शेयर प्रदान गर्ने प्रस्ताव गरेको छ ।

### ९. ब्याज आय तथा ब्याज मुल्तवी हिसाब

नेपाल राष्ट्र बैंकले दिएको सुबिधा बमोजिम कर्जा तथा सापटीबाट २०७४ सालको असाढ मसान्त भित्र प्राप्त तथा २०७४ श्रावण १५ सम्ममा जम्मा भएको ब्याजलाई आम्दानीमा जनाईएको छ। यसरी गरिएको कार्य लेखाको सर्वमान्य सिद्धान्त अनुसार नभएपनि नेपाल राष्ट्र बैंकबाट जारी निर्देशिका बमोजिम अनुमति प्राप्त गरी गरिएको हो ।

कर्जा तथा सापटीबाट प्राप्त हुन बाँकी सम्पूर्ण ब्याजलाई बर्षको अन्त्यमा २०७४ श्रावण १५ सम्ममा जम्मा भएको ब्याज रु ९,३४,४०,५५५/- घटाई जम्मा रु. ३२,५०,८४,२१०/- लाई ब्याज मुल्तवी हिसावमा सारिएको छ ।

### १०. पूँजी सामायोजन कोष

बैंकले रु. ९५,७९,३४१ पूँजी समायोजन कोषमा स्थानान्तरण गरेको छ । बर्षान्तमा समायोजन कोष र बाँकी पूँजी समायोजन कोष रु. १,९४,२७,८३२ पुगेको छ । यस वर्ष पूँजी समायोजन कोषमा स्थानान्तरण गरिएको रकम भुकम्प प्रभावित व्यवसायको लागि नेपाल राष्ट्र बैंकले दिएको सुविधा अन्तर्गको रकम हो ।

११. **कर्मचारी बोनस व्यवस्था**

कर्मचारी बोनस कर अघि बोनस पछिको नाफाबाट १०% निर्धारण गरिएको छ ।

१२. **कर्मचारी आवास कोष**

बैंकको कर्मचारी नियमावली अनुसार योग्य कर्मचारीलाई आवास ऋणको व्यबस्था गरिएकोले श्रम ऐन, २०७४ बमोजिम कर्मचारीहरुको लागि आवासको निमित्त छुट्टै कोषको व्यवस्था गरिएको छैन ।

१३. **उपदान कोष**

यस आर्थिक बर्षमा बैंकले बैंकको कर्मचारी नियमावली बमोजिम रु.६,०३,१८,३२२.१४ रकम उपदान कोषमा जम्मा गरेको छ र रु. ३,९९,२९,२१२.७७ कोषबाट भुक्तान गरिएको छ । वर्षान्तमा कोषमा रु. ५,७०,२४,३०२ रहेको छ ।

१४. **आर्जित बिदा**

यस आर्थिक बर्षमा बैंकले बैंकको कर्मचारी नियमावली बमोजिम बिदाको भुक्तानीको लागि रु ५,१६,२७,०३०.५४ रकम बिदाको व्यवस्थाको लागि रु. २,६१,४१,३३१.६७ रकम भुक्तानी गरेको छ ।

१५. **सापटी**

आ.व. २०७३/७४ मा रु. ५०,५७,१४,०३९ बराबरको नेपाल राष्ट्र बैंकको पुनरलगानी कर्जा रहेको छ ।

१६. **आयकर निर्धारण**

**क) यस वर्षको कर**

बैंकले यस वर्षको कर दायित्व अन्तर्गत रु.५८,५६,१३,४८२ व्यवस्था गरेको छ । जसको विवरण देहाय बमोजिम छ :

| **विवरण** | **रु.** | **रु.** |
|---|---|---|
| **Extra Ordinary Items पछिको खुद नाफा** | | २,१६,२२,५६,७९८ |
| **खर्चको शोधभर्ना :** | | २५,७२,११,००५ |
| उपदान व्यवस्था | ६,०३,१८,३२२ | |
| आर्जित बिदा व्यवस्था | ५,१६,२७,०३१ | |
| ह्रास कट्टी (वित्तीय विवरण अनुसार) | ९,२९,५५,९१२ | |
| मर्मत सम्भार लागत (वित्तीय विवरण अनुसार) | २,३४,५९,६२५ | |
| चन्दा | १,००,७०० | |
| लगानीमा घाटा व्यवस्था | २,२७,४९,४१५ | |
| RBU र अन्यको लागि व्यवस्था | ६०,००,००० | |
| **स्वीकृतप्राप्त Deduction** | | ४६,७३,२२,१६४ |
| वास्तविक उपदान भुक्तानी | ३,९९,२९,२१३ | |
| वास्तविक बिदा भुक्तानी | २,६१,४१,३३२ | |
| ह्रास कट्टी (आयकर ऐन अनुसार) | ९,९८,४४,७१५ | |
| मर्मत सम्भार लागत ( आयकर ऐन अनुसार) | २,०७,७४,९१३ | |
| बोनस (बोनस ऐन अनुसार) | १९,६५,६८,८०० | |
| लाभांश | ८,४०,६३,१९१ | |
| **चन्दा भन्दा अघिको कर अघिको खुद नाफा** | | १,९५,२१,४५,६३९ |
| घटाउनेः स्वीकृतप्राप्त चन्दा | | १,००,७०० |
| **निर्धारणयोग्य आम्दानी** | | १,९५,२०,४४,९३९ |
| **करको दर** | | ३०% |
| **यस वर्षको कर व्यवस्था** | | ५८,५६,१३,४८२ |

**ख) बैंकले वा बैंक बिरुद्ध दायर मुद्दाः**

बैंकको आ.व. २०६६।०६७ सम्मको आयकर सम्बन्धी विषय कर फछ्र्यौट आयोग माफर्त सम्पूर्ण रुपमा फछ्र्यौट भइसकेका छन् भने आ.ब. २०६७।६८, आ.व. २०६८।०६९ र आ.ब. २०६९।०७० को आयकर सम्बन्धी विषय प्रशासकीय पुनरावलोकन अन्तर्गत बिचाराधीन रहेका छन् ।

१७. **अन्य संस्थाको पूँजी स्वामित्वमा लगानी**

बिक्रिको लागि उपलब्ध अन्तर्गत वर्गिकरण गरिएको लगानीलाई बजारको अवस्था बमोजिम निरन्तर रुपमा अनुगमन गरी अन्तरलाई नेपाल राष्ट्र बैंकको निर्देशिका नं. ४ र ८ बमोजिम बिभिन्न कोषहरुमात्र समायोजन गर्ने गरिएको छ । यस किसिमको समायोजनलाई बैंकले परिमार्जन गर्दै बिक्रिको लागि उपलब्ध पोर्टफोलियोलाई विगतको लागतको आधारमा समायोजन गर्ने गरेको छ । तीन महिनाभित्र अल्पकालीन मूल्यमा उतारचढाव वापत लगानीबाट आम्दानी गर्न सकिने शेयरहरुलाई बिक्रिको लागि लगानीमा सूचिकृत गर्ने गरिएको छ ।

## १८. भुक्तानी हुन बाँकी लाभांश

वासलातको मितिमा केही शेयरधनीहरुले आर्थिक बर्ष २०६६/०६७ देखी २०७२/०७३ सम्म शेयरधनीहरुले बुझिलिन बांकी रहेको लाभांशको रकम रु. २,२०,६७,६१९/- रहेको छ, जसलाई अनुसूची ४.७ मा उल्लेख गरेको छ ।

## १९. पट्टा

### वित्तीय पट्टा

बैंकले वित्तीय पट्टाको कुनै कार्य गरेको छैन र सो वापत कुनै दायित्व सृजना गरेको छैन ।

### सञ्चालन पट्टा

बैंकले कार्यालय भवन तथा एटीएम स्थानका लागि बिभिन्न समयमा सञ्चालन पट्टा सम्झौता गरेको छ र जुन सम्झौता कुनै पनि पक्षले पूर्व सूचना दिएर खारेज गर्न सक्नेछन् । बैंकले भविष्यमा भुक्तानी गर्ने गरी, खारेज नहुने गरी कुनै पनि पट्टा गरेको छैन । खारेज नहुने संचालन पट्टामा कुनै पनि पट्टा खर्च छैन ।

## २०. स्थगन कर (Deffered Tax)

स्थगन कर सम्पत्ति र दायित्वको गणना नेपाल लेखामान ९ बमोजिम गरिएको छ, जुन विवरण यस प्रकार छः

| विवरण | यस वर्षको वित्तीय विवरण अनुसार (रु.) | यस वर्ष कर अभिलेख अनुसार (रु.) | खुद (रु.) |
|---|---|---|---|
| स्थिर सम्पत्ति | ४५७,६८४,६३४ | ४९५,४२१,६८० | ३,७७,३७,०४६ |
| कर्मचारी उपदान व्यवस्था | ५७,०२४,३०२ | - | ५,७०,२४,३०१ |
| विदा वापत व्यवस्था | १०,५९,२५,०८२ | - | १०,५९,२५,०८२ |
| **जम्मा** | | | २००,६८६,४३० |
| **खुद करको दर** | | | ३०% |
| **स्थगन कर (२०७४ आषाढ ३१)** | | | ६०,२०५,९२९ |
| **गत वर्षको स्थगन कर (२०७३ आषाढ ३०)** | | | ४,६९,४८,७१५ |
| **नाफा नोक्सान खातामा देखाईएको स्थगन कर रकम** | | | १,३२,५७,२१४ |

## २१. बुलियन स्टक

बैंकले Consignment को आधारमा बुलियनको कारोबारको बहुमुल्य धातु (सुन) आफ्नो अधीनमा रहने गरी राख्ने गर्दछ । जसमा वितरणकर्ताले स्वामित्वकर्ताको भूमिका र बैंकले संरक्षणकर्ताको भूमिका निभाउँदछ र जसलाई बैंकको सम्पत्तीमा देखाइएको छैन । वासलात तयार गर्ने दिनसम्म बैंकको संरक्षणमा २० केजी सुन रहेको थियो ।

## २२. गैह्र बैकिङ्ग सम्पत्ति

२०७४ आषाढ मसान्त सम्ममा रु. बैंकको १५,४६,३७,५३४ बराबरको गैह्र बैकिङ्ग सम्पत्ति रहेको छ । जसलाई बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम शत प्रतिशत व्यवस्था (Provision) गरेको छ। जसको विवरण देहाय बमोजिम तालिका नं.४.१५ मा देखाइएको छ ।

रु. हजारमा

| विवरण | शुरु मौज्दात (रु.) | यस बर्षको थप | २०७४ आषाढ मसान्तको मौज्दात |
|---|---|---|---|
| गैह्र बैकिङ्ग सम्पत्ति | १,५४,६३८ | - | १,५४,६३८ |
| व्यवस्था | १,५४,६३८ | - | १,५४,६३८ |

## २३. हिसाव मिलान अवस्था

बैंकले नियमित रुपमा अन्तर शाखा र एजेन्सी हिसाव मिलान गर्दै आएको छ। हिसाव मिलान नभई वक्यौता रहेका शाखा मिलान हिसाव र एजेन्सी मौज्दात हिसावको हिसाव मिलान अवस्था बारे भाखा नाघेका अवधि अनुसारको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

रु. हजारमा

| विवरण | लेजर क्रेडिट | स्टेटमेन्ट क्रेडिट | लेजर डेविट | स्टेटमेन्ट डेविट |
|---|---|---|---|---|
| १ महिना भन्दा कम | १,२६,०४१.५४ | ५८,३९०.२४ | - | ६०३,७२६.०२* |
| १ महिना भन्दा बढी र ३ महिना भन्दा कम | १०,२७३.०० | १,४०३.६० | १०.०० | - |
| ३ महिना भन्दा बढी र ९ महिना भन्दा कम | ३,२६१.०२ | २१.८५ | १०.०० | ०.०९ |
| ९ महिना भन्दा वढी | ७.६० | ४४.२६ | १०.०० | - |
| **जम्मा** | **१,३९,५८३.१६** | **५९,८५९.९५** | **३०.००** | **६,०३,७२६.११** |

*मास्रेक बैंकसंगको स्वचालीत लगानी कार्यक्रम सम्झौता बमोजिम रु. ६०,२१,३२,००० लगानी गरिएको ।

## २४. यस वर्षभर गरिएका कर्जा वितरण, असुली तथा कर्जा र व्याजको अपलेखन

यस वर्ष भरीमा वितरण भएको, असूली भएको र कर्जा तथा ब्याजको अपलेखन बिवरण निम्नानुसार छन्:

रु. दश लाखमा

| बिवरण | जम्मा रु. |
|---|---|
| सुरु कर्जा तथा बैना | ५६,५०७.७१ |
| कर्जा बितरण | ५४,१०५.९९ |
| कर्जा असुली | ४३,२७६.९५ |
| कर्जा अपलेखन | ७३.४७ |
| कर्जा आ.व. अन्त्यमा | ६७,२६३.२८ |
| व्याज अपलेखन | ६३.७६ |

## २५. निक्षेप दायित्वमा भएको परिवर्तनः

रु. दश लाखमा

| बिवरण | यस वर्ष | गतवर्ष | परिवर्तन (%) |
|---|---|---|---|
| **चल्ती / मार्जिन निक्षेप** | **४,७८०** | **४,२५४** | **१२%** |
| क) स्वदेशी मुद्रामा | ४,६१६ | ४,०९० | १३% |
| ख) विदेशी मुद्रामा | १६४ | १६४ | ०% |
| **बचत निक्षेप** | **१८,०२०** | **१९,८३२** | **-९%** |
| क) स्वदेशी मुद्रामा | १७,९२२ | १९,७२१ | -९% |
| ख) विदेशी मुद्रामा | ९८ | ११ | -११% |
| **मागेको वखत तिर्नपर्ने निक्षेप** | **२१,१८४** | **२१,२१५** | **०%** |
| क) स्वदेशी मुद्रामा | २०,९७३ | २०,९६५ | ०% |
| ख) विदेशी मुद्रामा | २११ | २५० | -१६% |
| **मुद्दती निक्षेप** | **३३,३३४** | **१९,६३४** | **७०%** |
| क) स्वदेशी मुद्रामा | ३३,३२० | १९,३१६ | ७३% |
| ख) विदेशी मुद्रामा | १४ | ३१८ | -९६% |
| **जम्मा निक्षेप** | **७७,३१८** | **६४,९३४** | **१९%** |

## २६. भारित औसत ब्याज दरको अन्तर

| बिवरण | प्रतिशत |
|---|---|
| कर्जा तथा सापटी र लगानीमा भारित औसत व्याजदर | ८.८९% |
| निक्षेप तथा कर्जामा भारित औसत व्याजदर | ५.४०% |
| खुद भारित औसत ब्याज दर अन्तर | ३.४९% |

## २७. लिजहोल्ड सम्पत्ति

बैंकको लिजहोल्ड सम्पत्ति, अपलेखन रकम र वासलातको मितिको किताबी मूल्य देहाय बमोजिम रहेको छ।

रु. हजारमा

| विवरण | सुरु मौज्दात | यस बर्ष थप | यस बर्षको किताबी मूल्य |
|---|---|---|---|
| लिजहोल्ड सम्पत्ति | २,३०,९१४ | ३९,२६३ | २,७०,१७७ |
| लिजहोल्ड सम्पत्ति अपलेखन | १,७७,६८४ | १५,४७१ | १,९३,१५५ |
| **खुद लिजहोल्ड सम्पत्ति** | **५३,२३०** | **२३,७९२** | **७७,०२२** |

## २८. एकै समूहमा अधिकेन्द्रित सम्पत्ति तथा दायित्वको विवरण

**रु. हजारमा**

| विवरण | ऋण, सापटी तथा बिल्स खरिद | निक्षेप र सापटी | अन्य सम्भावित |
|---|---|---|---|
| ३१ आषाढ २०७३ सम्मको कुल रकम | ६,७१,७३,५८० | ७,७८,२३,२७३ | ४४,६०,९४५ |
| एक इकाईमा भएको उच्चतम लगानी | ६,३०,८५० | ३८,०८,५१७ | ४,९३,९६० |
| एक इकाईमा भएको उच्चतम लगानीको प्रतिशत | ०.९४% | ४.८९% | ११.०७% |

## २९. भुक्तानी अवधिको आधारमा सम्पत्ति तथा दायित्वहरुको वर्गीकरण

**रु. दस लाख मा**

| क) सम्पति | १-९० दिन | ९१-१८० दिन | १८१-२७० दिन | २७१-३६५ दिन | १ वर्षभन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|
| नगद मौज्दात | २,५७४ | | | | | २,५७४ |
| बैंक मौज्दात | ७,४७५ | | | | | ७,४७५ |
| बिदेशी बैंकहरुमा गरिएको लगानी | ४६४ | ३०९ | ४१३ | २०६ | | **१,३९३** |
| नेपाल सरकारको ऋणपत्र | ३१५ | | | | | **३१५** |
| शेयरमा गरिएको लगानी | | | | | ८५१ | **८५१** |
| नेपाल राष्ट्रबैंक ऋणपत्र | | | | | ७,५१४ | **७,५१४** |
| अन्य लगानी | | | | | ५५५ | **५५५** |
| अन्तरबैक कर्जा | २२६ | | | ५० | ९५१ | **१,२२७** |
| ऋण, सापटी तथा बिल्स खरिद | १६,५६७ | ८,३५९ | ७,३७९ | ७,८०१ | २७,१५७ | **६७,२६३** |
| अन्य सम्पति | १,३२२ | | | | ७३१ | **२,०५३** |
| **जम्मा सम्पति** | **२८,९२४** | **८,६६९** | **७,७९१** | **८,०५८** | **३७,७५९** | **९१,२०२** |
| **ख) दायित्व** | | | | | | |
| सापटी | ४९७ | | ४ | ५ | | **५०६** |
| चल्ती र मार्जिन निक्षेप | २,४५५ | | | | २,३२५ | **४,७८०** |
| बचत/कल निक्षेप | १९,६०२ | | | | १९,६०२ | **३९,२०२** |
| मुद्दती निक्षेप | ७,१७३ | ६,३२६ | ७,४७७ | ६,५९१ | ६,७६७ | **३३,३३४** |
| ऋणपत्र | | | | | १,२०४ | **१,२०४** |
| अन्य दायित्वहरु | | | | | २,२९४ | **२,२९४** |
| पूँजी र जगेडाहरु | | | | | ९,८८१ | **९,८८१** |
| **जम्मा दायित्व** | **२९,७२७** | **६,३२६** | **७,४८०** | **६,५९६** | **४१,०७३** | **९१,२०२** |
| **खुद वित्तीय सम्पति** | (८०२) | २,३४३ | ३११ | १,४६२ | (३,३१४) | **(०)** |
| **संचित खुद वित्तीय सम्पति** | (८०२) | १,५४१ | १,८५२ | ३,३१४ | (०) | |

## ३०. सम्वन्धित पक्षहरु

### क) सम्बन्धित पक्षहरुसंगको कारोबार

| क्र.सं. | नाम | कारोबारको प्रकृति | रकम- यस आ.ब. | रकम- गत आ.ब. |
|---|---|---|---|---|
| १ | सिद्धार्थ इन्स्योरेन्स लि. | शेयरमा लगानी | ३,२८,२०,००० | ३२,८२०,००० |
| २. | सिद्धार्थ क्यापिटल लि. | म्युचुअल फण्डमा लगानी | ५,१०,००,००० | ५,१०,००,००० |
| ३ | सिद्धार्थ ग्रोथ स्किम प्रथम | बिज पूँजीमा लगानी | ७,५०,००,००० | ७,५०,००,००० |
| ४ | सिद्धार्थ इक्विटी ओरिएण्टेड स्किम | बिज पूँजीमा लगानी | १५,००,००,००० | १५,००,००,००० |
| ५ | रिलायन्स ईन्स्योरेन्स लि. | शेयरमा लगानी | २६,४०,००,००० | - |

२०७४ अषाढ मसान्तसम्म बैंकमा सिद्धार्थ क्यापिटल लि. को रु ९७,८०,७०,०००/- कल निक्षेप जम्मा भएको थियो । बर्षान्तमा सिद्धार्थ क्यापिटल लि.ले बैंकबाट रु.२,४२,१०,०००/- ब्याज आर्जन गरेको थियो । बैंकले प्राविधिक शुल्क वापत रु.३३,७०,०००/- र अभौतिकरण (DP) वापत रु. १२,७०,०००/- गत आर्थक बर्षको अन्त्य सम्ममा आर्जन गरेको थियो । उक्त उल्लेखित तत्थाङ्कहरु समुहहरुको वासलात तथा नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छैन ।

ख) **मुख्य व्यवस्थापकीयको कर्मचारी**

बैंकको मुख्य व्यवस्थापकीय कार्यकारी तहमा संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत समावेश गरिएको छ। २०७४ अषाढ ३१ गतेसम्मको संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृतको विवरण देहाय बमोजिम रहेका छन्।

| नाम | पद |
|---|---|
| श्री मनोज कुमार केडिया | अध्यक्ष |
| श्री नरेन्द्र कुमार अग्रवाल | संचालक |
| श्री वीरेन्द्र कुमार साह | संचालक |
| श्री दिनेश शंकर पालिखे | संचालक |
| श्री महेश प्रसाद पोखरेल | संचालक |
| श्री हेमन्त ज्ञवाली | संचालक |
| श्री राजेश कुमार केडिया | संचालक |
| श्री भगत विष्ट | स्वतन्त्र संचालक |
| श्री शम्भुनाथ गौतम | का.मु. प्रमुख कार्यकारी अधिकृत |

(श्री शम्भुनाथ गौतम मिति २०७४/०४/२५(तद्अनुसार ९ अगष्ट २०१७) मा प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुनुभएको हो)

ग) **व्यवस्थापकीय तहका कर्मचारीको लागि सुविधाहरु**

संचालक समितिका सम्पुर्ण सदस्यहरु गैर कार्यकारी संचालक हुनुहुन्छ र गैर कार्यकारी संचालकहरुलाई देहाय बमोजिमको बैठक भत्ता, दैनिक भत्ता तथा संचार सुविधा भत्ता बाहेक अन्य कुनै रकम भुक्तानी गरिएको छैन।

संचालक समितिको बैठक खर्च :- रु. १८,९६,०००/-

अन्य सुबिधाहरु :- रु. ३७,१७,७६३/-

उपरोक्त भत्ता तथा सुविधाहरु बैंकको साधारण सभाबाट पारित भए बमोजिमका हुन्।

| मुख्य व्यवस्थापकहरुको विवरण | जम्मा सुविधा (रु) | कैफियत |
|---|---:|---|
| अल्पकालीन सुविधा | १०,८३,७०,०३१ | व्यवस्थापन तहका कर्मचारीको तलब, संचयकोष तथा भत्ता (व्यवस्थापन तहमा सहायक प्रवन्धक तह र सो भन्दा माथि का कर्मचारीहरु पर्दछन्। |
| सेवा अवधि पश्चातको सुविधा | - | |
| अवकाश सुविधा | १,५२,०६,०७६ | योग्यता पुगेका व्यवस्थापन तहका कर्मचारीहरुलाई उपदान सुबिधा |
| शेयरमा आधारित भुक्तानी | - | |
| अन्य दीर्घकालीन सुविधा | - | |

**३१) अन्तराष्ट्रिय वित्त संगठनसंग सम्झौता**

अन्तराष्ट्रिय व्यापार वित्त कार्यक्रमको लागि विश्व बैंक समूहको एक सदस्य अन्तराष्ट्रिय वित्त संगठन संग बैंकले सम्झौता गरेको छ। जारी गर्ने बैंकको हैसियतले अन्तराष्ट्रिय वित्त संगठनले बैंकलाई स्वीकृत आधिकारिक सुबिधा प्रदन गर्ने छ। जसलाई बैंकले बिभिन्न स्थानिय संघ संस्थाहरु तथा विभिन्न बिकास आयोजनाहरु सँगको वाणिज्य व्यापार अभिवृद्धि गर्नमा प्रयोग गर्नेछ।

**३२) सक्षमसंग सम्झौता**

बैंकले बैंकिङ्ग जनचेतना विस्तार गर्ने उद्देश्यका साथ भुकम्प प्रभावित जिल्लाहरु सिन्धुली, काभ्रेपलाञ्चोक, मकवानपुर, भक्तपुर, र काठमाण्डौंमा १५ वटा तथा ३ वटा सेवा केन्द्रहरुलाई पुन सञ्चालनको लागि सक्षमसंग सम्झौता गरेको छ। शाखा रहित यस प्रकारका बैंकिङ्ग सेवा केन्द्रहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने तथा अन्य विभिन्न शीर्षकमा सरकारी रकम नागरिकलाई भुक्तानी गर्ने गरिन्छ।

# Disclosures of Basel-III

**1. Capital Structure and Capital Adequacy:**

- **Tier 1 capital and a breakdown of its components:**

Rs. In "000"

| S.N. | Particulars | Amount |
|---|---|---|
| a | Paid up Equity Share Capital ( inc. Calls In Advance) | 6,628,879 |
| b | Share Premium | |
| c | Proposed Bonus Equity Share | 955,656 |
| d | Statutory General Reserve | 1,359,611 |
| e | Retained Earnings | 74,441 |
| f | Unaudited current year cumulative profit | - |
| g | Capital Redemption Reserve | - |
| h | Capital Adjustment Reserve | 19,428 |
| i | Dividend Equlization Reserves | - |
| j | Debenture Redemption Reserve | 656,023 |
| k | Deffered Tax Reserve | |
| l | Other Reserves | - |
| m | Less : Deferred Tax Assets | (60,206) |
| n | Less : Not written off Fictitious Assets | (12,661) |
| o | Less:Investment in equity of institutions with financial interests | (347,820) |
| | **Total Tier 1 Capital** | **9,273,351** |

- **Tier 2 capital and a breakdown of its components:**

Rs.. In "000"

| | Particulars | Amount |
|---|---|---|
| a | Cumulative and/or Redeemable preference Share | - |
| b | Subordinated Term Debt | 601,408 |
| c | Hybrid Capital Instruments | - |
| d | General Loan Loss Provision | 740,686 |
| e | Investment Adjustment Reserve | 10,683 |
| f | Assets Revaluation Reserve | |
| g | Exchange Equilisation Reserve | 31,126 |
| h | Other Reserves | 60,206 |
| | **Total Tier 2 Capital** | **1,444,109** |

**Subordinated Term Debts:**

1. At the Bank issued SBL Debenture 2075 in FY 2011/12 for Rs.400 million with face value Rs 1,000. As per NRB Directives, 80% of the subordinated term debt has been amortized till this year. Main features of Siddhartha Bank Limited Debenture 2075 are as follows:

- Maturity period: 7 Years.
- Interest rate: 11 % per annum.
- Interest Payment frequency: Half Yearly.
- Claim in case of liquidation: After depositors.
- Debenture Redemption Reserve shall be created to redeem the Bond at Maturity.
- The debenture can be pledged with other banks and financial institution.
- Listed with Nepal Stock Exchange

2. At the same, the bank issued SBL Debenture 2076 in FY 2012/13 for Rs. 303 million with face value of Rs.1000. As per NRB Directives, 60% of the subordinated term debt has been amortized till this Year. The salient features of SBL Debenture 2076 are as follows:

- Maturity period: 7 Years.
- Interest rate: 8% per annum.
- Interest Payment frequency: Half Yearly.
- Claim in case of liquidation: After depositors.
- Debenture Redemption Reserve shall be created to redeem the Bond at Maturity.
- The debenture can be pledged with other Banks and financial institution.
- Listed with Nepal Stock Exchange

3. At the same, the bank issued SBL Debenture 2078 in FY 2014/15 for Rs. 500 million with face value of Rs.1000. As per NRB Directives, 20% of the subordinated term debt has been amortized till this year The salient features of SBL Debenture 2078 are as follows:

- Maturity period: 7 Years.
- Interest rate: 7.50% per annum.
- Interest Payment frequency: Half Yearly.

- Claim in case of liquidation: After depositors.
- Debenture Redemption Reserve shall be created to redeem the Bond at Maturity.
- The debenture can be pledged with other Banks and financial institution.
- Listed with Nepal Stock Exchange

**Deductions from Capital:**

The Bank has investments of Rs.32.82 million in the equity shares of Siddhartha Insurance Limited, Rs. 51 million in Siddhartha Capital and Rs. 264 million in Reliance Life Insurance Ltd, which has been deducted from the core capital while computing capital adequacy.

- **Total Qualifying Capital:**

(Rs. In "000")

| Particulars | Amount |
|---|---|
| Core Capital | 9,273,351 |
| Supplementary Capital | 1,444,109 |
| **Total Capital Fund** | **10,717,460** |

2. - **Risk weighted exposures for Credit Risk, Market Risk and Operational Risk:**

(Rs. In "000")

| Particulars | Amount |
|---|---|
| Risk Weighted Exposure for Credit Risk | 76,538,843 |
| Risk Weighted Exposure for Operational Risk | 3,221,850 |
| Risk Weighted Exposure for Market Risk | 132,898 |
| **Adjustments under Pillar II:** | |
| Add: 4% of Gross income of last FY due to supervisor is not satisfied with sound practice of management of operational risk (6.4 a 7) | 1,057,544 |
| Add: 4% of the total RWE due to inadequate risk management policies and procedures of the Bank (6.4 a 9) | 3,195,744 |
| **Total Risk Weighted Exposure (After Pillar II Adjustment)** | **84,146,878** |

- **Risk Weighted Exposures under different categories of Credit Risk:**

(Rs. In "000")

| S. No. | Categories | Risk Weighted Exposure |
|---|---|---|
| 1 | Claims on Government & Central Bank | |
| 2 | Claims on Other Financial Entities | - |
| 3 | Claims on Domestic Banks that meet CAR | 130,789 |
| 4 | Claims on Domestic banks that do not meet CAR | - |
| 5 | Claims on Foreign Banks (ECA 0-1) | 120,231 |
| 6 | Claims on foreign bank ( ECA 2) | 685,151 |
| 7 | Claims on foreign bank ( ECA Rating 3-6) | - |
| 8 | Claims on foreign bank incorporated in SAARC region operating with a buffer of 1% above their respective regulatory capital requirement | 34,285 |
| 9 | Claims on Domestic Corporates | 34,596,603 |
| 10 | Claim on Foreign Corporates (ECA 0-1) | 873 |
| 11 | Claim on Foreign Corporates (ECA 7) | 13,994 |
| 12 | Claims on Regulatory Retail Portfolio (Not Overdue) | 12,203,924 |
| 13 | Claims secured by residential properties | 1,323,057 |
| 14 | Claims secured by residential properties( overdue) | 30,215 |
| 15 | Claims Secured by Commercial Real Estate | 1,669,044 |
| 16 | Past due claims(except for claim secured by residential properties) | 556,634 |
| 17 | High Risk Claims | 16,332,205 |
| 18 | Investments in equity and other capital instruments of institutions listed in the stock exchange | 649,430 |
| 19 | Investment in Equity of Institution not listed in the Stock Exchange | 112,939 |
| 20 | Staff Loan secured by residental property | 388,567 |
| 21 | Cash In transit and other cahs items in the process of collection | - |
| 22 | Other Assets | 1,140,381 |
| 23 | Off Balance Sheet Items | 6,550,521 |
| | **Total** | **76,538,843** |

- **Total Risk Weighted Exposure calculation table:**

(Rs. In "000")

| Particulars | Amount |
|---|---|
| Total Risk Weighted Exposures | 84,146,878 |
| Total Core Capital Fund | 9,273,351 |
| Total Capital Fund | 10,717,460 |
| Total Core Capital to Total Risk Weighted Exposures % | 11.02 |
| **Total capital to Total Risk Weighted Exposures %** | **12.74** |

- **Amount of Non performing Assets (both Gross and Net)**

(Rs. In "000")

| Particulars | Amount | Loan Loss Provision | Net NPL |
|---|---|---|---|
| Restructured/Rescheduled | - | - | - |
| Sub-Standard | 369,231 | 92,308 | 276,923 |
| Doubtfull | 162,860 | 81,430 | 81,430 |
| Loss | 339,519 | 339,519 | - |
| **Total** | **871,610** | **513,256** | **358,353** |

- **NPA Ratios**

| Particulars | in % |
|---|---|
| Gross NPA to Gross Advances | 1.30 |
| Net NPA to Net Advances | 0.54 |

- **Movement in Non Performing Assets**

(Rs. In "000")

| Particulars | This Year | Previous Year | Change (%) |
|---|---|---|---|
| Non-Performing Assets | 870,713 | 828,957 | 5.04 |

- **Written Off Loans and Interest Suspense**

Rs. In "000"

| Particulars | Amount |
|---|---|
| Loan Written Off | 73,469 |
| Interest Suspense | 231,644 |

- **Movements in Loan Loss Provision and Interest Suspense:**

(Rs. In "000")

| Particulars | This Year | Previous Year | Change (%) |
|---|---|---|---|
| Loan Loss Provision | 1,276,916 | 1,156,824 | 10.38 |
| Interest Suspense | 231,644 | 268,632 | (13.77) |

- **Details of Additional Loan Loss Provisions:**

(Rs. In "000")

| Particulars | This Quarter |
|---|---|
| Pass | 142,846 |
| Restructured/Rescheduled | (7,146) |
| Sub-Standard | 43,792 |
| Doubtfull | (15,949) |
| Loss | (43,450) |
| **Total** | **120,093** |

- **Segregation of Investment Portfolio:**

(Rs. In "000")

| Particulars | This Quarter |
|---|---|
| Held for Trading | 40,585 |
| Held to Maturity | 446,167 |
| Available for Sale | 609,465 |
| **Total Investment** | **1,096,217** |

3. **Risk Management Function:**

Siddhartha Bank has specific internal review mechanism to assess its position regarding each separate risk area including Credit Risk, Market Risk and Operational Risk.

**Credit Risk**

The Bank has its own Credit Policy Guidelines to handle the Credit Risk Management philosophy that involves a continual measurement of probability of default/loss; identification of possible risks and mitigations. The provisions of Capital Adequacy Framework -2015 are complied in line to line basis to overcome the Credit Risk. In order to manage and eliminate the credit risk, the Bank has a practice of maintaining the best quality assets in its book. The Bank's Credit Policy elaborates detailed procedures for proper risk management. The Bank has delegated credit approval limits to various officials to approve and sanction various amount of credit request based on their individual expertise and risk judgement capability.

As a check and balance mechanism, each credit case requires dual approval. Regular monitoring of the credit portfolio ensures that the Bank does not run the risk of concentration of portfolio in a particular business sector or a single borrower. Similarly the Bank also exercises controlled investment policy with adequately equipped resource looking after the investment decisions.

To cap these all, the Bank has a strong Credit Committee in place comprising of various Directors from the Board of the Bank which reviews all credit proposals beyond a specified amount

Types of eligible credit risk mitigants used and the benefits availed under CRM.

| Particulars | Eligible CRM( Rs 000) |
|---|---|
| Deposit with Bank | 540,667 |
| Deposit with Other Bank/FI | - |
| **Total** | **540,667** |

**Market Risk**

Bank risk management committee has approved the market risk policy of the Bank. As for the monitoring of market and liquidity risk, the Bank has an active Assets and Liability Management Committee (ALCO) in place which meets regularly and takes stock of the Bank's assets and liability position and profile of assets & liabilities, monitors risks arising from changes in exchange rates in foreign currencies. All foreign exchange positions are managed by treasury consisting of front office dealers with specific dealing limits and an independent back office. The back office executes the deals made by the dealers and also monitors the liquidity position of the Bank. For the purpose of proper check and control, the front dealing room of treasury and the back office have different reporting line.

**Operational Risk**

As a part of monitoring operational risks, the Bank has devised operational manuals for various Banking functions, which are reviewed and modified time to time as per the changing business context.

The Bank has adopted dual control mechanism in its all operational activities where each and every financial and non financial transaction is subject to approval from an authority higher than the transaction initiator. Regular review meetings are conducted to assess the adequacy of risk monitoring mechanism and required changes are made as and when felt necessary. Independent reconciliation unit is established to conduct daily reconciliation of all Nostro/agency accounts, Inter-Branch and Inter-Department account under direct supervision of Manager Finance & Treasury, Head Office. The Bank has independent internal audit, which reports to the Audit Committee of the Bank. The Audit Committee meets frequently and reviews the business process and financial position of the Bank. In order to have better focus on managing operational risks across branches and to monitor them from Head Office level, the Bank has separate Branch Operation and Control & Compliance Department at Head Office. The Bank has strong MIS in place to monitor the regular operational activities.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची १५ बमोजिमको विवरणहरु

१. **सञ्चालक समितिको प्रतिवेदन** : माथि समावेश गरिएको ।

२. **लेखापरीक्षणको प्रतिवेदन** : प्रस्तुत प्रतिवेदनको सम्बन्धित शीर्षकमा उल्लेख गरिएको ।

३. **लेखापरीक्षण गरिएको आर्थिक विवरण** : वासलात, नाफा नोक्सान, नगद प्रवाह विवरण तथा सम्वद्ध अनुसूचीहरु प्रस्तुत प्रतिवेदनको सम्बन्धित शीर्षकमा उल्लेख गरिएको ।

४. **कानूनी कारवाही सम्वन्धी विवरण**

(क) गत आ.व.को अन्तिम त्रैमासिक अवधिमा बैंकले तथा बैंकका विरुद्धमा सामान्य व्यावसायिक कारोवार सम्बन्धी मुद्धा बाहेक अन्य मुद्धा नरहेको ।

(ख) बैंकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा मुद्धा दायर भएको कुनै जानकारी प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्धा दायर भएको कुनै जानकारी प्राप्त नभएको ।

५. **संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण**

(क) धितोपत्र वजार संगठित संस्थाको शेयर कारोवारका सम्बन्धमा व्यवस्थापनको धारणा ।

शेयर कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने भएकाले यस सम्बन्धमा व्यवस्थापनको धारणा तटस्थ रहेको ।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा कारोवार भएको शेयरको अधिकतम, न्यूनतम र अन्तिम शेयर मूल्य साथै कुल कारोबार शेयर संख्या र कारोवार भएको दिन सम्वन्धी जानकारी :

| **आश्विन मसान्त** | **पौष मसान्त** |
|---|---|
| अधिकतम मूल्य रु. १४४८ | अधिकतम मूल्य रु. ११०२ |
| न्यूनतम मूल्य रु.१,०६० | न्यूनतम मूल्य रु. ८५० |
| अन्तिम मूल्य रु. ११०० | अन्तिम मूल्य रु. ९९६ |
| कारोवार संख्या २२,००,५१६ शेयर | कारोवार संख्या १३,९३,३७३ शेयर |
| कारोवार दिन ५० | कारोवार दिन ५० |
| **चैत्र मसान्त** | **आषाढ मसान्त** |
| अधिकतम मूल्य रु. ९६५ | अधिकतम मूल्य रु. ८०० |
| न्यूनतम मूल्य रु. ५२० | न्यूनतम मूल्य रु. ४५४ |
| अन्तिम मूल्य रु. ७७५ | अन्तिम मूल्य रु. ४८५ |
| कारोवार संख्या ९,४९,२४१ शेयर | कारोवार संख्या १६,२०,२६० शेयर |
| कारोवार दिन ५० | कारोवार दिन ५७ |

६. **समस्या र चूनौती**

क. आन्तरिक समस्या तथा चुनौती

- बढ्दो प्रतिस्पर्धाका कारण दक्ष जनशक्तिको अभाव तथा बैंकका विद्यमान जनशक्तिलाई समेत retain गर्ने चुनौती ।
- दक्ष जनशक्तिको विकास गर्नु तथा उत्प्रेरित गर्नु ।
- बढ्दो सञ्चालन लागत तथा घट्दो ब्याजदर अन्तर ।

ख. बाह्य समस्या तथा चुनौती

- छोटो छोटो समयमा तरलतामा देखिने आकस्मिक उतारचढाव ।
- बैकिङ्ग क्षेत्रमा देखिएको तीव्र प्रतिष्पर्धा ।
- लगानीका सीमित अवसरहरु ।
- राजनीतिक स्थायित्व कायम भई नसक्नु ।

७. **संस्थागत सुशासन**

प्रस्तुत प्रतिवेदनको सम्बन्धित शीर्षकमा उल्लेख गरिएको ।

## कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमका अतिरिक्त विवरण

**(क) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया**

यस सम्बन्धी विवरण लेखा सम्बन्धी टिप्पणीमा उल्लेख गरिएको छ ।

**(ख) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम**

नेपाल राष्ट्र बैंकको स्वीकृति पश्चात आ.व २०७३/७४ को बैंकको मुनाफा तथा संचित रकम समेतबाट बैंकका शेयरधनीहरुलाई बैंकको हालको चुक्ता पूँजी रु. ६,८२,६१,१७,१५५/- को १४ प्रतिशत अर्थात रु. ९५,५६,५६,४०२/- (पन्चानब्बे करोड छपन्न लाख छपन्न हजार चार सय दुई रुपैया) बराबरको बोनस सेयर प्रदान गर्न सफारिस गरिएको छ ।

**(ग) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण**

बैंकले हालसम्म कुनै शेयर जफत गरेको छैन ।

**(घ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**

यस सम्बन्धमा माथी प्रतिवेदनमा विस्तृतरुपमा छुट्टै उल्लेख गरिएको छ ।

**(ङ) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**

समीक्षा वर्षमा बैंकले नियमित बैंकिङ्ग कारोबारहरु गरिरहेको छ । त्यस्तै बैंकको सहायक कम्पनीले समेत आफ्नो व्यवसायको प्रकृति अनुरुप नै नियमित कारोबारहरु गर्दै आएको छ । समीक्षा अवधिमा कुनै महत्वपुर्ण परिवर्तन नभएको ।

**(च) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी**

विगत आर्थिक वर्षमा कुनै यस्तो जानकारी बैंकलाई प्राप्त भएको छैन ।

**(छ) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

विगत आर्थिक वर्षमा यस्तो जानकारी बैंकलाई प्राप्त भएको छैन ।

**(ज) विगत आर्थिक वर्षमा कम्पनीसाग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा**

विगत आर्थिक वर्षमा यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

**(झ) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम**

बैंकले हालसम्म आफ्नो शेयर आफैं खरिद गरेको छैन ।

**(ञ) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण**

यस सम्बन्धमा माथि प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**(ट) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण**

यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन र प्रचलित कानूनको प्रावधान अनुरुप सञ्चालक समितिले गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा लेखापरीक्षण समिति (Audit Committee) को गठन गरेको छ । यस समितिको मुख्य उद्देश्य बैंकको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, लेखापरीक्षण प्रकृयाको मूल्याङ्कन, आर्थिक प्रतिवेदनको र आर्थिक विवरण सम्प्रेषणको सुपरिवेक्षण गरी बैंकको आर्थिक विवरणहरु सही र पर्याप्त रहेको, बैंकका सम्पूर्ण विभागहरुले आन्तरिक प्रकृया, नीति नियमहरुको परिपालना गरे/नगरेको बारे सुनिश्चित गर्ने रहेको छ । यसका अतिरीक्त समितिले वाह्य लेखापरीक्षण प्रतिवेदनको पनि समीक्षा गरी सञ्चालक समितिलाई सुधारका लागि प्रस्ताव पेश गर्ने गरेको छ । आ.व. २०७३/०७४ मा समितिको जम्मा ११ वटा बैठक बसेको थियो जसको विवरण निम्न अनुसार रहेको छ :

| सदस्यहरु | उपस्थीति रहेको बैठक संख्या | बैठक भत्ता रु. |
|---|---|---|
| तत्कालीन सञ्चालक श्री हेमन्त ज्ञवाली, संयोजक | ९ | ८०,०००/- |
| सञ्चालक श्री दिनेश शंकर पालिखे, संयोजक | २ | २०,०००/- |
| सञ्चालक श्री नरेन्द्र कुमार अग्रवाल, सदस्य | १० | ९०,०००/- |
| तत्कालीन सञ्चालक श्री महेश प्रसाद पोखरेल, सदस्य | ७ | ६०,०००/- |
| सञ्चालक श्री भगत विष्ट, सदस्य | ३ | ३०,०००/- |
| श्री अनिन्द्र राज आचार्य– तत्कालीन आन्तरिक लेखापरीक्षण विभाग प्रमुख, सदस्य सचिव | ८ | – |
| श्री सुजित पोखरेल – प्रमुख आन्तरिक लेखापरीक्षण विभाग प्रमुख, सदस्य सचिव | ३ | – |

(ठ) **विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण**

आर्थिक वर्ष २०७३/७४ को कर्मचारी खर्च रु.५९,०३,२४,६५०/- र कार्यालय संचालन खर्च रु. ५९,८०,५९,६४७/- गरी कुल व्यवस्थापन खर्च रु. १,१८,८३,८४,२९७/- रहेको छ ।

(ड) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाकी भए सो कुरा**

नभएको

(ढ) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

